www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४४ | असोज २०७२



अहिंसात्मक सामाजिक आन्दोलन

दिगो कृषि विकासमा भूमि व्यवस्थापन

गाउँब्लक जग्गा दर्ता अभियान

## मोही लागेको जग्गा बाँडफाँट गरौं

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४४ | असोज २०७३

मोही लागेको जग्गा बाँडफाँट गरौं ...४
अहिंसात्मक सामाजिक आन्दोलन...५
दिगो कृषि विकासमा भूमि व्यवस्थापन...१०
एसियाली किसान सङ्गठन अध्यक्ष...१३
अभियानका लागि अगुवा र कोष...१४
गाउँब्लक जग्गा दर्ता अभियान...१५
सयुक्त पुर्जा अभियानका लागि सञ्जालीकरण...१७
पुनर्निर्माण अवसर र चुनौती...१८
भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, पारित मिति १७ जेठ, २०७३...२०
मोही जग्गा बाँडफाँट गरौं...२५
मानव अधिकार र भूमि ...२६
माटो-बहसको एक झलक...३१
धनसरी कामीको तीज...३२
नमुना गाउँ : केराबारी गाँउ मञ्चको प्रयास...३३









CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**कभर फोटो** : विमल थापा
नवलपरासी, दाउन्नेदेवी गाविस वडा नं.२ केराबारीमा गाउँ मञ्चले गरेको सामूहिक खेती ।

# मोही लागेको जग्गा बाँडफाँट गरौं

भूमिको महत्व सबैलाई थाहा छ। यसमा लम्बेतान बहस र छलफल गरिरहनुको धेरै अर्थ छैन। आधारभूत आवश्यकताका धेरै पक्षहरू भूमिसँग गाँसिएका छन्। कृषि कर्ममा बाँचिरहेका नागरिकको लागि त भूमिको महत्व अझ बढी छ। भूमिलाई जीविकासँग मात्र गाँसेर हेर्नु सर्वथा अपुरो हुनेछ। यसका सांस्कृतिक, सामाजिक, राजनीतिक र वातावरणीय मुल्यलाई पनि उत्तिकै हेर्नुपर्ने हुन्छ। हामीले यो पनि स्वीकारेका छौं की भूमिको वितरण न्यायिक छैन। उत्पादकत्व बढाउने दृष्टिकोणले पनि वैज्ञानिक छैन। त्यसैले भूमि सुधारको विषय दशकौंदेखि बहसमा छ। तर भूमि सुधार हुन सकेको छैन।


यसैबीचमा केही सामान्य सुधारहरू हुने क्रममा छन्। तिनलाई पनि भूमि अधिकारबाट वञ्चितहरूले अवसरको रूपमा लिई सही उपयोग गर्न सक्नुपर्दछ। मोही लागेको जग्गा बाँडफाँट गर्नको लागि निवेदन दिन र बाँडफाँटका लागि परेका निवेदनको छिनोफानो गर्ने सम्बन्धमा नेपाल सरकारले २०७३ भदौ ६ गते राजपत्रमा सूचना प्रकाशन गरेको छ। तसर्थ सबै मोहीले निवेदन दिई आफ्नो भागको जग्गा लिने र सम्भव भएसम्म आधा जग्गा पनि खरिद गर्ने अवसर गुमाउनु हुँदैन। मोहीले जग्गा नै

लिनुपर्छ। रकम लिएर मिलापत्र गर्ने कार्यले मोहीलाई फाइदा हुँदैन। यसको लागि मोही समस्या भएको जिल्लाका भूमि अधिकार मञ्च, अगुवा र स्वयम् मोही किसानहरू चनाखो भई अघि बढ्नु जरुरी छ। फेरी पनि मोही समस्या बाँकी रहन दिन हुन्न, यो समस्या खाली मोही किसानको मात्र नभई भूमि आन्दोलनको नै प्राथामिकतामा राखी आएको अवसरलाई मोहीको हितमा उपयोग गर्नुपर्दछ।

नेपाल सरकारले भूकम्प प्रभावित व्यक्तिहरूको जग्गा दर्ता गर्ने कार्यविधि २०७२ लागू गरिसकेको छ। यो अनुसार प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति बनी सुकुमबासीलाई घडेरीको लागि जमिन उपलब्ध गराउने, दर्ता नभएका विभिन्न प्रकृतिका जग्गा दर्ता गर्ने, पुनर्स्थापना गराउनुपर्ने परिवारलाई जग्गा उपलब्ध गराउने आदि अख्तियारी पाएको छ। समितिलाई सक्रिय बनाई जग्गा दर्ता प्रक्रिया छिट्टो सुरु गर्न लगाई आफ्नो जग्गा नभई वा भएर पनि लालपुर्जा नभएकाहरूलाई घर निर्माणको लागि सहयोग गर्नु हाम्रा पहिलो दायित्व हुन आउँछ। भूकम्प प्रभावित क्षेत्रमा रहेको जिल्ला भूमि अधिकार मञ्चहरूले यो कार्यलाई गम्भीरतापूर्वक लिनु आवश्यक छ। र अगुवाहरू यस कार्यमा सक्रियतापूर्वक खट्नु जरुरी छ। यसरी जग्गा प्राप्त गरेकाले मात्र घर बनाउन सरकारी अनुदान प्राप्त गर्ने हुँदा हामीले यो प्रक्रियामा सहजीकरण गर्न आवश्यक छ।

यस्तै सरकारले भू-उपयोग ऐन बनाउँदैछ। प्राप्त सूचनाअनुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयले ऐनको मस्यौदा तयार गरी कानुन मन्त्रालयमा पेश गरेको छ। यो ऐन नितान्त भूमिको वर्गिकरणमा मात्र सिमित गराइयो भने फेरी पनि खोजेको उद्देश्य पुरा हुँदैन। यसले हाल देखिएका बसोबास र जग्गा दर्ताका समस्यालाई पनि सम्बोधन गर्नुपर्दछ। उपयोग विहीन रहेका जमिनहरूलाई कसरी सही उपयोगमा ल्याउने भन्ने विषयको निकास दिनुपर्दछ। उपयोगमा ल्याउन सकिने जमिनको विकासमा लगानी गर्ने विषयमा पनि समेटिनुपर्दछ। यसलाई नितान्त प्राविधिक विषयमात्र बनाइन हुँदैन। यस विषयमा पनि सचेत नागरिकहरूको सार्थक पहलको खाँचो छ। ✿





**राजगोपाल पीभी**
*संयोजक, एकता परिषद्*

# अहिंसात्मक सामाजिक आन्दोलन

भारतमा सन् २०१६ मा अम्बेडकर र विनोभा भावेको १२५ औं सम्फना वर्ष मनाइदैं छ। विनोभा भावे भूमि अधिकार अभियानको सुरुवातकर्ता हुन्। उनले सन् १९५० देखि १९६० को दशकमा भूमि प्राप्तिका लागि देशव्यापी यात्रा गरेका थिए। त्यो पैदल यात्रा थियो। यस यात्रामा उनले ४२ हजार एकड जमिन दान लिए। जसलाई भू-दान अभियान भनिएको थियो।

समाजमा व्याप्त गरिबी, असमानताको विरुद्ध अम्बेडकर जिन्दगी भर लडे। त्यो खालको गरिबी र असमानता अफै पनि छ। १२५ वर्ष अगाडिदेखि उठेका मुद्दा सम्बोधन नहुनुमा हामी कहाँ चुक्यौ ? विनोभा भावेले भनेका थिए, आकास, हावा, प्रकाश, वर्षा सबैको साफा हो। जमिन किन साफा नहुने ? यो प्रकृतिका देन हो। यसलाई केही मानिसले मात्र कसरी हडप्न सक्छन् ? यसमा त सबैको समान हक हुनुपर्छ। हामीहरूले ऐतिहासिक पात्रलाई सम्फँदा फूलमाला चढाउने, अगरबत्ती बाल्ने काम राम्रैसँग गर्छौं। तर उसको आचरण स्वीकार गर्न सक्दैनौं। आदर्श, मुल्य, मान्यता बोकेर आफूलाई बदल्ने काम गर्दैनौं। उनका दिब्य दर्शनका बारेमा हामी चर्चा गर्दैनौं। यहिँनेर गडबड छ।

सन् २०१७ माहात्मा गान्धीको चम्पारण यात्राको १०० औं वर्ष हो। उनले किसानलाई मुक्ति दिलाउन चम्पारणसम्म पैदल यात्रा गरेका थिए। त्यो बेलादेखि अहिलेसम्म यात्रा भइरहेका छन्। तर समाजमा बदलाव आएको छैन। आज पनि किसानहरू गरिबी, शोषणको मार खेप्न नसकी आत्महत्या गर्न बाध्य छन्। भारतमा वर्षेनी १७ हजार किसानले आत्महत्या गर्छन्। हाम्रो खानामा विष छ। समाजमा गरिबी, शोषण, अन्याय अफै छ।

सन् २०१८ मार्टिन लुथर किङमाथिको शारिरीक हमलाको ५० औं वर्ष हो। उनले शोषण, दमनबाट मुक्ति सम्भव छ, यसमा हामी सफल हुन्छौं भनेका थिए।

**भारत स्वतन्त्र भएपछि बनेको संविधानमा टिप्पणी गर्दै अम्बेडकरले भनेका थिए, यस संविधानले हामीलाई भोट गर्ने अधिकार दिएको छ तर बाँच्ने अधिकार दिएको छैन। जबसम्म भूमिहीन तथा किसानहरूले जमिन प्राप्त गर्न सक्दैनन् तवसम्म हामीले बाँच्ने अधिकार पाएको भन्न मिल्दैन।**

हामी हिंसात्मक आर्थिक मोडलको मारमा छौं। यसबाट छुटकारा पाउन भाषणबाजीले पुग्दैन। अहिंसात्मक अर्थव्यवस्थालाई अपनाएर अगाडि बढ्नुपर्छ। अहिंसात्मक अर्थ ब्यवस्था भनेको के हो ? यसको प्रवर्द्धन कसरी गर्ने ? सन् २०१८ मै अहिंसात्मक आर्थिक मोडलसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना हुँदैछ।

सन् २०१९ मा दिल्लीदेखि जेनेभासम्म पैदल यात्रा हुनेछ। ८ हजार ४ सय किलोमिटर लामो यात्रा सम्पन्न गर्न १५ महिना लाग्नेछ। दिल्लीस्थित माहात्मा गान्धीको समाधिस्थल राजघाटबाट यात्रा सुरु हुनेछ। यसमा विश्वका १५० जना अभियन्ता हिड्नेछन्। यात्रा अवधिमा अहिंसात्मक अर्थ ब्यवस्थाको विषयमा विश्व बैंक, संयुक्त राष्ट्र संघ जस्ता विश्वव्यापी संघ संस्थासँग पनि छलफल हुनेछ। नाफा र वृद्धिका कुरा मात्र गर्ने गरिबी र न्यायबारे नबोल्ने संघ संस्थालाई अहिंसात्मक अर्थ व्यवस्थाबारे सोच्न र बोल्न आह्वान गर्नेछौं। हामी स्थानीय मुद्दालाई विश्वब्यापी बनाउँछौं। सानो कुरालाई महत्वका साथ उठाउँछौं। विकास तलबाट सुरु हुनुपर्छ भन्ने कुरालाई बहसमा ल्याउँछौं। त्यसैले यो अवधि हाम्रो लागि निकै महत्वपूर्ण छ।

भारत स्वतन्त्र भएपछि बनेको संविधानमा टिप्पणी गर्दै अम्बेडकरले भनेका थिए, यस संविधानले हामीलाई भोट गर्ने अधिकार दिएको छ तर बाँच्ने अधिकार दिएको छैन। जबसम्म भूमिहीन तथा किसानहरूले जमिन प्राप्त गर्न सक्दैनन् तवसम्म हामीले बाँच्ने अधिकार पाएको भन्न मिल्दैन। यो नै संविधानको सिमितता हो। त्यस्तै अर्को महत्वपूर्ण भनाई पनि उनले राखेका थिए, जब विदेशीहरूले हामीमाथि शोषण र शासन गरे, त्यतिबेला माहात्मा गान्धीले उनीहरूका विरुद्ध लडन सिकाए। जब आफ्नैहरूबाट शोषित हुनेछौं, त्यसबेला आफ्नैहरूसँग कसरी लड्ने भन्ने सिकाउन गान्धी हामीमाफ हुने छैनन्। युद्ध, कुटपीट प्रत्यक्ष हिंसा हो। शोषण, अत्याचार, दमन, गरिबी अप्रत्यक्ष हिंसा

हो । प्रत्यक्ष हिंसालाई हामी देख्छौं र खुलेर विरोध गर्छौं । तर अप्रत्यक्ष हिंसामा हामी कम बोल्छौं । जबसम्म अप्रत्यक्ष हिंसा विरुद्ध बोल्दैनौ, तबसम्म दुनियामा हिंसा कम हुनेछैन । अप्रत्यक्ष हिंसाको अन्त्य नगरी प्रत्यक्ष हिंसा रोकिँदैन । पानी फोहर छ भने लामखुट्टे जन्मिनु स्वभाविक हो । त्यसैले लामखुट्टे मार्नुभन्दा पनि पानी सफा गर्नु जरुरी छ । हामी हिंसाको जालबाट बाहिर निस्कन चाहन्छौं भने अप्रत्यक्ष हिंसा विरुद्ध लड्न सक्रिय हुनुपर्छ । सक्रिय नभई हामी अहिंसाको औजारलाई तिखार्न सक्दैनौं । र हिंसा पनि अन्त्य हुँदैन । शान्तिको रटानले मात्र हुँदैन । शान्तिको लागि हुनुपर्ने कुरा न्याय हो । समाजमा न्याय स्थापना गर्न सक्रिय अहिंसाको बाटो लिनुपर्छ ।

विकास सम्बन्धमा पनि गलत धारणा छ । विकास भनेको भौतिक अवस्थामा आउने परिवर्तन अथवा नयाँ बन्ने संरचनाहरूलाई बुझिन्छ । सडक, भवन, बजारलाई हामी विकास भन्छौं । अवस्थाको विश्लेषण गर्ने हो भने हामी केवल बाहिरी विकासमा मात्र ध्यान दिइरहेका छौं । हामीले मान्छेको मानसिक परिवर्तन, भावनात्मक परिवर्तन, न्याय प्रक्रियामा परिवर्तन खोज्दैनौं भने बाहिरी विकास पीडादायी हुन्छ । हामीसँग बहुतले भवनहरू छन् । अन्तर्राष्ट्रिय विमानस्थल छन् तर त्यो विकासभित्रै महिला हिंसा, जातपातको विभेद, छुवाछुत जस्ता कुरिती छन् भने त्यसलाई विकास भन्ने कि नभन्ने ? त्यसैले भौतिक संरचना, आधुनिकीकरणको प्रक्रियासँगै सामाजिक न्याय, अहिंसालाई सँगै लैजानुपर्छ ।

ल्यापटप, मोवाइल बोक्दैमा, राम्रो लुगा कपडा लगाउँदैमा आधुनिक भन्न सकिँदैन । बानी ब्यवहार नफेरी कपडा मात्र फेरेर कसरी आधुनिक भइन्छ ? अरूलाई दबाउने, शोषण गर्ने, ठूलो स्वरले बोल्ने २ सय वर्ष पुरानो ब्यवहारमा फरक नआई मान्छे आधुनिक हुन सक्दैन । अव आधुनिकताको नाटकलाई चुनौती दिने समय आएको छ । युद्धको सट्टा वार्ताबाट समाधान खोज्ने, बलको सट्टा बुद्धि प्रयोग गर्ने पद्धति हो आधुनिकता । आधुनिक र अहिंसावादीको शक्ति बन्दुक होइन विचार हो । गरिब कसलाई भन्ने ? गाउँमा जाँदा त्यहाँका मान्छेले घरमा बोलाउँछन् । खाना दिन्छन् । आदर, सम्मान गर्छन् । आफ्नो घरमा नभए पनि कतैबाट ल्याएर खुवाँउछन् । त्यस्तो मन भएका मान्छेलाई गरिब भन्छौं । जो न कसैलाई खाना खाए नखाएको सोध्छ । न केही सहयोग गर्छ । टेलिभिजन अगाडि बसेर हेर्न मात्र जान्दछ । नाच्न गाउनसमेत सक्दैन उसलाई धनी भन्छौं । पैसा भएको मान्छे धनी र नहुने मान्छे गरिब ठान्ने प्रबृतिमा पनि फेरबदल ल्याउनुपर्छ । अव सोच्ने बेला भयो, आखिरमा गरिब को हुन् ?

भारतमा ६० प्रतिशत मानिस कोकाकोला पिउँछन् । ५ वर्षमा थप ४० प्रतिशतमा ब्यापार पुऱ्याउने कम्पनीको लक्ष्य छ । ४० प्रतिशतले मोवाइल प्रयोग गर्दछन् । ५ वर्षमा थप ६० प्रतिशतमा पुऱ्याउने लक्ष्य मोवाइल कम्पनीको छ । सबभन्दा खतरा अहिले १० प्रतिशतसँग बन्दुक छ । २० वर्षमा ९० प्रतिशत थप मानिसलाई बन्दुक बेच्ने कम्पनीको लक्ष्य छ । अव विचार गरौं, हाम्रो आर्थिक मोडेल अर्थात विकासको अभ्यासले समाजलाई कस्तो ठाउँमा पुऱ्याउँदैछ ?

**अव नयाँ ढङ्गबाट सोच्ने बेला भइसक्यो । आगो निभाउन पानी नै चाहिन्छ भन्ने कुरा सिकाउनु जरूरी छ । यसबेला आगो निभाउन आगो चाहिन्छ भन्ने सिद्वान्त चलिरहेको छ । अर्थात हिंसा दबाउन अर्को हिंसा निम्त्याउने काम भइरहेको छ ।**

यसले मानिसलाई खेतीबाट जागिर वा मजदूरीतिर, गाउँबाट सहरतिर धकेलीरहेको छ । कलेजमा पढ्ने केटा-केटी आफूलाई किसानको छोरा-छोरी भन्न रुचाउँदैनन् । किसान हुनुलाई उनीहरू बेइज्जत ठान्छन् । जमिन बाँझो रहनु, बेच्नु पनि यसकै उपज हो । हामी गाउँमा बस्न मान्छेले केही जानेका हुँदैन भन्ने ठान्छौं । जबसम्म हामी आफ्ना बच्चाहरूलाई अहिंसा, खेती, जमिनको विषयमा सकारात्मक शिक्षा दिन सक्दैंनौं, तवसम्म न हिंसा रोकिन्छ । न न्याय हुन्छ । त्यसैले युवाहरूलाई अहिंसासम्बन्धी शिक्षा दिन जोड गरौं । उनीहरूलाई भ्रमबाट मुक्त गरौं ।

अर्कोतिर विकासको नाममा किसानलाई खेतीबाट विस्थापित गर्ने काम सरकारबाटै भइरहेको छ । उद्योग खोल्न किसानले कमाइरहेको जमिन कब्जा हुन्छ । उनीहरूलाई त्यही रोजगारी दिने कुरा गरी सुकुमबासी बनाइन्छ ।

अव नयाँ ढङ्गबाट सोच्ने बेला भइसक्यो । आगो निभाउन पानी नै चाहिन्छ भन्ने कुरा सिकाउनु जरुरी छ । यसबेला आगो निभाउन आगो चाहिन्छ भन्ने सिद्वान्त चलिरहेको छ । अर्थात हिंसा दबाउन अर्को हिंसा निम्त्याउने काम भइरहेको छ । यसले कुनै पनि समस्याको हल गर्दैन । हाम्रो काम सानो छैन । पाउलो फ्रेरेरले भन्नु भएको थियो, म शोषबाट मुक्ति चाहन्छु साथै शोषण गर्ने प्रबृतिबाट तपाईंलाई पनि मुक्ति दिलाउँछु । म गरिबबाट मुक्ति चाहन्छु, साथै पैसा जम्मा गर्ने प्रबृतिबाट तपाईंलाई पनि मुक्ति दिलाउँछु । यस प्रकारको आन्तरिक शक्ति निर्माण गरी युवाहरूलाई जागरुक गरायौं भने हामीले समाजमा हिंसा कम गराउन सक्छौं ।

अहिंसात्मक सोच र ब्यवहार सधैं, हर समय हुनुपर्छ । मान्छेले सोच्छन्, जब सबै चीज ठीक हुन्छ भने त्यतिबेला हिंसा गर्नु हुँदैन । त्यो त स्वतः हुने कुरा हो । खराव समयमा अहिंसात्मक हुनुपर्छ । अप्ठेरो पर्दा अरूमाथि हात उठाउने, चर्को बोल्ने, रिसाउने अहिंसावादी हुन सक्दैन । अहिंसात्मक सोच खराव समयलाई सकारात्मक तरिकाले सामना गर्ने औजार हो । अहिंसात्मक आन्दोलनमा चार खम्बा छन् । जसलाई हामी शक्तिको रूपमा चिन्छौं र उपयोग गर्छौं । पहिलो हो- समुदायको एकताको शक्ति, जसले हाम्रो सवाललाई बलियो बनाउँछ । एक आपसमा सहयोग आदान-प्रदान हुन्छ । हाम्रो यात्रालाई पलपलमा साथ दिन्छ । दोस्रो युवा शक्ति, जोसँग तागत छ । त्यो तागतलाई अन्तरिक शक्ति वा भावनामा




बदलेर परिचालन गर्न सकेमा यसले नयाँ परिवेश सिर्जना गर्छ। तेस्रो क्रोधको शक्ति, यसले समस्यालाई सवाल बनाउँछ। बहसमा ल्याउँछ। आवेग नभई नयाँ कुराको सिर्जना हुँदैन। फरक यति हो कि, क्रोधलाई अहिंसात्मक सिद्धान्तका माध्यमबाट योजना, ज्ञानमा बदल्नुपर्छ।

क्रोध भनेको तत्व हो। यसले शक्ति पैदा गर्छ। त्यसको सही उपयोगले समाज बदल्न सकिन्छ। चौथो अहिंसाको शक्ति, हामी सबै शक्तिलाई अहिंसात्मक तरिकाबाट ऊर्जामा बदल्छौं। यसले नैतिकरूपमा सरकारलाई हाम्रा कुरा सुन्न बाध्य बनाउँछ। त्यसकारण सामाजिक आन्दोलनमा यी चार शक्तिको सही पहिचान र उपयोग पनि महत्वपूर्ण छ।

अहिंसात्मक शैलीलाई शिक्षामा जोड्नुपर्छ। स्वस्थ्य, कृषि, अर्थशास्त्र, पत्रकारिता, कानुन, सबै विषयमा अहिंसाको कुरा समावेश हुनुपर्छ। यसमा विश्वविद्यालयहरूले पहल गर्नुपर्छ। अन्यथा शिक्षित मान्छेकै माध्यमबाट नै हिंसा हुनेछ। शिक्षितबाट शिक्षित नै ठगी, शोषणमा पर्नेछन्। अहिलेसम्मको शिक्षाले ठग्न, पैसा कमाउन, झुटो बोल्न, झगडा गराउन सिकाएको छ। सम्मानजनक पेशाबाटै हिंसा भइरहेको छ।

अहिंसा शिक्षाको एक भाग हो। हामी छोरा-छोरीलाई आफ्नो कक्षामा सधैं पहिलो हुन प्रेरित गर्छौं। के मा पहिलो हुने कुरा गर्दैनौं। ज्ञानमा, अनुशासनमा, मिहेनतमा पहिलो हुनुपर्छ भन्ने हाम्रो विश्वास हो। तर भ्रष्टाचार, कुरितीमा पनि पहिलो हुन गयौं। त्यसैले हिंसात्मक शैली मिसिएको शिक्षा प्रणालीमा पनि फेरबदल ल्याउनुपर्छ। यसबाट हामी शान्तिपूर्ण संसार निर्माण गर्न सक्छौं।

अहिंसात्मक शिक्षाले मान्छेलाई खराब ब्यवहार गर्नबाट रोक्छ। नेदरल्यान्डमा जेल खाली छन्। अर्को रोचक कुरा नर्वे सरकारले पत्रकारलाई बोलाई नकारात्मक समाचार बन्द गर्न भन्यो पत्रकारले त्यसलाई स्वीकार गरी सकारात्मक समाचार मात्र लेख्न थाले। यसले युवाहरूमा राम्रो प्रभाव परेको छ। सकारात्मक प्रचारले अपराध घटेपछि जेलहरू सुधार केन्द्रमा परिणत भएका छन्। जेल सजाय दिनका लागि होइन, सुधार्नको लागि हो भन्ने प्रचारको कारण अपराधका घटनामा ५० प्रतिशत कमी आएको छ। त्यसैले अहिंसात्मक शैलीको अभ्यास गर्नु सामाजिक अभियन्ताको मात्र काम होइन। राज्य तथा विश्वको नै काम हो। सञ्चार माध्यम, शैक्षिक संस्थाहरूको प्रयासले अझ बढी प्रभाव पर्न सक्छ।

अहिंसात्मक शैली त्यति सजिलो विषय होइन। हाम्रा संस्कृती, धार्मिक शास्त्रहरू पनि हिंसामा आधारित छन्। महाभारतको कथामा श्री कृष्णले समस्या समाधान गर्न हिंसाकै बाटो अपनाएका थिए। रामायण र अरू पौराणिक कथाहरू पनि मार-काटकै प्रसङ्गमा रचिएका छन्। शिक्षा, संस्कृति सबै हिंसामुखी हुनु नै सबैभन्दा ठूलो चुनौती हो। तथापि सामाजिक हितका लागि काम गर्ने मान्छे, संस्थाहरूले आफ्नो काम कसरी अहिंसात्मक बनाउने भन्ने सोच्नु जरुरी छ। अहिंसात्मक अवधारणालाई आत्मसात गरी काम गर्ने थोरै छौं। धेरैले परियोजनाको अवधारणामा आधारित भई काम गरेका छन्। परियोजनालाई अहिंसात्मक सामाजिक आन्दोलनसँग जोडेर लैजाने कुरा सोच्नु पर्‍यो। अहिलेसम्म स्रोत कसरी ल्याउन सकिन्छ, भन्नेमा बढी केन्द्रित भयौं।

मैले जे भने, ति ब्यवहारमा ल्याउन सजिलो छैन। तर अहिंसात्मक सिद्धान्त नअपनाई अव सुख छैन। हामीले सिक्छौं, त्यसलाई अभ्यासमा लैजानुपर्छ। आफ्नै ब्यवहारबाट नयाँ तरिकाको विकास गर्नुपर्छ। हामी भित्र पाँच इन्द्रिय (आँखा, नाक, कान, छाला, जिब्रो) छन्। तिनलाई नियन्त्रणमा राख्न सकिएन भने पञ्चभूत (अग्नी, वायु, जल, आकाश, माटो) समाप्त भएर जानेछन्।

हामी इन्द्रीयहरूलाई अहिले यति छुट दिइरहेका छौं कि, कहिले पनि पूरा नसकिने लोभ लालचमा हाम्रो मन गइरहेको छ। यसले एक दिन विनाश ल्याउँछ। हामी जल, जङ्गल, जमिन पनि बचाउन सक्दैनौं। सिक्ने र सिकाउने कुरा अति नै महत्वपूर्ण छ। दोस्रो कुरा, मैले सन् १९८० पछाडि दातृ निकायको नाम सुनेको हो। सन् १९९७ देखि उनीहरूसँग सहकार्य गरी काम थाले। त्यसअघि पनि महत्वपूर्ण काम गरिएको थियो, कसैको सहायता बिना। हिंसा त्याग्नका लागि डाँकुहरूसँग छलफल गर्‍यौं। ठूला ठूला आन्दोलनहरू भए। यति धेरै जना मानिसहरूको खानाको ब्यवस्था गरियो। वकिलहरूलाई साथ लिएर डाकुँहरू विरुद्ध मुद्दा लडियो। यसका लागि कुनै दातृ निकायको सहयोग थिएन। हाम्रो आफ्नै

नियम, शैली, स्रोत थियो ।

चाहने हो भने गर्न सकिने सम्भावना जहाँ पनि छन् । केही छैन भन्ने नै हुँदैन । जे छ, त्यहाँबाट सुरु गर्नुपर्छ । समाज त्यत्तिकै चलेको छैन । तर सन् १९९० पछि धेरै कुरामा दातृ निकायको भर पऱ्यौं । उनीहरूले नै नयाँ क्रान्ति ल्याउन भन्ने सोच छ । दातृ निकाय, प्रस्तावना लेखन भन्नेमा अलमलिएका छौं । त्यो सबै नराम्रो पनि होइन । तर अब जमाना बदलियो । कोष जुटाउनेहरू पनि चिन्तामा छन्, हाम्रो काम के ? सबै कुरामा दातृ निकायलाई केन्द्रबिन्दुमा राखेर हुँदैन । हामीभित्रको इच्छालाई केन्द्रमा राख्नुपर्छ । दातृ निकाय नहुँदा पनि समाज परिवर्तन भएकै हो । मानिस परिचालन भएकै हुन् । समाज परिवर्तनका लागि यो सोच्नु पऱ्यो कि, यो घर सफा गरे जस्तै नियमित काम हो । हामी घर सफा गर्न कसैको भर पर्दैनौं । सरसफाइमा बस्ने हाम्रो इच्छा हुन्छ, सफा गर्छौं । त्यसै गरी शान्तिपूर्ण, न्यायपूर्ण समाजमा बस्ने इच्छा हो भने अहिंसात्मक सामाजिक आन्दोलनमा पनि भित्री इच्छाबाटै काम गरौं ।

युवा समाजभित्र परिवर्तनको इच्छा जागृत गरौं । भुक्तानी कामदार (तलवी कार्यकर्ता) को सङ्ख्या बढाउनुभन्दा प्रतिबद्ध अगुवाको विकास गरौं । पाएको स्रोतको अधिकतम् सदूपयोग गरौं । यही नै अवको आवश्यकता हो ।

मैले पनि सोचेको थिएँ, बिना स्रोत कसरी आन्दोलन गर्न सकिन्छ ? तर कोशिस गरैं । नयाँ उपाय निकालैं । यदि आन्दोलनमा भाग लिने हो भने, आफ्नो लागि एक मुठी अनाज र एक रुपियाँ अनिवार्य बचत गर्ने । एक रुपियाँ राख्न नसक्ने यो दुनियामा कोही छैन होला । केन्द्रीकृत सहयोग सङ्कलनको जमाना छैन । अब विकेन्द्रीकृत सहयोग सङ्कलनको तरिकाबाट जानुपर्छ । कार्यक्रमको पहिलो संस्कार भनेको नै लाइनमा उभिने र एक रुपियाँ र एक मुठी अनाज राख्ने अभ्यास हो । यसले साच्चिकै काम गर्छ । त्यसैगरी एउटा पोष्टकार्ड आफ्नो प्रधानमन्त्रीको लागि । आफूले भन्न चाहेको कुरा लेखेर पठाई दिने । एक आन्दोलन, एक परिवारबाट एक व्यक्ति सहभागी । घरका सबै जना आउनुपर्छ भन्ने छैन । तर आउने मान्छेले एक दिनको लागि होइन एक महिनाका लागि आउनुपर्छ । यति गर्न सकिन्छ । मैले युवाहरूलाई भन्ने गर्छु, ९५ वर्ष आफ्नो लागि बाँच्ने । ५ वर्ष देश र समाजको लागि । हाम्रा मानिसहरूलाई फरक तरिकाले उत्प्रेरीत गर्नु जरुरी छ । समस्यालाई सम्भावनामा बदल्नुपर्छ । म गाउँमा जाँदा त्यहाँका मानिसहरूले पीडा सुनाउँछन् । खानेकुरा छैन । पानी टाढा छ । घर सानो छ । गर्मीमा काम गर्नुपर्छ । पैदल हिड्नुपर्छ । हामीले यदि उनीहरूलाई कुनै योजना लगेर दिने भने त्यहाँ मान्छे अल्छी र आशावादी हुन्छन् । त्यसकारण हामीले योजना दिन होइन, आशा जगाउने हो । उत्प्रेरणा दिने हो ।

**युवा समाजभित्र परिवर्तनको इच्छा जागृत गरौं । भुक्तानी कामदार (तलवी कार्यकर्ता) को सङ्ख्या बढाउनुभन्दा प्रतिबद्ध अगुवाको विकास गरौं । पाएको स्रोतको अधिकतम् सदूपयोग गरौं । यही नै अवको आवश्यकता हो ।**

गर्मीमा काम गर्नुपर्छ भन्दा मैले भन्ने गर्छु हामी गर्मीमा खटेर काम गर्न सक्ने क्षमता भएका मान्छे हौं । सुत्न ठाउँ छैन भन्नेलाई भन्छु, हामी सडकको पेटीमा पनि सुत्न सक्ने क्षमता राख्ने मान्छे हो ।

यो कुरा मैले कहींबाट सिकेको होइन । गाउँमा जाँदा जब समस्या ल्याए, त्यहीं सम्भावना देखाएँ । गरिबहरूले चाहेमा परिवर्तन अवश्य सम्भव छ । किनकी उनीहरू एक छाक खाएर पनि बस्न सक्छन् । गर्मीमा पनि हिड्न सक्छन् । सडक पेटीमा पनि सुत्न सक्छन् । पीडा र दुःख सहने आदत छ । यो नै उनीहरूको मुक्तिको औजार हो । मध्यम वर्गले यो गर्न सक्दैन । उसको मुक्ति पनि सम्भव छैन । मलाई गाउँलेहरूले नयाँ नयाँ सम्भावनाहरू सुनाउँछन् । त्यसकारण दातृ निकाय नै हाम्रो जीवनको सर्वोपरी होइन ।

भारतमा दलित आन्दोलन, कम्युनिष्ट आन्दोलन, गान्धीवादी आन्दोलन चलिरहेका छन् । धेरै प्रकारका आन्दोलनको फाइदा सरकारलाई छ । हामी सबै जना विभाजित भएकाले । मैले सन् २०११/१२ मा भारतभर १ वर्षे यात्रा गरैं । जसको आधारमा एउटा किताब पनि लेखैं । सबै आन्दोलनका नेतृत्व वर्गलाई भनेको छु, कोही अम्बेडकरलाई मान्छौं, कोही मार्क्सलाई मान्छौं, म गान्धीलाई मान्छु तर फरक के ? केही छैन । सबैको चाहना पिछडिएकाले न्याय पाउन् । यदि सबैले चाहेको यहि हो भने साझा धारणा बनाऔं । हिजाको कथा कहानी छोडेर आजको आवश्यकतालाई सम्बोधन गर्ने योजना बनाऔं ।

व्यक्तिगतरूपमा अहिंसाको अभ्यासलाई व्यवहारमा ल्याउन सकिन्छ । उदाहरणको लागि कोकाकोला हिंसाको प्रतिक हो । हामी नखान सक्छौं । खानेपानीको अभाव भइरहेको बेला जारको पानी उत्पादन गर्ने कम्पनीहरू करोडौं कमाइरहेका छन् । त्यस्तो पानी बहिस्कार गर्न सक्छौं । हामीले थाहा पाएको हिंसा सहदैंनौ भनी अहिंसाको प्रक्रियामा सक्दो मद्दत गर्न सक्छौं । मदिरापानलगायत हिंसासँग जोडिएका उत्पादनको विरोध गर्न सक्छौं । नकारात्मक मानिएका चीजलाई आफूले भोग नगर्ने हो भनेपनि अहिंसात्मक आन्दोलनमा ठूलो सहयोग पुग्छ ।

हामी जव सैद्धान्तिकरूपमा कमजोर हुन्छौं । तर्कले अरूलाई आकर्षित गर्न सक्दैनौं तव शारिरीक बल प्रयोग गरिन्छ । तार्किकरूपमा पराजित भएको मान्छे हिंसाउन्मूख हुन्छ । त्यसैले हामीले अव वार्ता, सम्वादबाट समस्या समाधान गर्ने बानी बसाल्नुपर्छ । बालबालिकाहरूलाई पनि त्यहि सिकाउनुपर्छ ।

हामी सबैको बुझाई आवश्यकता असिमित छन् । स्रोत सिमित छ । तर जाने त्यहि अवसर छन् । के खाने ? कस्तो लुगा लगाउने ? कत्रो घर बनाउने यो हामीले

निर्धारण गर्ने कुरा हो । त्यसैले यसलाई सिमित गर्न सकिन्छ । स्रोत प्रकृतिले बनाएको हो । त्यहाँ धेरै चीजहरू छन् । जसलाई हामी उपयोग गर्न सक्छौं । यसलाई ब्यवस्थित गर्ने हो भने आवश्यकता पूर्ती गर्न समस्या छैन ।

अहिंसात्मक सामाजिक आन्दोलनलेविश्वास र चेतनाको स्तरमा फरक ल्याउँछ । आवश्यकता र आपूर्तीलाई परिभाषित गर्छ । कामलाई विभिन्न चरणमा विभाजन गर्छ । प्रत्येक ब्यक्तिलाई जिम्मेवारको बोध गराउँछ । अहिंसात्मक र हिंसात्मक आन्दोलनको परिणामलाई मैले तुलना गरी हेरेको छु । अहिंसात्मक पद्दतीबाट प्रत्यक्ष हिंसा रोक्ने प्रयासबाट काम सुरु गरेको हो । भारतको यमुना घाँटी जहाँ धेरै डाँकुहरू हुन्थे । सन् १९७० मा म लगायत केही साथी त्यहाँ गयौं । सम्वादले प्रत्यक्ष हिंसा कसरी रोक्न सकिएला भन्ने प्रश्न हामीमा पनि थियो । तथापी आँट गरी त्यो ठाउँमा पुग्यौं । उनीहरू हामीमाथि जाइलागे । कुटपीट गरे । पछि छलफल भयो । ५ सय जना डाँकुले बन्दुक एक ठाउँमा राखिदिए ।

यसबाट मैले सिकें, छलफलपछि मान्छेले हिंसा त्याग्न सक्छ । बन्दुक छोड्न सक्छ । तर प्रत्यक्ष हिंसाको सामना गर्नुभन्दा अप्रत्यक्ष हिसा अन्त्य गरी शान्ति ल्याउनु राम्रो हो । अप्रत्यक्ष हिंसासँग लडेर प्रत्यक्ष हिंसामा जीत हासिल गरेका धेरै उदाहरण मेरो जिन्दगीमा छन् । दक्षिण भारत केरलाको कोकाकोला कम्पनीमा झगडा भएको थियो । साधारण मानिसहरूले अप्रत्यक्ष हिंसालाई उजागर गरी त्यति ठूलो बहुराष्ट्रिय कम्पनी बन्द गराई दिए । ओरिसा प्रान्तको निमगिरीमा पनि ठूलो कम्पनी खुल्यो । नागकिहरूको अहिंसात्मक आन्दोलनले फिर्ता भयो । कानुनी लडाँइ, सामाजिक आन्दोलनहरू अप्रत्यक्ष हिंसा रोक्ने औजार हुन् । मेरो अनुभव, आशा र विश्वास छ, अहिंसात्मक कार्यले सधैं जित्छ ।

अहिले प्यालेस्टाइन, सिरिया शान्तिका लागि लडिरहेका छन् । तर कुराकानीभन्दा झगडा गरेर शान्ति खोज्दैछन् । यो सम्भव छैन । पाकिस्तान र भारतबीच पनि यस्तै समस्या छ । हामी शान्तिपूर्ण समाजको लागि शान्तिपूर्ण विधि अपनाउने कोशिस गरौं । यदि हिंसात्मक प्रयासबाट कुनै काम सफल भएपनि त्यसलाई नियन्त्रण गर्न अर्को

**एकपटक गान्धीजीलाई एक जना शिक्षकले प्रश्न गरे, तपाईंले इन्डियाको सबैलाई मुर्ख बनाउँदै हुनुहुन्छ, तपाईंको काम नै अरूलाई मुर्ख बनाउनु हो ? अहिंसात्मक क्रान्तिले केही पनि हुँदैन । उसले सोचेको थियो, गान्धीजीलाई हराएँ । अनि गान्धीजीले भन्नुभयो, तपाईं इतिहासको शिक्षक हो । इतिहास सिकाउनुहुन्छ । तर म इतिहास बनाउदै छु । मैले नयाँ इतिहास बनाएपछि तपाईंले सिकाउनु होला ।**

हिंसा तयार भइसकेको छ । जित्नेमा पनि हिंसात्मक, तानाशाही मनोवृत्ति हुन्छ ।

एकपटक गान्धीजीलाई एक जना शिक्षकले प्रश्न गरे, तपाईंले इन्डियाको सबैलाई मुर्ख बनाउँदै हुनुहुन्छ, तपाईंको काम नै अरूलाई मुर्ख बनाउनु हो ? अहिंसात्मक क्रान्तिले केही पनि हुँदैन । उसले सोचेको थियो, गान्धीजीलाई हराएँ । अनि गान्धीजीले भन्नुभयो, तपाईं इतिहासको शिक्षक हो । इतिहास सिकाउनुहुन्छ । तर म इतिहास बनाउदै छु । मैले नयाँ इतिहास बनाएपछि तपाईंले सिकाउनु होला । हामीले जीवनमा इतिहास बनाउनुछ । जुन बालबालिकाले पढ्न । सिकून । आन्दोलनका तीन खम्बा हुन्छन्, सङ्घर्ष, सम्वाद र रचना । आन्दोलन भनेको सङ्घर्ष मात्र होइन । हामी कहिले सरकारको गलत कामको विरोध गर्छौं । कहिले वार्ताबाट समाधान खोज्छौं । कहिले गाउँ गएर सिर्जनात्मक काम गर्छौं । वृक्षारोपण गर्ने, सामूहिक खेती गर्ने, गाउँमा पढ्न लेख्न सिकाउने । यी पनि अहिंसात्मक सामाजिक आन्दोलनका उत्तिकै महत्वपूर्ण काम हुन् । परिस्थितिअनुसार चल्न सक्नुपर्छ ।

धेरै जसो कामलाई सङ्घर्ष चाहिँदैन । धेरै जसो मान्छेहरूलाई सङ्घर्ष गर्न आउँदैन । कुराकानी मात्र गर्न आउँछ । कसैलाई सङ्घर्ष, सम्वादभन्दा गाउँमा गएर काम गर्ने इच्छा हुन्छ । समयअनुसार योजना बनाउनुपर्छ । मान्छेको स्वभावअनुसारको जिम्मेवारी दिनुपर्छ । समाज सेवा गर्ने मान्छेहरू पनि खराब हुन सक्छन् । असल मित्र खोज्नु पनि हाम्रो काम हो । यसलाई म असल मानिसहरूको सञ्जाल भन्छु । लोकतन्त्रमा, राजनीतिमा, कर्मचारीमा, विद्वानहरूमा असल मान्छे खोज्नुपर्छ ।

यसो गर्न सकिएन भने परिवर्तनको लडाँइभन्दा झगडा बढी हुन्छ । दलितको समस्यामा दलित मात्र लड्ने, आदिवासीको समस्यामा आदिवासी मात्र लड्ने प्रक्रियालाई हटाउँदै जानुपर्छ । समाज परिवर्तनका लागि साझा धारणा र साझा प्रयास चाहिन्छ । सामाजिक आन्दोलनले तोड्ने होइन जोड्ने हो भन्ने कुरालाई सम्झिनुपर्छ । महिला अधिकारका लागि महिलाहरू नै लड्नुपर्छ भन्ने होइन । अन्याय र असमानताका बिरुद्ध सबै एक ठाउँमा आएर लड्ने हो । यसलाई असल मानिसहरूको सञ्जाल भनिन्छ । यो सफल पनि हुन्छ ।

मलाई याद छ, भारत स्वतन्त्र भएपछि गान्धीजीले हरिजनहरूको उत्थानका लागि एक समिति बनाए । त्यसको अध्यक्षमा ब्राम्हणलाई नियुक्त गरियो । मानिसहरूले सोधे, हरिजनको उत्थानका लागि ब्राह्मण अध्यक्ष कसरी हुन सक्छ ? गान्धीजीले भने जसले पाप गरेको छ, उसैलाई सुधार गर्न देऊ । यो उसमाथिको कारवाही पनि हो । ✿



जगत देउजा

# दिगो कृषि विकासमा भूमि व्यवस्थापन

सन् १९६० को दशकमा नेपाल दक्षिण एसियामै उच्च कृषि उत्पादकत्व भएको देश थियो। तर ९० को सुरुवाततिर यो क्षेत्रको सबभन्दा कम उत्पादकत्व भएको देश बन्यो। त्यसयता ओरालो लागेको कृषि आजसम्म उठ्न सकेको छैन। कृषिक्षेत्र सुस्त रहीरहनुमा अन्यायपूर्ण भूमि सम्बन्ध प्रमुख कारण रही आएको छ।

कृषि क्षेत्रले कूल ग्राहस्थ उत्पादनमा पुऱ्याएको योगदानलाई हेरेर नेपाललाई कृषि प्रधान भनिरहनु पर्दैन भन्ने तर्कहरू सुनिन थालेको छ। झट्ट हेर्दा ठिकै लागेपनि ६५ प्रतिशत नेपालीको जीविकोपार्जनको मुख्य आधार फेरी पनि कृषि नै हो। जसको सबै हरहिसाव कूल ग्राहस्थ उत्पादनमा समेटिएको छैन्। अन्य मुलुकको अनुभवले भूमिको सही व्यवस्थापनपछि मात्र कृषि क्षेत्रले फड्को मारेको पाइन्छ। अनि कृषिको विकास गरेर मात्र गैरकृषि क्षेत्रको पनि विकास भएको देखिन्छ। यही सन्र्दभलाई विचार गर्दै कृषि क्षेत्रको विकासका लागि मुलतः भूमिसँग जोडिएका केही कदमहरू बहस र कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ।

## भूमि र कृषिको गहिरो परिवेश विश्लेषण

कृषि क्षेत्रमा लोभलाग्दो विकास गरिरहेको भियतनाममा केही वर्ष पहिले त्यहाँको भूमि र कृषि व्यवस्थाबारे बुझ्न गइएको थियो। केही किसानको खेती र घर हेरिसकेपछि कम्युन (यहाँको गाविस जस्तो) को कार्यालयमा गइयो। कम्युन प्रमुखले भूमि र कृषिबारे जानकारी गराए। कम्युनले भूमि र कृषि सम्बन्धमा विस्तृत प्रतिवेदन बनाउने र हरेक वर्ष अद्यावधिक गरिँदो रहेछ। कति जग्गामा के खेती भइरहेको छ देखि आफ्नो कम्युनमा कुन खाद्यवस्तु आयात र कुन वस्तु निर्यात हुन्छ भन्नेसम्मको एक एक हिसाव राखेको पाइयो।

हामीले कृषि प्रधान त भन्यौं। तर गाविस र नगरपालीकाले तयार पार्ने प्रोफाइलहरूमा भूमि र कृषि सम्बन्धी तथ्यहरू अत्यन्तै कम समेट्यौं। समेटिएका थोरै सूचनाको पनि राम्रो विश्लेषण गरेनौं। कृषिको विकास स्थानीय निकायको प्राथामिकता बनेन। गल्ती यहिँनेरी भएको छ। किसानले विश्लेषण गर्नुपर्ने सूचनाहरू राष्ट्रिय तहमा (त्यो पनि अपूर्ण) जम्मा गर्ने कोशिस गऱ्यौं। जगमा योजना नबनाई राष्ट्रिय तहमा देशलाई आत्मनिर्भर बनाउने गफ दियौं।

समुदाय र स्थानीय तहमा यस्तो विश्लेषण र योजना नबनी कृषिको मामलामा देशलाई आत्मनिर्भर बनाउन सम्भव नै छैन। स्थानीय निकायमा परिवार, जनसङ्ख्या, चर्पी, बाटो, विद्युत आदिसँग सम्बन्धित सूचना जती सजिलै पाउन सकिन्छ। भूमि र कृषिसँग सम्बन्धित सूचनाहरू पाउन सकिँदैन। अधिकांश गाविसमा खेतीयोग्य जग्गा कति हो भन्ने सम्मको विवरण भेटिँदैन। त्यसमध्ये सिँचित जग्गा कति छ? भूमिहीन कति? जग्गाधनी कति? अरूको जग्गा कमाउने कति? हदभन्दा बढी जग्गा हुने कति? कृषि पेशामा आश्रित कति? एक परिवारलाई कतिका दरले जमिन पुग्छ? उक्त स्थानमा सरदर एक परिवारलाई खानको लागि कति जमिन चाहिन्छ? बाँझो जग्गा कति छ? अनुपस्थित जग्गाधनी कति छन्? भूमि तथा कृषिसम्बन्धी के के अन्याय तथा शोषणहरू छन्? यसको विवरण स्थानीय तहमै अभिलेखन र विश्लेषण हुनुपर्दछ। र यसको आधारमा भूमि व्यवस्थापन र कृषि विकासको योजना बन्नैपर्छ। कृषिको विकास गर्न राष्ट्रिय नीति र रणनीति मात्र पर्याप्त हुँदैनन्। हरेक स्थानीय निकायको रणनीति र योजना हुनुपर्दछ। विविध भूगोल भएको हामी कहाँ त यसको महत्व अझै बढी छ।

> **खेती गर्ने सिप ज्ञान र रूची भएका धेरै किसानसँग जमिन छैन वा न्यून जमिन छ। र जोसँग तुलनात्मकरूपमा बढी जमिन छ तिनमध्ये धेरैले आफैं खेती गर्दैनन्। उत्पादकत्व घट्नुमा श्रम शक्ति र उत्पादनका साधनको असमन्वयात्मक सम्बन्धको भूमिका महत्वपूर्ण छ।**

के के खेती हुने गरेका छन्? कुन क्षेत्रमा कस्तो बाली राम्रो हुन्छ? खाद्यान्न आयात र निर्यातको अवस्था के कस्तो छ? आफ्नो समुदाय वा क्षेत्र कुन बालीमा आत्मनिर्भर छ? कुनमा परनिर्भर छ? अवको लक्ष्य के हो भन्ने विषयमा राष्ट्रिय तथ्याङ्क र योजनाले पुग्ने छैन। प्रत्येक स्थानीय निकायको योजना बनाई कार्यान्वयन गर्न सके

यसले कृषि विकासको प्रस्थान बिन्दूको काम गर्नेछ।

## किसानलाई जग्गा

कृषि क्षेत्र उर्भो लगाउन गर्नैपर्ने अर्को काम भनेको खेती गर्ने किसानलाई न्यूनतम जोतको आकारमा जग्गा उपलब्ध गराउनु हो। खेती गर्ने सिप ज्ञान र रुची भएका धेरै किसानसँग जमिन छैन वा न्यून जमिन छ। र जोसँग तुलनात्मकरूपमा बढी जमिन छ तिनमध्ये धेरैले आफैं खेती गर्दैनन्। उत्पादकत्व घट्नुमा श्रम शक्ति र उत्पादनका साधनको असमन्वयात्मक सम्बन्धको भूमिका महत्वपूर्ण छ।

खेती नगर्ने धनी होस् वा गरिब उसलाई जमिनमा पहुँच आवश्यक छैन। कोहीसँग जग्गा छ र खेती गर्दैन भनेपनि उसले जमिन होल्ड गरिरहनु भएन। जमिन उत्पादनको लागि हो। तर अहिले त्यसो भइरहेको छैन। उत्पादनको साधन जमिन र श्रम (कृषक) लाई धेरै हदसम्म अलग्याइएको छ। र, यसको प्रत्यक्ष असर उत्पादन र उत्पादकत्वमा परेको छ।

यसर्थ कृषि विकाससँग जोडिएको अहिलेको महत्वपूर्ण सवाल भनेको वास्तविक किसानलाई कसरी पर्याप्त जमिन उपलव्ध गराउने भन्ने हो। यसका विभिन्न उपायहरू छन्। हदबन्दी कार्यान्वयन, पर्ती, नदी उकास जग्गा र विभिन्न प्रकारले अतिक्रमण भएको जग्गा व्यवस्थित गरी किसान परिवारलाई न्युनतम जोतको जग्गा उपलव्ध गराउन सम्भव छ। भूमि विकासमा अहिलेसम्म राज्यले कुनै लगानी गरेको छैन। लगानी गरेर कैयन् हेक्टर जग्गा नदी उकासबाट उपयोग गर्न सकिने सम्भावना छ।

खेती गर्नेले सोहीबाट १२ महिना खान पुग्ने र कम्तिमा शिक्षा, स्वास्थ्य र अन्य सामाजिक कर्म गर्न पुग्ने अवस्था नपुऱ्याएसम्म कृषि क्षेत्रले फड्को मार्दैन। भन्न खोजिएको, अहिलेको भूमिहीन, सिमान्त र साना किसानलाई विभिन्न कारणले प्रयोगविहीन अवस्थामा रहेको कृषियोग्य जग्गा उपलव्ध गराई हरेक परिवारलाई आत्मनिर्भर किसान बनाउन सकिन्छ। यसबाट उनीहरूको पशुपालन क्षमता बढ्छ। समग्र देशको समृद्धिमा टेवा पुग्छ। किसानलाई न्युन आकारको जमिनमा टक्साई रहने अहिलेको स्थितीमा फेरबदल ल्याउनैपर्छ।

**खेती नगर्ने धनी होस् वा गरिब उसलाई जमिनमा पहुँच आवश्यक छैन। कोहीसँग जग्गा छ र खेती गर्दैन भनेपनि उसले जमिन होल्ड गरिरहनु भएन। जमिन उत्पादनको लागि हो। तर अहिले त्यसो भइरहेको छैन। उत्पादनको साधन जमिन र श्रम (कृषक) लाई धेरै हदसम्म अलग्याइएको छ। र, यसको प्रत्यक्ष असर उत्पादन र उत्पादकत्वमा परेको छ।**

## भू-उपयोग योजना

कृषिमा आधारित मुलुकको भू-उपयोग योजना नहुनु लाजमर्दो विषय हो। कृषियोग्य भूमिको गैरकृषि प्रयोग अहिलेको पेचिलो समस्या भनेको छ। यही योजना नभएकै कारण कृषियोग्य जग्गामा घरहरू उम्रिरहेको छ। कृषियोग्य जग्गामा जथाभावी उद्योग खोलिएका छन्। तरकारी फलाउनुपर्ने ठाउँमा ईटाका चिम्नीहरू पुतपुताइरहेका छन्। धान झुल्ने गह्रा प्लटिङ्ले चिरा-चिरा पारिएका छन्। सडक किनारा, ऐलानी पर्ति, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे कुनै स्पष्ट नीति र योजना भेटिँदैन।

भू-उपयोग योजनाको अभावमा जग्गाबाट पाउनुपर्ने उत्पादन मात्र नपाइने होइन कि भूमि र उत्पादन क्षमतासमेत ह्रास हुने हुन्छ। यो स्थिती रहीरहने हो भने कृषि क्षेत्रको विकास होइन अझै विनास हुनेछ। यसलाई थप बिग्रन नदिन भू-उपयोग ऐन जुन भूमि सुधार व्यवस्था मन्त्रालयको अगुवाइमा तयार भइरहेको छ। यसलाई व्यवहारिक किसिमको बनाएर लागू गरिहाल्नुपर्छ। यसले कृषियोग्य भूमिको संरक्षण भई देशमा हुनसक्ने खाद्य सङ्कटलाई रोक्न आधार दिनेछ। यस ऐनमा प्रत्येक स्थानीय निकायमा भू-उपयोग समितिको संरचना परिकल्पना गरिएको छ। भू-उपयोग ऐन उचित तवरले आयो भने यो नेपालको भूमि व्यवस्थापन र कृषि विकासको अर्को ठूलो फड्को हुनेछ। तर यो विषयमा बहस पुगेको छैन। अव भू-उपयोग ऐन ल्याउन किञ्चित ढिला गर्नु हुन्न।

## करार खेतीसम्बन्धी व्यवस्था

जतातत‍ै सुनिन्छ, जग्गा बाँझो रह्यो। काम गर्ने जनशक्ति छैन। मानिसलाई खेती गर्न मन छैन। यस्तो तर्क गर्नेहरू नै फेरी के भन्छन् भने अहिलेको ६० वा ६५ प्रतिशतले खेती गर्ने सङ्ख्या घटाएर २० देखि ३० प्रतिशतमा झार्नुपर्छ। अहिलेको एकतिहाई वा आधाले उपलव्ध सबै जमिनमा खेती गर्न सम्भव छ भने अहिले खेती गर्ने मानिस नभएर जमिन बाँझो रहेको तर्क मिल्दो देखिँदैन।

खेती गर्ने मान्छे नभएर खेती बाँझो रहेको हैन। मानिसलाई खेती गर्ने रुची नभएर पनि होइन। त्यसो भए जग्गा किन बाँझो रह्यो त ? यसका पनि एउटै कारण अवस्य छैन। २०५३ सालसम्म जग्गा नभएकाले अरूको जग्गा कमाउँदा मोहीयानी पाउने व्यवस्था गरिएको थियो। भूमिसम्बन्धी ऐन २०२१ मा चौथो संशोधन गरेर मोहियानी व्यवस्था हटाइयो। त्यसपछि जग्गा कमाउन दिने र लिनेसम्बन्धी भरपर्दो व्यवस्था गरिएन। जग्गा कमाउन चाहनेहरूले कति समय कमाउन पाउने हो भन्ने निश्चित भएन। लगानी गऱ्यो। जग्गाधनीले बिचैमा जमिन लियो भने के गर्ने होला भन्ने भयो। कतिसम्म देखियो भने सजिलो बाली जग्गाधनीले लगाउने र असजिलो बाली

कमाउनेले दिने । जग्गाधनीहरूलाई पनि कुनै सरकारले फेरी मोहीको व्यवस्था गरिदिएर जग्गा गुमाउनु पर्लाकी भन्ने डर भयो । जमिन बाँझो हुनुको प्रमुख कारण यो हो ।

कमाइरहेको जग्गामा कहिलेसम्म जोतभोग गर्न पाउने हो भन्ने निश्चितता नभएकोले जग्गा कमाउनेले दिगो हिसावले लगानी गर्ने स्थिती बनेन ।

अहिले अधिँया, बटैया, ठेक्का, हुण्डा जस्ता प्रक्रियाबाट जग्गा कमाउन लिने-दिने चलन नभएको होइन । भूमिको क्षेत्रमा कार्यरत आत्मनिर्भर केन्द्रले २०७३ सालमा ९ जिल्लाको ६ हजार ७ सय २२ परिवारमा गरेको अध्ययनमा २५ प्रतिशत परिवारले अरूको जमिन अधिँया बटैया गरेको देखियो । तर अधिँया बटैयामा आधा उत्पादन जग्गाधनीलाई बुझाउनुपर्ने हुँदा खेती गर्नेलाई कुनै फाइदा देखिदैंन । ठेक्कामा लिन सिमान्त किसानले सक्दैनन् । यसले भूमिहीन, सिमान्त र साना किसानलाई उत्साहित बनाएन् ।

यसर्थ जग्गा नभएका वा न्युन भएकाले आफ्नो क्षमताअनुसार खेती गर्ने जमिन प्राप्त गर्नको लागि जग्गा करार ऐन ल्याई लागु गर्नुपर्दछ । यसो भयो भने खेती गर्न चाहनेले पर्याप्त जमिन पाउन सक्छ । कति वर्षको लागि त्यस्तो जग्गा पाउने भन्ने निश्चित हुने भएकाले उसले सोहीअनुसारको बाली छनौट गर्न सक्छ । र आवश्यक लगानी लगाउने जोखिम व्यहोर्न सक्छ ।

यस्तो करार ऐनले निजी र सरकारी दुवै जमिनलाई समेट्नु पर्दछ । तीन वर्ष पहिले भूमि सुधार तथा व्यवस्था मन्त्रालयले सरकारी जग्गा लिजमा दिने निती ल्याएको थियो । तर यो किसानको लागि भन्दा पनि पहुँचवाला समूह र सङ्गठनको लागि मात्र हुने खालको छ । कृषि विकास मन्त्रालयले तयार गरेको भनिएको करार खेती ऐनको मस्यौदासम्म देख्न पाइएको हो तर अहिले कता छ ? कुनै पत्तो छैन ।

सबै प्रकारको जग्गालाई समेट्ने गरी करार खेतीसम्बन्धी ऐन ल्याउन सकेमा खेती गर्छु भन्ने भूमिहीन, हलिया, कमैया, हरूवा, सिमान्त किसानले पर्याप्त जमिन पाउने अवस्था हुन्छ । र यसबाट भूमिहीन, साना किसानको आर्थिक अवस्था र हैसियतमा उलेख्य परिवर्तन आउनेछ । यसले कृषि उत्पादकत्व बढ्न गई सिँगै देशलाई फाइदा पुग्छ ।

यसरी लिजमा दिँदा लिँदा भाडादर न्यायोचित खालको हुनुपर्छ । कतिपय कम गुणस्तर जग्गाको भाडादर सुन्य पनि हुनसक्छ । सून्य भाडादरमा जग्गाधनीलाई जग्गाको गुणस्तर नविग्रने र जमिन जङ्गल हुनबाट जोगाउन मद्दत पुग्छ । यस्तो व्यवस्थाबाट हाल अनुत्पादक अवस्थामा रहेको हजारौं हेक्टर खेतियोग्य सरकारी जग्गा उपयोगमा आई अर्बौ आम्दानी हुनेछ । जग्गा अतिक्रमणको समस्यालाई पनि हल गर्न सकिन्छ । सरकारी जग्गाको संरक्षणको नाममा त्यत्तिकै बाँझो राखेर मुलुक धनी बन्दैन ।

### बलियो किसान सङ्गठन

कृषि सामग्री दिएर अनि अनुदान बाँडेर मात्र कृषि क्षेत्रको विकास हुने होइन । अन्यतिरको अनुभवले के देखियो भने जहाँ भूमिहीन र किसानका सङ्गठन बलियो भएका छन् त्यहाँ कृषि सुधारका काम प्रभावकारी तवरले भएको छ । कृषिसम्बन्धी सरकारी संरचनालाई सघाउने र कतै बेठीक भए सच्याउन भूमिका खेल्ने सङ्गठन नभई सरकारी र गैरसरकारी कार्यक्रम प्रभावकारी बन्दैनन् । बजेट र कार्यक्रम थप्दैमा किसानको घर दैलोमा पुग्दैन । पुगे सदूपयोग हुँदैन । तसर्थ सरकारले भूमिहीन, महिला र साना किसानहरूको प्रतिनिधिमूलक सङ्गठनको संस्थागत क्षमता अभिबृद्धिको लागि लगानी गर्नुपर्दछ । उनीहरूलाई वार्षिक रूपमा निश्चित अनुदान दिइनुपर्छ । सरकार आफैंमात्र कृषिको विकास गर्न सक्दैन । यो सिमीततालाई बेलैमा बुझ्न आवश्यक छ ।

कृषि, देशको समग्र विकास प्रक्रियाको केन्द्रमा रहनुपर्छ । बहुसङ्ख्यक खेतीमा काम गर्ने किसानलाई उत्पादनको साधनमा पहुँच दिलाएर देशलाई आत्मनिर्भर बनाउने सम्भावना छ । यसका लागि उपर्युक्त कानुनी संयन्त्र र फराकिलो दृष्टिकोणको खाँचो छ । कृषि क्षेत्रको विकास नगरी देशको मुहार फेर्ने यत्तिकै अरू सरल बाटाहरू छैनन् । ✿



ल्यामबहादुर दर्जी

# एसियाली किसान सङ्गठन अध्यक्ष

साउन १६ देखि २४ सम्म भियतनाममा एशियाली किसान सङ्गठन (आफा) को सातौ साधारण सभा भयो । सम्मेलनमा हामी राष्ट्रिय भूमि अधिकार मञ्चबाट म र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजा सहभागी थियौं ।

सम्मेलन भियतनामको हनोईस्थित होटल क्वाङ्गबा ट्रेड युनियनमा आयोजना गरिएको थियो । साधारण सभाको छेको पारेर विभिन्न कार्यक्रम आयोजना गरिएको थियो । भियतनामको किसान र कृषिको अवस्थाबारे अवलोकन गराइयो । बीउ संरक्षण, वन र खेतीपातीको साइनो आदि विषयमा भएका अन्तरक्रियाबाट धेरै विषयहरू थाहा पाउने मौका मिलेको थियो ।

सम्मेलनले नयाँ कार्य समिति बनाउने निश्चित थियो । उपाध्यक्ष भइसकेको नेपाल अध्यक्ष हुने पालो त हो नै । तै पनि कसरी अध्यक्ष बन्ने भन्ने चिन्ताले सताएको थियो । सुरुवातमा हामीलाई म्यानमार, फिलिपिन्स, बंगलादेशको समर्थन हुने सङ्केत मिलेको थियो । त्यसपछि कम्वोडिया, ताईवान, किजीस्तान, इन्डोनेसियालगायत देशका पनि प्रतिनिधिहरूसँग कुरा गरी अध्यक्षको लागि समर्थन गर्न प्रयास गऱ्यौं ।

साङ्गठानिकरूपले एसियाली किसान सङ्गठनको ५ वर्षे रणनीतिमा व्यापक

छलफल गरी पारित गरियो । जुन आगामि समयका लागि एक मार्गदर्शन हुनेछ । यस सङ्गठनमा देशहरू सदस्य थपिने क्रम बढीरहेको थियो । आफामा जति सदस्यहरू छन्, ति सबै प्रतिबद्ध छन् । एसियामा किसान सङ्गठनको आवश्यकता, औचित्व उत्तिकै महत्वपूर्ण छ । यसैले पनि यस पटक हामी अध्यक्ष बन्ने अठोटमा थियौं र धेरै देशका प्रतिनिधिहरूसँग पहल गऱ्यौं र साथ पायौं ।

अध्यक्ष सिम्पीइले आफ्नो सम्बोधनको क्रममा भनेका थिए, एसियाली किसान सङ्गठन वास्तविक किसानहरूको अगुवामा स्थापना भएको हो । र यसलाई अझ किसानमुखी बनाउनु आवश्यक छ । आगामी नेतृत्वले पनि त्यहि मर्मअनुसार अघि बढाउनुपर्छ भन्ने सन्देश थियो ।

आफामा जति सदस्यहरू छन्, ति सबै प्रतिबद्ध छन् । एसियामा किसान सङ्गठनको आवश्यकता, औचित्व उत्तिकै महत्वपूर्ण छ । यसैले पनि यस पटक हामी अध्यक्ष बन्ने अठोटमा थियौं र धेरै देशका प्रतिनिधिहरूसँग पहल गऱ्यौं र साथ पायौं ।

एसिया महादेश प्राकृतिक स्रोतको धनी मानिन्छ तर, धेरै गरिबहरू पनि यहिँ छन् । अझ बढी किसानहरू गरिब छन् । यी विषयलाई सम्पूर्ण एसियाको नेतृत्व गरिरहेको किसान सङ्गठन यसले महत्वका साथ उठाउनुपर्छ भन्ने सवाल पनि उठको थियो र आगामी दिनमा पनि यो विषयलाई प्राथमिकता दिइनेछ ।

हालसम्म यस सङ्गठनमा ४ पटक नेतृत्व परिवर्तन भएको छ । यस पटक हामी नेपालले नेतृत्व गर्न धेरै देशको सहयोग पायौं । र नेतृत्व गर्ने अवसर राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले पायौं । सम्मेलन सकिएर अध्यक्ष चुनिएपछि हामीलाई सम्मानित गरियो । सबै खुसी भयौं । अध्यक्ष चुनिएकोमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र सिङ्गो भूमि अधिकार मञ्च टिम खुसी छ ।

भूमि अधिकार मञ्च गाउँ तहबाट उठेको एउटा पीडित किसानहरूको सङ्गठन हो । हामीलाई सुरुवातदेखि नै गाउँदेखि जिल्ला हुँदै राष्ट्रिय तहमा समेत उठाउन मद्दत गर्ने सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आज यो उचाईलाई अन्तर्राष्ट्रिय तहमा समेत पुऱ्याउन मद्दत गरेको कारण आज एसियाली किसान सङ्गठन जस्तो ठूलो अन्तर्राष्ट्रिय सङ्गठनको नेतृत्व गर्न सक्षम भयो । यो हामी सबैको खुसीको यात्रा हो ।




## आफा अध्यक्षमा नेपाल


यसियाली किसान सङ्गठन (आफा) को ३३ औं राष्ट्रिय समिति बैठक तथा सातौं साधारण सभाले नेपाललाई अध्यक्षमा चुनेको छ । साउन १७ देखि २४ गतेसम्म भियतनामको हानोईमा सम्पन्न उक्त बैठकले राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाललाई अध्यक्ष चुनेको मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जीले जानकारी दिए ।

यस अघि जापान अध्यक्ष थियो । आफाको सातौं साधारण सभामा म्यानमार, जापान, इन्डोनेसिया, कम्बोडिया, बंगलादेश, मंगोलिया, फिलिपपिन्स, थाइल्याण्ड, भियतमान, ताइवान, क्रिजिस्थान, दक्षिण कोरिया, नेपाल र भारतका गरी ५६ जना र साझेदार संस्था अनि सहयोगीसहित ८० जनाको सहभागिता थियो ।

सो अवसरमा नेपालको तर्फबाट सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजा, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष ल्याबहादुर दर्जी, राष्ट्रिय चिया सहकारी संघका अध्यक्ष गोविन्द्रप्रसाद दाहाल तथा महासचिव रविन राईको सहभागिता थियो ।

यसैगरी आफाको अध्यक्षमा बंगलादेश, महासचिवमा फिलिपिन्स र कोषाध्यक्षमा भियतनाम चुनिएका छन् । यो जिम्मेवारी २ वर्षका लागि हुने जानकारी पनि अध्यक्ष दर्जीले दिए ।

साभार : नागरिक दैनिक, २८ साउन, २०७३



सोमप्रसाद भण्डारी

# अभियानका लागि अगुवा र कोष

असल अगुवा सङ्गठनको गहना हुन्। सङ्गठनलाई सही बाटोमा हिडाउन अगुवाको भूमिका महत्वपूर्ण हुन्छ। जुनसुकै अभियान सफल गर्न त्यसका अगुवामा दृढ इच्छशक्ति हुनुपर्छ। असल अगुवाले मात्र भविष्यको प्रष्ट तस्वीर देखेको हुन्छ। अभियानमा राखिएको उद्देश्य पूरा गर्न अगुवा निरन्तर खट्नुपर्ने हुन्छ। कुशल नेतृत्वदायी भूमिका खेल्दै सङ्गठन र सदस्यलाई सदैव उत्प्रेरणा दिनुपर्छ। सदस्यको आत्मबल बढाउने र अभियानको काममा जहिल्यै पनि उनीहरूलाई उत्प्रेरित गर्दै परिचालन गर्नुपर्छ। कुशल अगुवाले चुनौतीको सामना गर्न सक्नुपर्छ। निडर भएर समाज रूपान्तरण र परिवर्तनका लागि खट्नुपर्छ। अगुवाले आफैंले नमुना काम गरेर सदस्यहरूका लागि प्रेरणाको स्रोत बन्नुपर्छ।

आफूले उठाएको सवालमा सबैको मन जित्ने शक्ति अगुवा हुनुपर्छ। आफ्नो जिम्मेवारी पूरा गर्न समन्वयको भूमिका खेल्नुपर्छ। अध्ययनशील हुनुपर्छ। विचारक र विवेकशील हुनुपर्छ। भूमि अभियानको हकमा मञ्चको विधान, नीति र आचारसंहिताप्रति सचेत हुनुपर्छ र यसलाई लागु गराउन उत्तरदायी हुनुपर्छ। आफूले लिएको जिम्मेवारी समयमै पूरा गर्नुपर्छ। समुदायअनुसारको रहन, सहन, भेषभुषा, संकृति, संस्कार, जातजातिको भावनाको सम्मान गर्नुपर्छ। सङ्गठन निर्माण र परिचालन लोकतान्त्रिक विधिबाट गराउनुपर्छ।

समावेसी सहभागिताका लागि चनोखो हुनुपर्छ। मेहनती हुनुपर्छ। रिसाउनु हुँदैन। सदैव खुसी देखिनु पर्छ। आफ्ना कुरा प्रष्ट राख्न सक्नुपर्छ। आर्थिक पाटोमा पारदर्शिता देखाउन सक्नुपर्छ। धुम्रपान, मद्यपान, यौनजन्य विषयवस्तुबाट टाढा रहनुपर्छ। नैतिकवान मूल सिद्वान्त हुनुपर्छ। यसरी लाग्ने अगुवाको भूमिकाले मात्रै मञ्चको सपना पूरा हुन सक्छ।

## राजनीतिक दल र मञ्चको सम्बन्ध

अगुवा सङ्गठनको जग भएकाले हामीले राजनीतिक दल के हुन्, हाम्रो सम्बन्ध कस्तो बनाउने भन्ने पनि बुझ्नु जरुरी हुनेछ। राजनीतिक दल हाम्रा सहयोगी हुन्, यसकारण उनीहरूसँगको सम्बन्ध घनिष्ठ हुनु जरुरी छ। स्थानीयदेखि केन्द्रसम्म भूमि बहसमा सम्वाद हुनुपर्छ।

दलहरू सत्ता प्राप्तीको लागि राजनीति गर्छन्, मुलुकको सरकार सञ्चालन गर्छन्। मञ्चको उद्देश्य शक्ति प्राप्त गरेर सरकार सञ्चालन गर्ने होइन। मञ्चले जनताको अधिकार स्थापित गर्नको लागि वकालतीय भूमिका निभाउने हो। सङ्गठनहरू समाज परिवर्तन गर्ने, न्यायिक ब्यवस्था कायम गर्ने, कार्यमा निरन्तर लागि रहन्छन्। सङ्गठनले शान्तिपूर्ण, अहिंसात्मक आन्दोलनमा विश्वास गर्छ, हामी त्यही दिशामा छौं। आआफ्ना भूमिका निर्वाह गर्ने क्रममा कहिलेकाहिँ राजनीतिक दल र सङ्गठनका सवाल मिल्न पनि सक्छन्। दुबै पक्षको तत्कालीन उद्देश्य र कार्यक्रम मिल्न जाँदा सहकार्य हुन्छ र हुनुपर्छ, यसले हामीले राखेका उद्देश्य पुरा गर्न गराउनको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ।

भूमि अधिकार प्राप्तीको आन्दोलनमा कहिलेकाहिँ सरकारसँग सहकार्य पनि हुन सक्छ। तर यो सहकार्य स्थायी हुँदैन। किनकी मञ्च दलहरूको भातृ सगठन होइन र हुन पनि सक्दैन। यो विषयमा केही ठाउँमा धमिलोपन देखिन पनि थालेकोले हामी समयमै सजग रहनुपर्छ। विषय मिल्दा सहकार्य, नमिल्दा सङ्घर्ष। यो नै राजनीतिक दलहरूसँग हुने हाम्रो सम्बन्ध हो। दलको भूमिका जनपक्षीय हुँदा दल र मञ्चबीच मेल हुन्छ। सवालगत सहकार्य पनि हुन्छ। जव दलको जनविरोधी हुन्छ, त्यतिखेर सरकारसँग मञ्चको सङ्घर्ष हुन्छ।

## भुल्नै नहुने कामहरू

खेती गर्नेको हातमा जमिन नहुनुको कारण खोजी गर्ने। बलियो सङ्गठन र अभियानको योजना बनाउने। कस्तो सङ्गठन ? कति सङ्गठन ? अगुवा निर्माण र परिचालन, आन्दोलन कोष, नियमित कामको समीक्षा, उन्नत कामका लागि गहिरो चिन्तन र योजना हुनुपर्छ। अधिकार प्राप्तीका लागि सभा, सम्मेलन, जुलुस, वार्ता, सहमति, सम्झौता हुनुपर्छ। हरेक काममा सामूहिक छलफल, सामूहिक योजना, सामूहिक निर्णय, सामूहिक प्रयत्नमा विश्वास गर्ने।

आफूलाई अन्याय र शोषण गर्ने राजनीति बुझ्ने। काम गर्नेले भोकै बस्नुपर्ने बाध्यकारी अवस्थाको पहिचान गर्ने। विद्यमान शोषणका कारणहरू खोजी गर्ने। शोषण र अन्याय विरुद्ध विकल्पको खोजी गर्ने। अन्यायपूर्ण अवस्थाको अन्त्यका लागि आफूजस्तै अरूसँग सहकार्य गर्ने। न्याय र समानतामा आधारित समाज ब्यवस्थाका लागि सामूहिक आन्दोलन गर्ने।

भूमि अधिकार मञ्चमा सङ्गठित हरेक सदस्यले आफूसँग भएको स्रोत साधनको उपयोग गरी आयवृद्धिका कामहरूमा जोड दिनुपर्छ। सदस्यहरूको जीविकामा सघाउ पुग्ने गरी आयवृद्धिको कामको सुरुवात गर्ने।

हरेक सङ्गठनमा अनिवार्य कोष सङ्कलन गर्ने र अभियानप्रति सदस्यहरूको अपनत्व महशुस गराउने। सङ्गठनको दैनिक काम सञ्चालन गर्नका लागि नियमित कोषको आवश्यक्ता पर्दछ। यो

खर्च नदेखिने खर्च हो । यो खर्च आवश्यक पर्ने तर सग्रह नहुने । स्टेशनरी, घरभाडा, बिजुली, पानी, सरसफाई, सामान मर्मतमा यस्तो खर्च हुन्छ ।

सङ्गठन निर्माण र नियमित परिचालनका लागि पूर्णकालीन कार्यकर्ताको आवश्यक्ता पर्छ । सङ्गठन र सङ्घर्षको काममा खट्ने तोकिएको कार्यकर्ताको यातायात, खाना, घर खर्चको लागि न्युनतम स्रोत हुनुपर्छ । खर्चको अभावमा सङ्गठनका अति आवश्यक र महत्वपूर्ण कार्यक्रमहरू आन्दोलनबाट निस्किन सक्छन् । सहयोग, चन्दा र नियमित लेवी तोकेर भएपनि त्यस्ता कार्यकर्ताहरू परिचालनका लागि कोषको ब्यवस्था हुनुपर्छ ।

### आन्दोलन कोषका ३ चरण

**पहिलो** : आत्मनिर्भर हुनका लागि आधार तयार गर्ने । यसका लागि सामूहिक खेती, सामूहिक कोष सङ्कलन, सामूहिक लगानी, र सामूहिक मुनाफाका लागि अध्ययनरत, प्राथमिकता निर्धारण, योजना निर्माण र कार्यान्वयन गर्ने गराउने । थप सम्भावनाका स्रोत पहिचान गर्ने ।

**दोस्रो** : आम्दानी खर्चको पारदर्शिता, मुख्य लक्ष्य किटान गर्ने । खर्चको नीति तयार गर्ने । खर्चको क्षेत्र र सीमा तोक्ने । आम्दानी र खर्चलाई सार्वजनिक गर्ने । खर्च र उपलब्धिको विश्लेषण गर्ने कुन कुन काममा कति खर्च भयो ? के परिणाम आयो ? यो विष्लेषण गर्ने र सबै सदस्यलाई सुनाई अनुमोदन गराउने ।

**तेस्रो** : सङ्गठनलाई चलयमान बनाउनको लागि कोषको योजना र कार्यान्वयन हुनु आवश्यक छ । चरणबद्ध योजना र काम हुन सके आन्दोलनलाई परिणाममुखी बनाउन सकिन्छ र हामीले देखेको सपना बल्ल पुरा हुन सक्छ ।

### आन्दोलन कोषका स्रोतहरू

- सदस्यता शुल्क, मौसमी चन्दा, सामूहिक काम (श्रम शिविर)
- सामूहिक खेती र बचत, सहकारी कोष, मासिक कोष सङ्कलन
- गाउँ मञ्च नवीकरण शुल्क विभिन्न व्यक्ति वा सहयोगीले दिने चन्दा



**भोला पासवान**

# गाउँब्लक जग्गा दर्ता अभियान

साना साना टुक्रा भएको बस्तीको जग्गालाई एउटै ब्लकभित्र पछी नापिने भनी छाडेको वा धेरै घर भएको बस्ती जसलाई एकै कित्तामा राखी ‘डिही’ भनी नामाकरण गरिएको तर त्यसभित्र रहेका प्रत्येक व्यक्ति वा घरको कित्ताकाट नगरेको, कानुनअनुसार नछुट्याइएको जग्गालाई गाउँब्लक वा ‘मिनही डिही’ भनिन्छ । यसलाई कतै कतै स्ववासी जग्गा, नगरबासी जग्गा र बालबिटोरी पनि भन्ने गरेको पाइन्छ । जग्गाको नाप नक्सा गरिएको समयमा विभिन्न घर बाक्लो बस्तीका रूपमा रहेकाले नाप्न कठिन, समय बढी लाग्ने, श्रम तथा स्रोत बढी खर्च हुने, साना साना टुक्रालाई नक्साका रूपमा रेखाङ्कन गर्न कठिन हुने भएकाले गाउँब्लकका रूपमा बस्ती रहेको जग्गालाई एउटै नक्साभित्र पारिएको भेटिन्छ ।

गाउँब्लक भित्रका सिमान्तकृत र विपन्न समुदाय भने माथि उल्लिखित कारणका अतिरिक्त जमिनदारहरूले गाउँब्लक बस्तीभित्रका समुदायलाई आफ्नो नियन्त्रण र प्रभाव कायम राख्न नापीको समयमा ब्लकमा जग्गा नापिएको थियो । गाउँब्लक जग्गा कपिलवस्तु, बाँके, बर्दिया, दाङ, सुर्खेत, जुम्ला, रूपन्देही, नवलपरासी, चितवन, पर्सा, रौतहट, मकवानपुर, धनुषा, मोरङ, सर्लाही, महोत्तरी, सिरहा, सप्तरी, सुनसरी, झापा, इलाम, सिन्धुपाल्चोक, भक्तपुर, धादिङ, दोलखा, कैलाली, कञ्चनपुर, उदयपुर, ललितपुर, तनहुँलगायतको जिल्लामा रहेको पाइन्छ ।

गाउँब्लकबासी र स्वयम् भूमि अधिकार मञ्चले यस्तो जगगा भोगका आधारमा नाप्न आवाज उठाउँदै आएको थियो । पछिल्लो समय सरकारले गाउँब्लक जग्गा नापी गर्न सुरु गरेका छन् ।

अभियानको क्रममा उदयपुरको ११ गाविसमा गाउँब्लक जग्गा नापी भइसकेको छ । उक्त जिल्लाको तपेश्री गाविसमा २ सय ६१ परिवारले २४ हेक्टर र सुन्दरपुर गाविसमा २ सय २४ परिवारले साढे नौं हेक्टर र हडिया गाविसमा २ सय ४१ परिवारले साढे दश हेक्टर गाउँब्लक जग्गाको लालपुर्जा लिइसकेका छन् ।

यस्तै सिरहा जिल्ला नापी कर्यालयले २८ गाविसमा गाउँब्लग जग्गा नापी गरिसकेको छ । पडरिया, बस्तीपुर र लहान नगरपालिकामा १८ सय परिवारको जग्गा दर्ता भइ १ हजार ५ सय ४ परिवारले गाउँब्लकको पुर्जा लिएका छन् । बस्तीपुरमा २ सय ९५ परिवारले १७.२ हेक्टर गाउँब्लक जग्गाको लालपुर्जा लिएका छन् । पुस्तौंपछि बसिरहेको जग्गाको स्वामित्वसहित लालपुर्जा हातमा पाउँदा गाउँब्लकबासी खुसी भएका छन् । सिरहाको ३ वटा गाविसमा विवाद् बढेकाले नापी प्रक्रिया रोकिएको छ । १७ वटा गाविस नापी गर्न बाँकी रहेको छ । यसको लागि पनि जिल्ला मञ्चले सहजीकरण गरिरहेको छ ।

गाउँब्लग जग्गा नापी गर्न सर्वेक्षण टोली गाउँमा जानेबेलादेखि नै जिल्ला भूमि अधिकार मञ्च र गाउँ मञ्चका अगुवाहरू सक्रिय हुनु आवश्यक छ । जिल्ला मञ्च उदयपुर र सिरहाले आफनो सङ्गठन भएको

ठाउँमा नापी गर्न कार्यालयसँग समन्वय गऱ्यो । नापी गर्न टोली गाउँ जादा गाउँ मञ्चका अगुवाहरूले नापी गर्नुभन्दा पहिले विवाद् समाधान समिति निमार्ण गर्ने र त्यसको नेतृत्व लिएर नापी टोलीलाई सहयोग गरेको थियो ।

**गाउँब्लक जग्गा नापी गर्दा विवाद् नआएपनि नापी भइसकेपछि नापी कार्यालयले हकदावीका लागि सूचना प्रकाशन गर्दा कतिपय ठाउँमा जमिनदारहरूले आफ्नो जमिन भएको भन्दै दावी गरेपछि समस्या आयो ।**

त्रियुगा नगरपालिका ११ स्थित सङ्घर्षशिल गाउँ भूमि अधिकार मञ्चका अगुवा छत्रपति चौधरीले भन्छन् धेरै ठाउँमा नापी टोलीले विवाद्का कारण काम गर्न सकेन । तर गाउँ मञ्चका सदस्य तथा अगुवाहरूको पहलमा विवाद् समाधान समिति गठन गरी नापी टोलीलाई सहज बनायौं ।

नापी कार्यालय उदयपुरका प्रमुख आन्नदकुमार देव भन्छन्, भूमि अधिकार मञ्चले नापी गर्दा स्थानीय व्यक्तिहरूसँग काम गर्न सहजीकरण गरेर सहयोग गरियो, जसले गर्दा हामीलाई काम गर्न सजिलो भयो ।

जिल्ला मञ्च उदयपुरका सचिव शिवप्रसाद बास्तोला भन्छन्, नापी प्रक्रियादेखि विवाद् समाधान गर्नसम्म गाउँ तथा जिल्ला मञ्चले सहयोग गरेकै कारण नापी कार्यालयले गाउँब्लकको पुर्जा वितरण गर्ने कार्यक्रममा जिल्ला मञ्चलाई पत्र लेखी सहभागी गराएको थियो ।

गाउँब्लक जग्गा दर्ता प्रक्रियामा नापी कार्यालयसँग जिल्ला तहमा सहकार्य र समन्वय गरी आपसी सम्बन्ध बढेको छ । जसले गर्दा नापी कार्यालयलाई पुर्जा वितरण गर्दा समेत आमन्त्रण गरेर जन समुदायको विश्वास जित्न मद्दत पुऱ्याएको छ । जिल्ला मञ्चलाई भूमिसम्बन्धी आवश्यक सूचना उपलब्ध गराउनुका साथै जिल्ला मञ्चले गर्ने कार्यक्रमहरूमा सहभागी भई गाउँब्लक जग्गाको विषयमा सहजीकरण गरी सहयोग गरेको छ ।

उदयपुर जिल्ला मञ्चका संयोजक फूर्तिमान राई भन्छन्, नापी भइसकेको गाउँब्लक जग्गामा अब पुर्जा वितरण गरिँदा महिला र पुरुषको नाममा संयुक्त पुर्जा बनाइ वितरण गरियोस् भनी २ सय २८ जनाको निवेदन दर्ता गराइएको छ । नापी कार्यालय उदयपुरका प्रमुख आन्नदकुमार देवका अनुसार आगामी दिनमा जग्गाको पुर्जा वितरण गरिँदा संयुक्त नाममा वितरण गरिनेछ ।

गाउँब्लक जग्गा नापी गर्दा विवाद् नआएपनि नापी भइसकेपछि नापी कार्यालयले हकदावीका लागि सूचना प्रकाशन गर्दा कतिपय ठाउँमा जमिनदारहरूले आफ्नो जमिन भएको भन्दै दावी गरेपछि समस्या आयो । जमिनदारहरू गाउँमा छलफल गर्दा हकदावी गरेको निवेदन उठाउने सहमति गरेपनि नापी कार्यालयमा गएर निवेदन नउठाइदिँदा चुनौती थपिएको छ । तर, यसको निराकरणका लागि पनि नापी कार्यालयसँग समन्वय भइरहेको छ । जग्गा धनी सहमति अथवा छलफलमा नआएपछि स्थानीयस्तरमा सर्जमिन गरी जोतभोगको अधारमा पुर्जा वितरण गर्ने गरी छलफल अघि बढेको छ ।



शुभराज चौधरी

# सयुक्त पुर्जा अभियानका लागि सञ्जालीकरण

ग्रामीण किसान र मजदूर महिलाहरू अहिले पनि शिक्षालगायत धेरै अवसरबाट वञ्चित छन् । कामको बोझ उत्तिकै छ । कतिपयको समस्यालाई उजागर गर्न सकिएको छैन । आर्थिक अधिकारमा महिलाको हक नहुँदा दाइजो वा अन्य कारणले घर निकाला हुनुपर्ने, घरेलु हिंसा सहेर बस्नुपर्ने बाध्यता छ । त्यसैले महिलालाई आर्थिकरूपमा सवल र सक्षम बनाउन जरुरी छ ।

नेपालको परिप्रेक्षमा पहिलो आर्थिक स्रोत भूमि नै हो । त्यसैले भूमिमा महिलाको पनि पुरुष सरह पहुँच, नियन्त्रण र कानुनी स्वामित्व हुनु आवश्यक छ ।

कृषि उत्पादनमा महिलाको योगदान ६० प्रतिशत भएपनि घरजग्गाको स्वामित्व भएका महिलाको सङ्ख्या १९.७१ प्रतिशत मात्रै देखिएको छ । त्यसकारण सामाजिक न्यायर आर्थिक विकास दृष्टिले हेर्दा पनि भूमिमा महिलाको अधिकार सुनिश्चित हुनुपर्छ । यसको लागि समुदायदेखि सदनसम्म बहस र छलफल हुँदै आएको छ । र केही सकारात्मक नीति तथा योजना आइरहेका छन् ।

मुलुकी ऐन, २०२० (बाह्रौं संशोधन) मा छोरा र छोरीलाई सम्पत्तिमा समान हक हुने उल्लेख गरिएको छ । आर्थिक वर्ष २०६६/०६७ मा महिलाको नाममा जग्गा रजिष्ट्रेशन गर्दा हिमाली जिल्लामा ४०,

पहाडी जिल्लामा ३० र सहरी क्षेत्रमा २५ प्रतिशत छुट दिने ब्यवस्था गरिएको छ। यसबाट भूमिमा महिलाको स्वामित्व बढ्दै गएको देखिन्छ। त्यसैगरी नेपालको संविधान भाग- ३ को मौलिक हक र कर्तव्य अन्तरगत धारा- ३८ उपधारा ६ मा छोरा र छोरीलाई सम्पत्तिको समान हक हुने ब्यवस्था गरिएको छ। यसले भूमिमा महिलाको संवैधानिक अधिकार प्रत्याभुत गरेको छ।

भनिन्छ श्रीमान्-श्रीमती रथका दुई पाङग्रा हुन्। यसको लागि यी दुवैमा प्रेम र भावना हुनुको साथै एक आपसमा सद्भाव र समान ब्यवहार हुनुपर्दछ। त्यसैले पनि केही समयदेखि भूमिमा एकल स्वामित्व भन्दा विवाहित महिला-पुरुषको हकमा संयुक्त स्वामित्व हुनुपर्ने विषय लामो समयदेखि बहसमा छ। केही उपलब्धी पनि भएका छन्, सरकारले आर्थिक वर्ष २०६८/०६९ देखि श्रीमान् वा श्रीमतीको नाममा रहेको जग्गाधनी प्रमाण पुर्जामा दुवैको समान अधिकार रहने गरी सयुक्त लालपुर्जा बनाउदा १०० रुपियाँ मात्र तिरे पुग्ने ब्यवस्था गरिएको छ।

संयुक्त लालपुर्जा नीति आएको ४ वर्ष बितिसक्दा पनि कार्यान्वयन परिमाण न्युन रहेको छ। भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको पहलमा हालसम्मको अपडेटअनुसार ३७ जिल्लामा भ४ हजार १ सय ४२ जोडीले सयुक्त पुर्जा बनाई भूमिमा संयुक्त स्वामित्व कायम गराएका छन्। नेपालको संविधान भाग- ३ को मौलिक हक र कर्तब्य अन्तरगत धारा- १८ उपधारा ५ मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने ब्यवस्था गरिएको छ। यसले पनि सयुक्त लालपुर्जा निर्माणमा बलियो कानुनी आधार तयार भएको छ।

सयुक्त लालपुर्जाबारे समुदायमा श्रीमान्-श्रीमतीलाई सचेत गर्ने, उत्प्रेरित गर्ने र सयुक्त लालपुर्जा बनाउन आवश्यक समन्वय गर्नुपर्दछ। तर यस कार्य कुनै एक संस्था र सङ्गठनले मात्र गरेर सम्भव छैन। यसको लागि जिल्लामा कार्यरत सरकारी कार्यालय, गैरसरकारी संस्था र सङ्गठनको पनि प्रतिबद्धता र सक्रियता आवश्यक छ। सयुक्त लालपुर्जा अभियानलाई जिल्लाभरी फैलाउन संघ संस्थाको सञ्जालीकरण निर्माण गर्न आवश्यक छ। जिल्लामा भूमि, कृषि, खाद्य र महिला अधिकारको सवालमा काम गर्ने संघ संस्थाहरूलाई समेटेर जिल्ला सञ्जाल निर्माण गर्दा प्रभावकारी हुने देखिन्छ।

दाङमा भूमि, कृषि, खाद्य र महिलाको अधिकारको क्षेत्रमा काम गर्ने जिल्ला भूमि अधिकार मञ्च, गैरसरकारी महासंघ दाङ, राष्ट्रिय कृषक समूह महासंघ दाङ, जनउत्थान समाज विकास केन्द्र, सिसा, ओरेक, ग्रामीण महिला उत्थान केन्द्र, महिला मानव अधिकार रक्षक सञ्जाल, खोज नेपाल, घोराही नगर युवा सञ्जाल, ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस), सिड, बिसीडी, सहयोग समाज नेपाल, स्वान संस्था गरी १५

सयुक्त लालपुर्जाबारे समुदायमा श्रीमान्-श्रीमतीलाई सचेत गर्ने, उत्प्रेरित गर्ने र सयुक्त लालपुर्जा बनाउन आवश्यक समन्वय गर्नुपर्दछ। तर यस कार्य कुनै एक संस्था र सङ्गठनले मात्र गरेर सम्भव छैन। यसको लागि जिल्लामा कार्यरत सरकारी कार्यालय, गैरसरकारी संस्था र सङ्गठनको पनि प्रतिबद्धता र सक्रियता आवश्यक छ।

वटा संघ संस्थाको जिल्ला सञ्जाल गठन गरिएको छ। सञ्जाल परिचालनको लागि सञ्जालका सदस्यहरूबाट ३१ हजार रुपियाँ जम्मा गरिएको छ। यसको ब्यवस्थापन गर्ने जिम्मेवारी जिल्ला भूमि अधिकार मञ्चलाई दिइएको छ।

त्यसैगरी बाँकेमा राष्ट्रिय मानव अधिकार आयोग, महिला तथा बालबालिका कार्यालय, जिल्ला भूमि अधिकार मञ्च, अन्तरपार्टी महिला सञ्जाल, आरआरएन, फियान नेपाल, बि ग्रुप, नेपाल मुस्लीम समाज विकास, फातिमा फाउण्डेशन, साथी संस्था, इन्सेक, महिला अधिकार मञ्च, सेलर्ड, अपाङ्ग महासङ्घ, कृष्णसार एफएम, त्रिवेणी विकास समाज, महिला उपकार मञ्च, राष्ट्रिय कृषक समूह महासङ्घ बाँके, महिला मानव अधिकार रक्षक सञ्जाल गरी १८ वटा संघ संस्थाको सञ्जाल गठन गरिएको छ। सञ्जालको बैठक पालैपालो संघ संस्थामा गर्ने र बैठकमा चिया खाजाको ब्यवस्थापन आयोजक संस्थाले गर्ने निर्णय भएको छ।

सयुक्त लालपुर्जा सञ्जाल निर्माणको साथै परिचालन पनि उत्तिकै महत्वपूर्ण छ। सञ्जाललाई क्रियाशील बनाई राख्न कार्यविधि पनि बनाउनुपर्छ। सञ्जालमा आवद्ध संस्थाहरूले कम्तिमा ३/३ महिनामा बैठक बस्ने, बैठकमा त्रैमासिक अवधिमा भए गरेका अभियान र उपलब्धिको विषयमा छलफल गरी अभिलेख राख्ने, नयाँ योजना बनाउने र कार्यान्वयनमा ल्याउने। सञ्जालमा आवद्ध सबै संस्थाको कार्यक्षेत्रमा एउटै बुझाई र योजनाका साथ सयुक्त लालपुर्जा अभियान सञ्चालन गर्न सकिन्छ। सञ्जाल परिचालनको लागि आर्थिक पाटो पनि आवश्यक पर्दछ। यसको लागि सबै संस्थाहरूको आर्थिक स्रोत एकै ठाउँमा जम्मा गरेर बास्केटफण्डको रूपमा राख्न सकिन्छ। र अर्को विकल्प सञ्जालको बैठक पालैपालो मिलाएर संघ संस्थामा गर्न सकिन्छ। र बैठकको खर्च जुन संस्थामा गरिएको छ, त्यही संस्थाले ब्यवस्थापन गर्न पनि सकिन्छ। ✿



नरिराम लोहार

# पुनर्निर्माण अवसर र चुनौती

भूकम्प नेपालीका लागि अभिसाप नै बन्यो । यदि तत्कालिन पीडालाई भुलेर अघि बढ्ने हो भने यसले नयाँ सन्देश र चेतना पनि दिएको छ । विपत्तिको वर्णन धेरै गर्नुभन्दा अगामी आवश्यक्ता पहिचान गरी विकल्पमा जोड दिनु उपयुक्त हुन्छ होला । भूकम्प प्रभावित क्षेत्र अहिले सरकार र दातृ निकायको प्राथमिकतामा छ नै । आगामी दिनमा भौतिक संरचनाहरू प्राविधिक डिजाइनअनुसार बलिया र ब्यवस्थित बनाउन सकिन्छ । सम्भावित जोखिमबाट मानव बस्तीहरू सुरक्षित गर्न सकिन्छ । पुनर्निर्माणकै प्रक्रियाअन्तर्गत हिजोदेखि उठ्दै आएका सवालसमेत सम्बोधन हुने गरी समाजिक तथा आर्थिक विकास पनि अभियानकैरूपमा अगाडि बढाउन सके धेरै प्रभावकारी हुनेछ ।

पुनर्निर्माण प्रक्रियामा थुप्रै जटिलाहरू देखिएका छन् । घरधुरी सर्वेक्षणमा धेरैको नाम छुटेको छ । घरको नमुना र अनुदान सम्बन्धमा गुनासो छ । कतिपयले लालपुर्जा पेश गरी रकम लिएपनि भौगर्भिक जोखिमको कारणले सोही ठाउँमा घर बनाउन नसकिने अवस्था छ । अंशबण्डा नभएका परिवारमा एकजनाले मात्र अनुदान पाउँदा पारिवारिक द्वन्द्व सुरु भइसकेको छ ।

सरकारी तथ्याङ्कअनुसार नै सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुरमा मात्र २४ हजार ७ परिवार मोही किसान छन् । पछिल्लो पटकको सुकुमबासी समस्या समाधान आयोगमा जग्गा दर्ताका लागि निवेदन दिने भूमिहीन, सुकुमबासी र अब्यवस्थित बसोबासीको सङ्ख्या दोलखा, काभ्रे सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, गोरखा, ओखलढुङ्गा, सिन्धुली र रामेछापबाटै ४२ हजार ३ सय ५४ छन् । यिनै जिल्लामा २५ हजार २ सय ५९ हेक्टर गुठी जग्गा छ । यस्ता समस्याको सरल समाधान नखोजी पुनर्निर्माण झन जटिल बन्दै जाने निश्चित छ । त्यसैले समयमै उचित कदम चाल्नु आवश्यक छ ।

## भूमि ब्यवस्थापन पहिलो प्राथमिकता

पुनर्निर्माण र अनुदान रकम वितरणमा भएको ढिलाइको मुख्य कारण जमिनको स्वामित्वसँग जोडिएको छ । केही उदाहरण हेरौं, सिन्धुपाल्चोकको फटकशिलामा १ हजार ७६ परिवारको नाम लाभग्राही सूचीमा प्रकाशन भयो । तर लालपुर्जा नहुँदा पहिलो चरणमा १ सय ९४ परिवारसँग मात्र अनुदानका लागि सम्झौता भयो । दोलखाका ज्ञानमाया विक पाँच पुस्तादेखि अर्काको जग्गा कमाउँदै आएकी थिइन् । उनले जग्गाको हक त पाइनन् नै भत्केको घर पुनःबनाउन जग्गाधनीले मञ्जुरीनामा समेत दिएनन् ।

विभिन्न जिल्लामा गुठी, बिर्ता जग्गा कमाउने, मोही किसान, सरकारी पर्ती जग्गामा बसेकाहरूको सङ्ख्या ठूलो छ । उनीहरूको समस्या सम्बोधन नगरी पुनर्निर्माण सम्भव छैन । जमिनको भौगर्भिक अवस्था, गुणस्तर पहिचान नगरी भत्ककै ठाउँमा घर बनाउने कामलाई पुनर्निर्माण कसरी भन्ने ? अर्को कुरा जहाँ जमिन कमजोर छ, त्यहाँ बढी क्षति भएको छ । त्यसैले भूकम्प प्रतिरोधी घर बनाउन जग बलियो बनाएर मात्र हुँदैन । जमिन पनि बलियो रोज्नुपर्छ । साथै पुनर्निर्माणसँग मानिसको जीविका, रितिरिवाज, समृद्धि पनि जोडिने भएकाले कृषि क्षेत्र, बसोबास क्षेत्र, सार्वजनिक क्षेत्र, वन क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटन क्षेत्रबारे आजै सोच्नुपर्छ ।

## बुझाइमा स्पष्टता

पुनर्निर्माण के हो ? यसैमा अलमल देखिन्छ । यस अर्थमा बुझ्दा प्राकृतिक स्रोत साधनलाई ठीक अवस्थामा ल्याउने । भौतिक संरचनाहरू बलियो र ब्यवस्थित बनाउने । सबैको सहज पहुँच हुने गरी उपयुक्त संरचनाहरू निर्माण गर्ने । जग्गाको वर्गिकरण गरी उपयोगिताका आधारमा ब्यवस्थापन गर्ने काम हो पुनर्निर्माण । साथै यसले मान्छेको भावनासमेत बदलेर हिजोदेखि समाजमा

पुनर्निर्माण के हो ? यसैमा अलमल देखिन्छ । यस अर्थमा बुझ्दा प्राकृतिक स्रोत साधनलाई ठीक अवस्थामा ल्याउने । भौतिक संरचनाहरू बलियो र ब्यवस्थित बनाउने । सबैको सहज पहुँच हुने गरी उपयुक्त संरचनाहरू निर्माण गर्ने । जग्गाको वर्गिकरण गरी उपयोगिताका आधारमा ब्यवस्थापन गर्ने काम हो पुनर्निर्माण ।

उठ्दै आएका जातिय, क्षेत्रीय, वर्गिय, लैङ्गिक मुद्दाहरू सम्बोधन गर्नुपर्छ । पुनर्निर्माणको अर्थ घर निर्माण मात्र होइन । पहिरो जाने ठाउँमै घर बनायौं, जमिन फाटेको ठाउँमै बस्ती बसायौं, पानीको मूल संरक्षण गरेनौं, बाँझो रहेको जग्गा उपयोगमा ल्याउन सकेनौं, विस्थापित परिवारलाई उचित ठाउँ दिन सकेनौं र जनजीविकाको कुरा विचार गर्न सकेनौं भने कसरी पुनर्निर्माण भएको मान्ने ?

## समुदाय परिचालनमा जोड

भूकम्प आउँदा एउटा परिस्थिति थियो । सरकार, संघ संस्था, उद्योगी ब्यवसायी सबैले सक्दो सहयोग गरे । त्यो उद्धार र राहतको बेला हो । यस्तो बेलामा सरोकारवालाहरू बढी चिन्तित हुनुपर्थ्यो र भएपनि । अव पुनर्निर्माणको समय आयो । यसबेला सबैभन्दा बढी जिम्मेवार स्थानीय समुदाय नै हुनुपर्छ र सरकारले त्यो वतावरण सिर्जना गर्नुपर्छ । जसले गर्दा स्थानीय मौलिकता, ज्ञान, स्रोत, मागअनुसारको संरचना बन्छन् । अहिले देखिएका ब्यवहारिक कठिनाइहरू पनि समाधान हुँदै जान्छन् । अहिले पुनर्निर्माण योजनाप्रति न समुदायको अपनत्व छ । न सरकारको जवाफदेहिता । समुदायले सबै काम सरकारले गरिदिनुपर्छ भन्ने बुझेको छ । सरकार २ लाख बाँड्न पाए पुग्यो भन्ने मनस्थितिमा छ । यो मानसिकताबाट फराकिलो भई समुदायकै निर्णय, सहभागिता र स्रोतमा आधारित पुनर्निर्माण अभियान चलाउनुपर्छ ।

## मौलिक योजना

पुनर्निर्माण सम्बन्धमा आआफ्नै बुझाई र माग छन् । घरको डिजाइन र अनुदान रकम सबैभन्दा बढी चर्चा हुने विषय हुन् । साथै महिला मैत्री, अपाङ्ग मैत्री संरचनाको कुरा पनि चर्चामा छ । अहिले स्थानीय संस्कृति सुहाउँदो हुनुपर्ने पनि कुरा पनि जोडतोडले उठेको छ । आदिवासी जनजातिहरूले घुमाउने (गोलो आकारको) घर बनाउँछन् । पुजा कोठा, भान्सा कोठा, पाहुना कोठा, भण्डारण कोठा छुट्टै हुन्छ । सरकारले निर्धारण गरेको डिजाइनमा यो कुरा नआएपछि जनजातिहरूको मौलिकता हराउने मात्र होइन पर्यटकीय क्षेत्रका आकर्षण घट्ने कुरामा पनि चिन्ता छ । सरकारले दिएको घरको डिजाइन र अनुदान रकम पनि ब्यवहारिक छैन । सिनधुपाल्चोकको मेलम्ची र भोताङमा एउटै डिजाइनको घर उही मुल्यमा कसरी बन्न सक्छ ? त्यसकारण भूगोल, यातायात र वर्गीय समस्यासमेत विचार गरी स्थानीय तहमा योजना बनाइनुपर्छ ।

संघ संस्थाहरूका पनि आफ्नै योजना छन् । सिन्धुपाल्चोक किउलका एक जना भन्दै थिए, हामीले एक संस्थाबाट घर निर्माणमा सहयोग पाइरहेका छौं । तर त्यो सहयोग समुदायको मागभन्दा संस्थाको योजनाअनुसार छ । घर बलियो बनाउन छड सिमेन्ट राख्ने हाम्रो इच्छा छ । काठ मात्र प्रयोग गर्न पाउने संस्थाको नियम । सुरबन्धनका लागि काठ प्रयोग भइरहेको छ । बलियो काठ (साल) पाइदैंन । अन्य काठ धमिरोले एक वर्षमै सिध्याउँछ । त्यो घर कसरी भूकम्प प्रतिरोधी हुन्छ ?

**घर बलियो बनाउन छड सिमेन्ट राख्ने हाम्रो इच्छा छ । काठ मात्र प्रयोग गर्न पाउने संस्थाको नियम । सुरबन्धनका लागि काठ प्रयोग भइरहेको छ । बलियो काठ (साल) पाइदैंन । अन्य काठ धमिरोले एक वर्षमै सिध्याउँछ । त्यो घर कसरी भूकम्प प्रतिरोधी हुन्छ ?**

## पुनर्निर्माण शिक्षा

धादिङ सदरमुकाम नजिकैको खेतमा सानो अस्थायी बस्ती छ । उनीहरू तिप्लिङ गाविसबाट विस्थापित भई आएका हुन् । आफ्नो स्वामित्वमा भएको जग्गामा पहिरो गएपछि मासिक १४ हजार भाडा तिरेर अस्थायी बासमा बसेका छन् । सरकारले विस्थापितहरूको पुनर्स्थापना कसरी गर्छ भन्ने जानकारी उनीहरूलाई छैन । अनुदान सम्झौताका जग्गाधनी पुर्जा चाहिने भएपछि भूकम्प प्रभावित सबै जिल्लामा अंश बण्डा गर्नेको सङ्ख्या ठूलो छ । दुर्गमका मान्छेहरू ३/४ दिन पैदल हिडेर सदरमुकाम आउँछन् । प्रक्रियागत ज्ञान र प्रमाण अभावले एकै दिन काम गर्न सकिँदैन । त्यसपछि उनीहरूले सहयोगी खोज्छन् । काम त हुन्छ, तर मालपोतमा लाग्नेभन्दा बढी खर्च सहयोगीलाई दिनुपर्छ । यस्ता थुप्रै समस्या भोग्नु परेको छ, भूकम्प पीडित परिवारले ।

त्यसकारण पुनर्निर्माण शिक्षा पनि अहिलेको आवश्यक्ता हो । यस्तो शिक्षाका लागि पाठ्क्रम नै तयार गरिनु पर्छ । यसले तोकिएको डिजाइनअनुसार घर निर्माण, अनुदानको सही उपयोग, स्थानीय स्रोत परिचालन, योजना निर्माण, प्रमाण सङ्कलन जस्ता कार्यमा सहयोग पुऱ्याउँछ ।

## स्थानीय निकायलाई जिम्मेवारी

सरकारले स्रोत र शक्ति केन्द्रमा राखेर गाउँको पुनर्निर्माण गर्न सक्दैन । यसका लागि स्थानीय निकायलाई जिम्मेवार, जवाफदेही र सक्षम बनाउनुपर्छ । समुदायको योगदान र स्थानीय स्रोत परिचालनलाई मुख्य रणनीतिको रूपमा लिई पुनर्निर्माण अभियान चलाउनुपर्छ । सरकारले क्षति र लागतको अनुमान गरिसकेको छ । कुन क्षेत्रमा कति स्रोत आवश्यक पर्ने भन्ने पनि थाहा छ । यति भएपछि अनुमातिन रकम र पुनर्निर्माणको ढाँचा दिएर निश्चित लक्ष्य निर्धारण गरी स्थानीय निकालाई जिम्मेवारी दिने हो भने स्वस्थ प्रतिस्पर्धाका साथ पुनर्निर्माण हुन्छ । गलत सूचना दिने, रकम दुरूपयोग गर्ने जस्ता समस्या पनि समुदाय तहमै हल हुन्छन् । ✿

# भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, पारित मिति १७ जेठ, २०७३

भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थान्तरणको लागि आवश्यक पर्ने वन क्षेत्रको जग्गा उपलब्ध गराउने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनिय भएकाले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन २०७२ को दफा- ४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७२ रहेको छ। (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “आयोजना” भन्नाले भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणसम्बन्धी आयोजना सम्झनुपर्छ।

(ख) “कार्यालय” भन्नाले प्राधिकरणको कार्यालय सम्झनुपर्छ।

(ग) “व्यक्ति” भन्नाले भूकम्पबाट घर क्षतिग्रस्त भई अन्यत्र पुनर्वास तथा स्थानान्तरण गराउनुपर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको एका सगोलका पति-पत्नी, आमा-बाबु, बाजे-बज्यै सासु-ससुरा, छोरा-छोरी, धर्मपुत्री, नाति वा नातिनीलाई समेत जनाउँछ।

(घ) “वन” भन्नाले पूर्ण वा आंशिकरूपमा रुखहरूले ढाकिएको क्षेत्र सम्झनुपर्छ।

(ङ) “समिति” भन्नाले दफा ५ बमोजिमको वन क्षेत्रको जग्गा सिफारिस समिति सम्झनुपर्छ।

---

**आयोजना प्रमुखले आयोजना कार्यान्वयनको लागि सम्भव भएसम्म वन क्षेत्रको जग्गा प्रयोग नहुने गरी आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ।**

---

३. **सम्भाव्यता अध्ययन गर्नुपर्ने :** आयोजना प्रमुखले आयोजना कार्यान्वयनको लागि सम्भव भएसम्म वन क्षेत्रको जग्गा प्रयोग नहुने गरी आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ।

४. **वन क्षेत्रको जग्गा माग गर्न सक्ने** : (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनको लागि अन्य उपयुक्त विकल्प नभई वन क्षेत्रको जगा नै आवश्यक पर्ने भएमा आयोजना प्रमुखले आयोजनाको सम्भाव्यता अध्ययन गरी वा गराई सो जग्गाको नक्सा सङ्लग्न गरी वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाहिको लागि देहायको विवरण कार्यालय समक्ष पेश गर्न सक्नेछ :-

(क) वन क्षेत्र रहेको जिल्लामा, गाउँ विकास समिति वा नगरपालिकाको नाम तथा वडा नम्बर,

(ख) आयोजनाको प्रयोजन तथा आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गाको क्षेत्रफल,

(ग) वनको किसिम

(घ) वन क्षेत्रको जग्गा उपलब्ध गराउनपर्ने वातावरणीय तथा जैविक प्रभाव,

(ङ) वन क्षेत्रको जग्गा उपलब्ध गराँउदा सो बराबरको जग्गा सट्टाभर्ना हुन सक्ने वा नसक्ने र सक्ने भए जग्गा उपलब्ध हुने जिल्ला, गाउँ विकास समिति वा नगरपालिकाको नाम र वडा नम्बर,

(च) रुख विरुवाको कटान, मुछान, ढुवानी तथा घाटगद्दीसम्बन्धी योजना।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण जाँचबुझ गर्दा आयोजना कार्यान्वयनको लागि माग बमोजिमको लागि बमोजिमको वन क्षेत्रको जग्गा उपलब्ध गराउन मनासीव देखिएमा कार्यालय प्रमुखले आवश्यक कारबाहीको लागी यथासिघ्र समिति समक्ष लेखी पठाई त्यसको जानाकारी प्राधिकरणलाई दिनुपर्नेछ।

५. **समिति :** आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धमा कार्यकारी समिति समक्ष सिफारिस एक वन क्षेत्रको जग्गा सिफारिस समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी- अध्यक्ष

(ख) स्थानीय विकास अधिकारी- सदस्य

(ग) प्रमुख कार्यकारी अधिकृतले तोकेको प्राधिकरणको एक जना अधिकृत कर्मचारी

(घ) प्रमुख कार्यकारी अधिकृतले तोकेको नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको अध्यक्ष र निज नभएमा नगरपालीकाको कार्यकारी अधिकृत वा गाउँ विकास समितिको सचिव- सदस्य

(ङ) जिल्ला वन कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत कर्मचारी- सदस्य-सचिव

६. **समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक बस्नको लागि समितिको अध्यक्ष र सदस्य- सचिव सहित कम्तीमा तीन सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिले आवश्यकताअनुसार विषय विज्ञ एवम् सरोकारवाला निकायका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **जग्गा सिफारिस गर्न सक्ने :** दफा ४ को उपदफा (२) बमोजिम वन क्षेत्रको जग्गा उपलब्ध गराउन कार्यालयबाट लेखी आएमा समितिको सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा वन क्षेत्रको जग्गा आयोजनालाई उपलब्ध गराउन मनासीव देखेमा सोको कारण खुलाई पन्ध्र दिनभित्र कार्यकारी समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

८. **उपलब्ध गराउन नसकिने वन क्षेत्रको जग्गा :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनाको लागि देहायको वन क्षेत्रको जग्गा उपलब्ध गराउन सकिने छैन :-

(क) राष्ट्रिय निकुञ्ज क्षेत्र,

(ख) आरक्ष क्षेत्र,

(ग) संरक्षण क्षेत्र,

(घ) संरक्षित वन क्षेत्र,

(ङ) विश्व सम्पमा सूचीमा परेको क्षेत्र,

९. **उपलब्ध गराउन सकिने वन क्षेत्रको जग्गा :** आयोजनाको लागि दफा ८ मा उल्लिखित वन क्षेत्र र चारैतिर वनले घेरिएको वन क्षेत्र बाहेकको जग्गा मात्र उपलब्ध गराउन सकिनेछ :-

(क) हैसियत बिग्रेको वन क्षेत्र,

(ख) अतिक्रमण गरी खाली गराइएको वन क्षेत्र,

(ग) अतिक्रमणको जोखिम रहेको वन क्षेत्र।

१०. **स्वीकृति दिने :** दफा ७ बमोजिम आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउन समितिबाट सिफारिस प्राप्त भएमा कार्यकारी समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा वन क्षेत्रको जग्गा उपलब्ध गराउन उपयुक्त देखेमा सात दिनभित्र स्वीकृति दिई सो को जानकारी समिति, कार्यालय र आयोजना प्रमुखलाई गराउनुपर्नेछ।

११. **जग्गा सट्टाभर्ना गर्नुपर्ने :** कार्यकारी समितिले दफा १० बमोजिम आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने स्वीकृति दिँदा सो क्षेत्रफल बराबरको जग्गा आयोजनाबाट वन विकासको लागि सट्टाभर्ना दिने गरी स्वीकृति भएमा आयोजनाले त्यस्तो जग्गा सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

१२. **कटान, मुछान, घाटगद्दी तथा हस्तान्तरण गर्ने :** दफा १० बमोजिम आयोजनाको लागि स्वीकृति दिइएको वन क्षेत्रको जग्गाबाट रुख, विरुवा तथा काठ हटाउनपर्ने भएमा आयोजना प्रमुखले आयोजनाको बजेटबाट रुख, विरुवा तथा काठ कटान, मुछान, ढुवानी तथा घाटगद्दी गरी समूहद्वारा व्यवस्थापन भएको वन भए सम्बन्धित समूहलाई र सरकारद्वारा व्यवस्थित वन भए जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।

१३. **वृक्षारोपण तथा स्याहार सम्भार गर्नुपर्ने:**

(१) दफा ११ बमोजिम सट्टा भर्ना वापत उपलब्ध गराइएको जग्गामा सम्बन्धित आयोजनाले दश सेन्टिमिटरभन्दा बढी व्यास भएका रुखहरूको १:१० अनुपातमा वृक्षारोपण गरी पाचँ वर्षसम्म स्याहार सम्भार गर्न सम्बन्धित जिल्ला वन कार्यालयलाई लेखि पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको काम गर्न लाग्ने रकम सम्बन्धित जिल्ला वन कार्यलयको मागका आधारमा आयोजनाले उपलब्ध गराउनेछ।

१४. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको हकमा वन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ।

## सूचना-३

### भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि

भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कारबाहीलाई सरल र प्रभावकारी बनाउन वाञ्छनिय भएकोले, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण सम्बन्धी ऐन्, २०७२ को दफा ४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि २०७२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “कार्यालय“ भन्नाले प्राधिकरणको कार्यालय सम्झनुपर्छ।

(ख) “जग्गा” भन्नाले भूकम्पबाट प्रभावित व्यक्तिको घर वा घरले चर्केको रैकर, स्ववासी, वेनिस्सा, बिर्ता वा गुठी अधिनस्थ जग्गा सम्झनुपर्छ र सो शब्दले त्यस्तो व्यक्ति वा निजको परिवारको पुनर्वास वा स्थानान्तरणको लागि आवश्यकपर्ने सरकारी वा वन क्षेत्रको जग्गा समेतलाई जनाउँछ।

(ग) “परिवार” भन्नाले भूकम्पबाट घर

क्षतिग्रस्त भई सोहि स्थान वा अन्यत्र पुनर्वास वा स्थानान्तरण गराउनुपर्ने व्यक्तिको एका सगोलका पति-पत्नी, आमा-बाबु, बाजे-बज्यै, सासु-ससुरा, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, नाति, वा नातिनी सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको जग्गा दर्ता समिति सम्झनुपर्छ।

(ङ) "स्थानीय निकाय" भन्नाले नगरपालिका वा गाउँ विकास समिति सम्झनुपर्छ

**३. जग्गा दर्ताको लागी निवेदन दिन सक्ने :**

(१) भूकम्पबाट प्रभावित कुनै व्यक्तिले परम्परादेखि भोग चलन गरी आएको जग्गा आफ्नो नाममा दर्ता गर्न चाहेमा कार्यालयले तोकेको अवधिभित्र सम्बन्धित स्थानीय निकाय वा समिति समक्ष निवेदन सक्नेछ।

(२) भूकम्पबाट प्रभावित व्यक्तिले देहायको अवस्थामा पुनर्वास वा स्थानान्तरणको लागि अनुसूची बमोजिमको ढाँचामा कार्यालयले तोकेको अवधिभित्र कार्यालय वा सम्बन्धित स्थानीय निकाय वा समिति समक्ष निवेदन दिन सक्नेछ।

(क) घर क्षतिग्रस्त भई बसोबास गर्न मिल्ने अवस्था नभएमा,

(ख) घर बास भएको स्थानमा भौगर्भिक कारणबाट घर बनाउन जोखिम हुने भएमा र

(ग) आफू वा आफ्नो परिवारको नाममा नेपाल राज्यभर घर वा जग्गा नभएमा।

(३) कसैले उपदफा (१) बमोजिमको निवेदन स्थानीय निकाय समक्ष दिएका भए सो निकायले त्यस्तो निवेदन सात दिनभित्र समिति समक्ष पठाउनुपर्नेछ।

(४) कसैले उपदफा (२) बमोजिमको निवेदन स्थानीय निकाय समक्ष दिएको भए सो निकायले त्यस्तो निवेदन सात दिनभित्र कार्यालयमा पठाउनुपर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय आफैले जोखिम युक्त बस्ती पहिचान गरी त्यस्तो बस्तीका व्यक्ति वा परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण वा पुनर्वास गराउने प्रयोजनको लागि सम्बन्धित व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता गर्न आवश्यक कारवाही अघि बढाउन सक्नेछ।

(६) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कुनै व्यक्ति वा परिवारलाई वा उपदफा (५) बमोजिम पहिचान गरिएको जोखिमयुक्त बस्तीका व्यक्ति वा निजको परिवारलाई पुनर्वास वा स्थानान्तरण गराउन उपयुक्त देखिएमा कार्यालयले सोको लागि आवश्यक पर्ने जग्गा पहिचान गर्ने, त्यस्तो जग्गा नाप नक्सा गर्ने वा गराउने र पुनर्वास वा स्थानान्तरणको लागि विस्तृत बस्ती योजना तयार गरी वा गर्न लगाई दर्ता गर्ने सम्बन्धमा आवश्यक कारवाहीको लागि समितिमा लेखी पठाउनुपर्नेछ।

(७) उपदफा (६) बमोजिम जग्गा दर्ताको लागि लेखी आएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारको पुनर्वास वा स्थानान्तरणको लागि त्यस्तो जग्गा दर्ता गर्न उपयुक्त देखिएमा सो को कारणसहित कार्यकारी समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम समितिबाट प्राप्त सिफारिस जाँचबुझ गरी कार्यकारी समितिले सो जग्गा दर्ता गर्ने निणर्य गरेमा प्राधिकरणले सो को जानकारी समितिलाई गराउनुपर्नेछ।

**४. समितिको गठन :** भूकम्पबाट प्रभावित क्षेत्रमा जग्गा दर्तासम्बन्धी आवश्यक कारबाही गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जग्गा दर्ता समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी- अध्यक्ष

(ख) स्थानीय विकास अधिकारी- सदस्य

(ग) जिल्ला वन कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत- सदस्य

(घ) प्रमुख, नापी कार्यालय- सदस्य

(ङ) प्रमुख, मालपोत, कार्यालय- सदस्य

**५. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिकै बैठक बस्नको लागि समितिको अध्यक्ष र सदस्य- सचिव सहित कम्तीमा तीन सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ।

(३) समितिको बैठक बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णयक मत दिनेछ।

(४) समितिले आवश्यकताअनुसार विषय विज्ञ एवम् सरोकारवाला निकायको प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने।

(५) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निधरिण गरे बमोजिम हुनेछ :-

(क) जग्गा दर्तासम्बन्धी कारबाही गर्दा दफा ३ बमोजिम प्राप्ता निवेदन र कागजातका अतिरिक्त पुरक निवेदन वा थगप कागज प्रमाण आवश्यकपर्ने भएमा सम्बन्धित व्यक्तिवाट पेश गर्न लगाउने,

(ख) आवश्यकताअनुसार जग्गाको फिल्डबुक, नक्सा, तिरो, लगतको प्रमाण सम्बन्धित व्यक्तिबाट पेश गर्न लगाउने,

(ग) निवेदकको हकभोग रहे नरहेको सम्बन्धमा साँध, सधिँयार तथा स्थानीय निकायको प्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन गर्ने, गराउने,

(घ) जग्गाको हकदाबी सम्बन्धमा उजूरी गर्न काठमाडौं उपत्यकाको हकमा राष्ट्रियस्तरको दैनिक समाचारपत्र र अन्यत्रको हकमा स्थानीय समाचारपत्रमा पन्ध्र दिनको सूचना प्रकाशन गर्ने,

(ङ) खण्ड (घ) बमोजिम उजूरी परेमा सोको छानबिन एवम् प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र निर्णय गर्ने,

(च) सम्बन्धित जग्गाको मोठ मालपोत कार्यालयबाट भिडाउने,

(छ) जग्गा वा लगत रोक्का भए नभएको मालपोत कार्यालयसँग बुझ्ने,

(ज) प्राप्त कागज प्रमाण सम्बन्धित कार्यालयबाट भिडाउने,

(झ) जग्गामा निजको हक भोग भए नभएको एकिन गर्ने।

**७. रैकर जग्गा दर्तासम्बन्धी व्यवस्था :**

(१) समितिले रैकर जग्गा दर्ता गर्नु अघि त्यस्तो जग्गाको फिल्ड बुकमा जोताहा उल्लेख भए निज जोताहा बुझी जग्गाधनी यकिन गरेर मात्र जग्गा दर्ताको निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले जग्गा दर्ता गर्ने निर्णय गरेपछि सो जग्गाको नाप जाँच भएको वर्षदेखि चालु आर्थिक वर्ष (मालपोत मिनाहा भएको भएको भए सो वर्षको बाहेक) सम्मको मालपोत सम्बन्धित व्यक्तिबाट असूल गर्न सम्बन्धित स्थानीय निकायमा लेखी पठाउनुपर्नेछ।

**८. बिर्ता जग्गा दर्तासम्बन्धी व्यवस्था :**

(१) समितीले बिर्ता जग्गा दर्ता गर्नु अघि देहाय बमोजिमको प्रक्रिया पुरा गरेरमात्र जग्गा दर्ताको निर्णय गर्नुपर्नेछ :-

(क) "क" श्रेणीको बिर्ता जग्गा भए प्रचलित कानुनले तोकेको प्रमाणसमेत दाखिला गर्न लगाउने,

(ख) "ख" श्रेणीको बिर्ता जग्गा भए सम्बन्धित व्यक्तिबाट बिर्ता (पोता) लगत, कुत कबुलियत, जोताहा अस्थायी निस्सा माग गर्ने,

(ग) फिल्डबुबबाट देखिएका जग्गाधनी बुझी बिर्ता हो, होइन एकिन गर्ने।

(२) दफा (१) बमोजिम समितिले जोताहाको नाममा "क" श्रेणीको बिर्ता जग्गा दर्ता गर्ने निणर्य गरेपछि सो जग्गाको सम्वत् २०१६ साल देखि चालु आर्थिक वर्षसम्मको मालपोत सम्बन्धित व्यक्तिबाट असुल गर्ने स्थानीय निकायमा लेखी पठाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम समितिले जोताहाको नाममा "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गर्ने निर्णय गरेपछी सो जग्गामा प्रचलित कानुन बमोजिम रष्ट्रिेशन प्रयोजनाको लागि कायम भएको न्यूनतम मूल्याङ्कनको दश प्रतीशतले हुने रकम तथा चालु आर्थिक वर्षको लागि ताकिएको मालपोतको सात दोब्बरले हुने रकम म्बन्धित व्यक्तिबाट असुल गर्न मालपोत कार्यालयलाई लेखि पठाउनपर्नेछ।

**९. स्ववासी जग्गा दर्तासम्बन्धी व्यवस्था :**

(१) समितिले स्ववासी जग्गा दर्ता गर्नु अघि त्यस्तो जग्गाको फिल्ड बुकमा जग्गासँग प्रत्यक्ष सम्बन्ध राख्ने घरबारी, घडेरी, करेसाबारी, रछ्यानबारी, घरगोठ, मटान, कटेरो, तवेला जस्ता बिरह र नापी नक्सामा सोही बमोजिमको सङ्केत रहे नरहेको बुझी जग्गा दर्ताको निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले जग्गा दर्ता गर्ने निर्णय गरेपछि त्यस्तो जग्गाको नाप जाँच भएको वर्षदेखि चालु आर्थिक वर्ष (मालपोत मिनाहा भएको भए सो वर्षको बाहेक) सम्मको मालपोत सम्बन्धित व्यक्तिबाट असुल गर्न स्थानीय निकायमा लेखि पठाउनुपर्नेछ।

**जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय आफैले जोखिम युक्त बस्ती पहिचान गरी त्यस्तो बस्तीका व्यक्ति वा परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण वा पुनर्वास गराउने प्रयोजनको लागि सम्बन्धित व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता गर्न आवश्यक कारवाही अघि बढाउन सक्नेछ।**

**१०. वेनिस्सा जग्गाको दर्तासम्बन्धी व्यवस्था :**

(१) समितिले वेनिस्सा जग्गा दर्ता गर्नु अघि त्यस्तो जग्गा नापी हुँदा जग्गाको फिल्ड बुकमा व्यक्तिको नाम र बिरहमा आवादी अर्थ आउने व्यहोरा भए नभएको एकिन गरेरमात्र जग्गा दर्ताको निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम जग्गा दर्ता गर्ने निर्णय भएपछि समितिले वेनिस्सामा दर्ता भएको जग्गाको नाप जाँच भएको वर्षदेखि चालु आर्थिक वर्ष (मालपोत मिनाहा भएको भए सो वर्षको बाहेक) सम्मको मालपोत सम्बन्धित व्यक्तिबाट असुल गर्न स्थानीय निकायमा लेखी पठाउनुपर्नेछ।

**११. गुठी अधिनस्थ जग्गाको दर्ता सम्बन्धी व्यवस्था :**

(१) समितिले गुठी अधिनस्थ जग्गा दर्ता गर्नु अघि त्यस्तो जग्गा नापी हुँदा जग्गाको फिल्ड बुकमा जोताहा र गुठीको नाम उल्लेख भए गुठी अधिनस्थ जनाई जोताहा कायम गरी जग्गा दर्तागर्ने निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा दर्ता गर्ने निर्णय भएपछि समितिले जग्गा नाप जाँच भएको वर्ष देखिको कूत सम्बन्धित व्यक्तिबाट असुल गर्न गुठी कार्यालय वा गुठी कार्यालय नभएको इलाकामा गुठी कार्यालयको काम गर्ने मालपोत कार्यलयमा लेखि पठाउनुपर्नेछ।

**१२. सरकारी तथा वन क्षेत्रको जग्गा दर्ता सम्बन्धी विशेष व्यवस्था:**

(१) यस कार्य विधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारलाई पुनर्वास वा स्थानान्तरण गर्नको लागि सरकारी जग्गा आवश्यक पर्ने भई दफा ३ को उपदफा (७) बमोजिम समितिबाट सिफारिस प्राप्त भएमा कार्यकारी समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा जग्गा दर्ता गर्न उपयुक्त देखेमा जग्गा दर्ता गर्ने निर्णय गरी सोको जानकारी समितिलाई दिनुपर्नेछ।

(२) यस कार्य विधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारलाई पुनर्वास वा स्थानान्तरण गर्नको लागि वन क्षेत्रको जग्गा आवश्यक पर्ने भएमा कार्यकारी समितिले प्रचलित कानुनको अधिनमा रही जग्गा दर्तासम्बन्धी निर्णय गरी सोको जानकारी समितिलाई दिनु पर्नेछ।

**१३. जग्गा दर्तासम्बन्धी पुरानो निवेदनको टुङ्गो लगाउन सक्ने** : यो कार्य विधि प्रारम्भ हुनु अघि भूकम्पबाट प्रभावित व्यक्तिका नाममा रैकर, बिर्ता, स्ववासी, वेनिस्सा वा गुठी अधिनस्थ जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत कार्यालय वा नेपाल सरकारले प्रचलित कानुन वमोजिम गठन गरेको समिति वा अन्य निकाय समक्ष कुनै निवेदन विचाराधिन रहेको भए समितिले त्यस्तो निवेदन माग गरी यस कार्यविधि वमोजिमको प्रक्रिया अवलम्वन गरी निवेदनको टुङ्गो लगाउन सक्नेछ।

**१४. कुनै शुल्क वा रकम नलाग्ने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारलाई पुनर्वास वा स्थानान्तरणको लागि जग्गा दर्ता गर्दा कुनै शुल्क वा रकम लाग्ने छैन।

**१५. जग्गाको दर्ता तथा हदबन्दी** :

(१) भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारको पुनर्वास वा स्थानान्तरणको लागि बढीमा देहाय बमोजिमको हदबन्दी कायम गरी जग्गा दर्ता गरिनेछ।

(क) काठमाडौं महानगरपालिका, ललितपुर, उपमहानगरपालिका, भक्तपुर नगरपालिकार मध्यपुर थिमी नगरपालिकाभित्र १२७.१६ वर्ग मिटर,

(ख) खण्ड (क) बाहेकका नगरपालिका र जिल्ला सदरमुकाम रहेका गाउँ विकास समितिमा १९०.७४ वर्ग मिटर,

(ग) अन्य क्षेत्रभित्र ३१७.९० वर्ग मिटर।

**१६. निर्णय गरिसक्नुपर्ने** : समितिले दफा ३ को उपदफा (१) वा (२) वा दफा १३ वमोजिम निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र जग्गा दर्तासम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।

**१७. जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने** :

(१) समिति वा कार्यकारी समितिबाट यस कार्यविधि बमोजिम जग्गा दर्ता गर्ने निर्णय भएपछि सो निर्णय कार्यान्वयनको लागि यथासिघ्र सम्बन्धित मालपोत कार्यालयमा लेखि पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा मालपोत कार्यालयले सो जग्गाको कित्ताकाट गर्नुपर्ने भए सो समेत गर्न लगाई फिल्ड बुक र लगतमा जनाई सम्बन्धित व्यक्तिलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलव्ध गराउनुपर्नेछ।

**यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भूकम्पबाट प्रभावित व्यक्ति वा निजको परिवारलाई पुनर्वास वा स्थानान्तरणको लागि जग्गा दर्ता गर्दा कुनै शुल्क वा रकम लाग्ने छैन।**

(३) मालपोत कार्यालयले पुनर्वास वा स्थानान्तरण भएका व्यक्तिलाई उपलब्ध गराउने जग्गाधनी दर्ता प्रमाण पुर्जामा दफा १८ मा उल्लेखित अवधिभित्र त्यस्तो जग्गा बिक्री गर्न वा हक हस्तान्तरण गर्न नपाउने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ।

**१८. बिक्री वा हक हस्तान्तरण गर्न नपाउने** : भूकम्प प्रभावित कुनै व्यक्ति वा परिवारले पुनर्वास वा स्थानान्तरण हुँदा पाएको जग्गा १० वर्षसम्म बिक्री गर्न वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न पाउने छैन।

**१९. प्रचलित कानुन वमोजिम हुने** : यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि वमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको हकमा जग्गा दर्तासम्बन्धी प्रचलित कानुन वमोजिम हुनेछ।

## अनुसुची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## पुनर्वास वा स्थानान्तरणको लागि दिने निवेदनको ढाँचा

सम्वत् २०७२ साल वैशाख १२ गतेको भूकम्प वा तत्पश्चात पराकम्पबाट घर क्षतिग्रस्त भई बसोबास गर्न मिल्ने अवस्थामा नभएको घरबास भएको स्थानमा भैागर्भिक कारणबाट घर बनाउन जोखिम हुने भएको र आफू वा आफ्नो परिवारको नाममा नेपाल राज्यभर घर वा जग्गा नभएकोले पुनर्वास वा स्थानान्तरणको लागि देहायको कागजात सङ्लग्न गरी निवेदन गरेको छु।

### निवेदनसाथ सङ्लग्न कागजात

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) भूकम्प प्रभावित क्षेत्रमा स्थायी बसोबास गरेको भन्ने व्यहोरा खुल्ने स्थानीय निकायको सिफारिस,

(ग) भोग चलन, तिरोभरो गरेको कागज प्रमाण भए सो प्रमाणको प्रतिलिपि,

**निवेदकको**

पुरा नाम :

दस्तखत :

सही छाप :

पुरा ठेगाना :

बाबुको नाम

बाजेको नाम :

सम्पर्क फोन/मोबाइल/इमेल :

नागरिकता नं./मतदाता परिचय पत्र नं. :

मिति :

# मोही जग्गा बाँडफाँट गरौं

नेपाल सरकारले २०७३ साल भदौ ६ गते राजपत्रमा सूचना प्रकाशन गरी मोही लागेको जग्गा मोही र जग्गावालाबीच बाँडफाँटको लागि निवेदन दिने म्याद १ वर्ष २०७४ भदौ ५ गतेसम्म दिएको छ। साथै यो अवधिमा परेका निवेदन उपर कारबाहीको टुङ्गो लगाई मोही र जग्गावालाबीच जग्गा बाँडफाँट गरी सक्नुपर्ने अवधि २ वर्ष अर्थात २०७५ भदौ ५ सम्म तोकेको छ। यसरी सूचना प्रकाशन भएसँगै दशकभन्दा बढीदेखि रोकिएको मोही बाँडफाँटको बाटो खुला भएको छ र अब कानुनीरूपमै मोही र जग्गावालाले मोही लागेको जग्गा आधा-आधा बाँडफाँट गरी लिन सक्ने भएका छन्।

विगतमा मोही लागेको जग्गा बाँडफाँट हुँदा मोहीभन्दा जग्गाधनीले नै बढी फाइदा लिएका छन्। मोहीले जग्गा लिनुपर्नेमा धेरैले नगद बुझेको देखिन्छ। यो नगद पनि कागतमा मात्र देखाइएको तर मोहीले नपाएको अवस्था छ। विगतमा बाँडफाँट प्रक्रिया पनि सरल थिएन। जमिनमा श्रम गर्ने मोहीको स्वामित्वमा जमिन पुऱ्याउनु, उसलाई सुरक्षित गर्नु र उत्पादन बढाउनु मोही बाँडफाँटको उद्देश्य हो। तर फेरी पनि धेरथोर रकम लिएर मोहीले जग्गा छाड्ने हो भने सरकारले खुल्ला गरेको मोही बाँडफाँटको अर्थ मोही लगत कट्टा गर्नु मात्र हुनेछ।

**विगतमा मोही लागेको जग्गा बाँडफाँट हुँदा मोहीभन्दा जग्गाधनीले नै बढी फाइदा लिएका छन्। मोहीले जग्गा लिनुपर्नेमा धेरैले नगद बुझेको देखिन्छ। यो नगद पनि कागतमा मात्र देखाइएको तर मोहीले नपाएको अवस्था छ। विगतमा बाँडफाँट प्रक्रिया पनि सरल थिएन। जमिनमा श्रम गर्ने मोहीको स्वामित्वमा जमिन पुऱ्याउनु, उसलाई सुरक्षित गर्नु र उत्पादन बढाउनु मोही बाँडफाँटको उद्देश्य हो।**

### तत्काल के गर्ने ?

यस अघि नै निवेदन दर्ता गराइसकेका मोहीहरूले जग्गा बाँडफाँटका लागि भूमि सुधार कार्यालय र मालपोत कार्यालयमा सम्पर्क गरौं।

निवेदन दर्ता नगराएकाले भूमि सुधार कार्यालय वा भूमि सुधार कार्यालय नभएको अवस्थामा मालपोत कार्यालयमा निवेदन दर्ता गराऔं।

### मोही बाँडफाँटको लागि आवश्यक कागज

- मोही प्रमाण पत्र वा अस्थायी निस्सा
- नागरीकताको प्रतिलिपि
- स्थानीय निकायको सिफारिस
- फिल्डवुक उतार
- मोठ रुजु गरेको पत्र

### मोही नामसारीको लागि आवश्यक कागज

- मोही प्रमाण-पत्र वा अस्थायी निस्सा
- नागरीकताको प्रतिलिपि
- गाविसबाट हक खुलेको सिफारिस
- मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नाता प्रमाणित कागजको प्रतिलिपि

*थप जानकारी चाहिएमा जिल्ला भूमि अधिकार मञ्चमा सम्पर्क गरौं।*

# मानव अधिकार र भूमि

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०७३ भदौ ३ गते काठमाडौंमा मानव अधिकार र भूमि विषयमा छलफल गरेको थियो । कार्यक्रममा विभिन्न प्राज्ञिक व्यक्तित्व, मानव अधिकारकर्मी, सञ्चारकर्मी तथा अधिकारकर्मीहरूको सहभागिता थियो । छलफलमा व्यक्त विचारहरूको संक्षेपीकरण यहाँ प्रस्तुत गरिएको छ ।

**जगत बस्नेत,** *संस्थागत विकास सल्लाहकार, आत्मनिर्भर सेवा केन्द्र*

भूमि मानव अधिकारको सवाल हो कि होइन र यो सार्कको सवाल हुनुपर्छ कि पर्दैन ? भन्ने छलफललाई बढाउने उद्देश्यले प्रोफेसर लय उप्रेतीले अध्ययन गर्नु भएको छ । मान्छे खान नपाएर मरेको छ । आत्महत्या गर्छ । वन संरक्षणको नाममा गरिबलाई उठिबास गराइएको छ । मोहीहरू वर्षौंदेखि जमिन जोत्दै आएका छन् । उसलाई जोत्ने दायित्व दिइयो तर जोत्ने जमिनको अधिकार दिइएन । हामीले भनेका छौं, विना विकल्प बस्ती नउठाउ, मोहीलाई दायित्वसँगै जमिनको अधिकार पनि देउ । यो विषय बहसको रूपमा आउनु पर्‍यो । गरिब र सुकुमबासीमाथि भएको ज्यादती मानव अधिकारको उल्लङ्घनको रूप हो ।

**सुरेश ढकाल,** *अध्यक्ष, आत्मनिर्भर सेवा केन्द्र*

भूमि मानव अधिकारको नै हो । त्यसलाई नेपालको सन्दर्भमा कसरी प्रबर्द्धन गर्ने भन्ने प्रमुख चुनौती हो । यसको उचित प्रबर्द्धनका लागि कोसिसहरू पनि जारी नै छन् तर यसलाई मूलतः मानव अधिकारको विषयसँग जोडेर कसरी लाने यसमा चिन्तन् आवश्यक छ । अर्कोतर्फ यी मुद्दालाई सामूहिकरूपमा एउटा साझा रणनीति बनाएर कसरी अघि बढ्ने भन्ने पनि चुनौती छ ।

झन्डै-झन्डै ७० वर्षको राजनीतिक इतिहासमा भूमि आन्दोलनको मुद्दा पनि सँगै उठेको पाएका छौं । राजनीतिक दल र नेताहरूले यसलाई उठाउनु भयो, एउटा ठाउँमा पुगेर त्यसलाई समाहित गर्नुभयो र एक ठाउँमा पुगेर त्यसलाई निल्दिनुभयो वा छाडिदिनुभयो । त्यसकारण भूमि मुद्दाहरू आजभन्दा ७० वर्ष अगाडि जुन मुद्दा तथा सवालहरू उठेका थिए, आज पनि त्यहि मुद्दा तथा त्यहि चासोका विषयहरू निरन्तर छन् । त्यो बीचमा केही राजनीतिक व्यवस्थाहरू परिवर्तन भए तर नेपाली समाजको आशाकृत रूपान्तरण हुन सकेन ।

मूलत : मानव अधिकारको विश्वव्यापी प्रस्तावना अनि अन्य अभ्यासका हिसाबले भूमि आर्थिक सामाजिक सांस्कृतिक अधिकारको आधारभूत अभिन्न अङ्ग हो भनेर स्थापित हुँदाहुँदै पनि हामीले नेपालका सन्दर्भमा मात्रै भूमि अधिकारलाई कसरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हो र यो मानव अधिकारको अभिन्न अङ्ग हो भन्ने हिसाबले अभियानलाई लान नसकेका हौं कि ? यसमामा बहस जरुरी छ ।

**एमएच जावेद,** *निर्देशक, सार्क सचिवालय*

दिगो विकासको लक्ष्य, सन् २०३० बारे हामीलाई थाहा छ । जसमा १७ वटा मुख्य लक्ष्यहरू निर्धारण गरिएको छ । ती मध्ये ५ वटा लक्ष्यहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भूमि अधिकारसँग सम्बन्धित छन् । त्यसकारण हामीले भूमिको सवालाई पनि सँगै लिएर अघि बढ्नु नितान्त जरुरी छ । सबैलाई थाहा छ, भूमि उत्पादनको स्रोत मात्र होइन । भूमिमा खाली अन्न फलाउँछौं, खान्छौं र बाच्छौं भन्ने बुझाई गलत हो । त्योभन्दा बढी कुराहरू भूमिसँग जोडिएको हुन्छ । बंगलादेश, सार्क, वा नेपालको सन्दर्भमा भूमि नहुँदा केही गर्न सकिने अवस्था नै हुन्न । जतिसुकै राम्रो तर्क गरे पनि नागरिकको महत्वपूर्ण अधिकार भूमि हक प्राप्त गर्न नसकिएको अवस्था छ ।

भूमि अधिकार भनेको मानव अधिकारसँग नछुट्टिने, एकदमै गाँसिएको विषय हो । हामी समतामुलक विकासका कुराहरू गर्छौं, उत्पादन स्रोत साधनहरूको, प्रतिफलहरूको कुरा गर्छौं त्यो सबै कुराहरूमा समान अधिकार वितरणबारे बोल्छौं, वास्तवमा भूमिमाथिको अधिकार अति महत्वपूर्ण विषय हो । र सार्कले पनि पहिला सार्क विकासको लक्ष्य भन्ने औजार तयार गरेको रहेछ, त्यसैगरी अहिले दिगो विकासको लक्ष्य अघि सारेको छ । त्यो लक्ष्य प्राप्त गर्न भूमिको विषय नै अगाडि आउँछ । यसमा हामीले आआफ्नो ठाउँबाट आवाज उठाउनु भने कहिल्यै छाड्नु हुन्न ।

**टिकाराम घिमिरे,** *सहसचिव, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय*

नेपाल सरकार अहिले भू-उपयोगको मुद्दा तिर उन्मुख भइराखेको छ । हामीले अहिलेसम्म के बुझिराखेका छौं भने भूमि सुधारको नामबाट विक्रम् सम्वत् २०२१ सालमा भूमि ऐन जारी भएदेखि यता हामीले सिमित काम मात्र गर्‍यौं, भूमि सुधारको क्षेत्रमा काम गरेनौं भन्ने बुझाई छ । भूमि सुधार भनेको जग्गाको स्वामित्व निर्धारण गर्ने र जग्गाको स्वामित्वको बाँडफाँट मात्र गर्ने होइन । भूमि सुधार चौतर्फी विकास र त्यसको व्यवस्थापन र उपयोग गर्ने हो ।

नेपाल सरकार स्पष्ट छ, प्रत्येक नेपालीले आवासको सुविधा पाउनुपर्छ, आवासमाथिको अधिकार भनेको आधारभूत अधिकार हो र आवासको लागि जमिन सबैले पाउनैपर्छ । तर अब पनि ३/४ कठ्ठा जमिन लिएर हामीले पनि जमिन पाउनुपर्छ, त्यसपछि त्यो जमिन लिएर कृषि गर्छौं र त्यो कृषिबाट हामी आत्मनिर्भर बन्छौं भन्ने सोचाइले हामी अघि

बढ्न सक्दैनौं । अब हामीले परम्परागत जग्गा वितरण प्रणाली, जग्गा प्राप्ती र जग्गाको सञ्चय र त्यसको भोगको धारणामा परिवर्तन ल्याएनौं, नयाँ किसिमले भूमि सुधारलाई अगाडि बढाउने प्रयास गरेनौं भने जग्गामाथिको जुन दबाब छ त्यो धान्न नसक्ने हुन्छ ।

**लय उप्रेती**, *प्राध्यापक, त्रिभुवन विश्वविद्यालय*

भूमि अधिकारको हननले मानवअधिकारको हनन् जन्माउँछ । वास्तवमा भूमि अधिकार भनेको अन्य आधारभूत मानवअधिकारको प्रत्याभूती गराउने आधार हो । नेपालको सर्न्दभमा त विकासका सेवा सुविधा लिन जग्गा र सोको कानुनी निस्सा अनिवार्य गरिएको छ । यसलाई सामाजिक सुरक्षाको आधार बनाइएको छ ।

**भारती पाठक**, *सामुदायिक वन उपभोक्ता महासंघ*

भूमिको कुरा उठ्दा प्राकृतिक स्रोत, वन, पानीको विषयलाई पनि मानव अधिकारसँगै जोडेर कसरी लैजान सकिन्छ भन्ने सन्दर्भमा छलफल गर्नु आवश्यक छ । कतिपय विषय कानुनमा नभएको र कतिपय विषय कानुनमा भएर पनि लागू नभएको अवस्था छ । चाहे त्यो भूमि अधिकारको कुरा होस्, या वन अधिकार, जल अधिकार, मानव अधिकार अरू सबै अधिकार । यी सबै विषयलाई नीतिगत ग्यापको विश्लेषण गरेर हेर्नुपर्ने छ । वन रोपेको छ, उसको वनभित्रको रुखको अधिकारमात्र होइन त्यहाँभित्रको भूमिको पनि स्वामित्व भयो भने उसले जीवनयापन सुखी हुन सक्छ ।

**बिमला तामाङ**, *नेपाल महिला एकता समाज*

मेरो नाममा भूमिको लालपुर्जा छैन, मेरो छोरा चौबीस वर्ष भयो, छोरी पच्चिस वर्षकी भइन् उनीहरूलाई नागरिकता निकाल्न सकिएको छैन । नागरिकता लिनको लागि त भूमि अधिकार चाहियो । त्यसैले भूमि अधिकार र मानव अधिकारसँगै जोडेर लैजान आवश्यक हुन्छ भन्ने लाग्छ । जो गरिब छ, उसँग एक टुक्रा भूमि छैन, तर जो पहुँचवाला छ उसँग भूमिको अथाहा स्रोत छ । यस्तो अन्याय अन्त हुनुपर्छ । यो विषय गम्भीररूपमा अठ्न आवश्यक छ ।

**पूर्ण नेपाली**, *क्षेत्रीय परियोजना संयोजक, डिसिए*

नेपालको भूमिहीनको वैधानिकतामा ठूलो प्रश्न छ । सिविएसले त्यसको भूमिको उपयोग र स्थितिको दृष्टिकोणले भनि राखेको छ तर त्यसलाई हामी स्वामित्वको रूपमा बुझिराखेका छौं । मानव अधिकारलाई भूमि विषयमा जोडेर जाँदा नागरिक समाजको आवाज पनि धेरै नै प्रतिविम्वित भएको छ ।

नेपालको सन्दर्भमा अचल सम्पत्तिको कारोबार एकदमै अगाडि आइराखेको छ र अनौपचारिकरूपमा प्लटिङ्ग पनि बढीरहेको छ । त्यसले साना किसानको ठोस सवाललाई मानव अधिकारको हननूका रूपमा हेर्ने हो भने कृषि योग्य भूमि कम हुँदै गइराखेको छ । साना किसानका सवालहरू जस्तै : सिँचाइ तथा बीउको पहुँच विभिन्न ठाउँहरूमा हनन् भएको छ ।

**ल्यामबहादुर दर्जी**, *अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च*

राज्यबाट नागरिकले जन्म दर्ता, विवाह दर्ता, बसाइँ सराइँ, मतदाता पत्र, नागरिकता पाएका छन् । मानव वस्तीहरूमा विद्यालय, बाटो, स्वास्थ्य चौकी, विजुली, खानेपानी उपलब्ध गराइएको छ । तर त्यहिँ बस्तीमा जमिनको स्वामित्व नहुदाँ राज्यले हेरेको छैन । जमिन नहुँदा गरिबी र भोकमरी पनि बढ्दै गएको छ । उनीहरूको मानव अधिकार हनन् भइरहेको छ । एकातिर राज्यले मानव अधिकारको कुरा गर्ने अर्को तिर मानव बस्तीलाई नै हटाएर आगो लगाएर उठिबास गर्ने गरेको हुँदा यो विषय मानव अधिकारको गम्भीर विषय हुनुपर्छ ।

**कृष्ण पौडेल**, *अध्यक्ष, फरेस्ट एक्सन नेपाल*

भूमि सुधारको मुद्दालाई छोडेर भू-उपयोगको मुद्दामा गएका छौं । सिङ्गो मुलुक, सिङ्गो राजनीतिक पार्टी त्यसको नेतृत्व, भूमि सुधार भन्दै छ । तर कार्यान्वियन भएको छैन । हाम्रो एजेण्डा यस्तो किन भयो भन्ने कुराको समीक्षा गर्नुपर्छ । यी विषय न वार्षिक कार्यक्रम बजेटमा छ, न त त्रीवर्षिय योजनामाहरूमा समेटीएका छन् । भूमिको अधिकतम उपयोग गर्ने हिसावले यसलाई बुझिनुपर्छ र लामो समय एउटै विषयमा नअल्झिइ यसको स्थायी समाधान खोजिनुपर्छ ।

**रमाआले मगर**, *हिमावन्ती, नेपाल*

महिलाहरूले जहाँजहाँ सम्पत्तिमा स्वामित्व पाएका छन् । स्वामित्व पाएका आर्थिक तथा सामाजिक हिसाबले महिलाहरूले धेरै प्रगती गरेका छन् । यो विषयमा अध्ययन भइ यस्तो विषय प्रसार गरियो भने यो सङ्ख्या अझ वृद्धि हुन मद्दत पुग्छ की ।

भूकम्पले धेरै ठाउँमा घरहरू भत्कायो र यस्तो ठाउँमा बसोबास गर्ने व्यक्तिहरूको नाममा लालपुर्जा छैन अथवा स्वामित्व छैन, यस्तो अवस्थामा धेरै परिवारले दुःख पाइरहेका छन् । बसोबास गरिरहेको ठाउँमा पुर्जा नहुँदा उनीहरू विभिन्न अवसरबाट वञ्चित हुन पुगेका छन् । उनीहरूको मानव अधिकार गुमेको छ भन्ने लाग्छ । यस कारण लालपुर्जा सबै हिसावले महत्व छ, त्यसैले सबै मानिसहरूले बसोबासको पुर्जा पहिला पाउने वातावरण हुनुपर्छ, ।

**इन्दिरा शंकर**, *एफएओ*

हामीले जब अधिकारको कुरा गर्छौ अधिकार भन्ने बित्तिकै जसको अधिकार जोखिममा छ उसको अधिकारको कुरा गरिन्छ । त्यो एउटा अध्ययन गर्नुपर्छ जस्तो लाग्छ । र अर्को विभिन्न नीतिहरू बन्दै छ यो नीतिमा अहिले ठूला सहर (मेघासिटी) भनेर विभिन्न उब्जनी हुने भूमिलाई एउटा ठूलो भू-माफियाहरूको चलखेल भइराछ, त्यसलाई पनि हामीले छलफल गर्नुपर्छ जस्तो लाग्छ ।

खेतीयोग्य भूमि, वन क्षेत्र तथा चरण क्षेत्र यसको प्रयोग कुन हिसाबले कसरी भई रहेको छ भन्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ । जस्तो अहिले हामीले भूमिको कुरा गर्दा साच्चिकै भूमिहीन जसको भूमि छैन उसलाई भूमिप्रति एकदमै मोह छ तर हामी काम गर्नेलाई भूमि प्रति त्यति मोह छैन किन कि हामीसँग खाद्य सुरक्षाको लागि अन्य साधान छ । जस्तो कि जागिर छ त्यसैले मलाई भूमि हुनुपर्छ भन्ने छैन यसमा पनि हामी अलिकति छुट्याएर हेऱ्यौ भने राम्रो हुन्छ ।

**रसना ढकाल**, *कार्यक्रम संयोजक, अक्सफाम*

अन्तर्राष्ट्रियस्तरमा भूमिकै एउटा विषेश कानुनी ढाँचा छैन । नेपालको सन्दर्भमा भूमिको एउटा छुट्टै सवाल छ । भूमि अधिकार, भूमि नीति छ र राष्ट्रिय भूमि नीति बन्दै छ । त्यस्तो नीतिहरूमा सबैको मुद्दालाई कसरी समेट्ने भन्ने विषयमा हामीलाई चुनौती छ र यदि यस्तो नीति राम्रो बन्न सक्यो भने पक्कै केही समयमै

भूमिको समस्या समाधान हुन्छ होला।

यसको लागि तल्लो तहबाट काम गर्नुपर्ने जरुरी देखिन्छ। अहिलेसम्म भइराखेको भूमि अभियान जति छ, कृषिजन्य र भूमिमा हुने खाद्य सुरक्षाको कुरा ओभ्रेलमा परेको अनुभूति भएको छ। र पुनर्स्थापनाको पक्ष पनि ओभ्रेलमा परेको छ। यी विषय पनि समेटीनु आवश्यक छ।

**रोशन चित्रकार,** *शिक्षाकर्मी, अध्येता*

हामी भूमिको कुरा गरिराखेका छौँ। भूमि अधिकार मानव अधिकार हो भन्ने विषय अहिलेदेखि नै बालबालिकाको दिमाग मै राख्नुपर्ने आवश्यकता देख्छु। स्कुलतहदेखि नै उनीहरूलाई यो विषय बुझाउनु आवश्यक छ। हाम्रो शिक्षामा जुन किसिमको असमानता छ त्यसलाई घटाउनुको सट्टा झन् बढाउने प्रयास भइराछ कि स्कुल तहबाट नै त्यसलाई अलिकति आलोचनात्मक तरिकाबाट विश्लेषण गर्नुपर्छ होला। शैक्षिक संस्थाहरूको पाठ्यक्रमले कसरी सम्बोधन गरेको छ त माानव अधिकारका सवालहरूलाई ? यो कुरालाई पनि आलोचनात्मक तरिकाले विश्लेषण गर्नु जरुरी देखिन्छ

**गोपाल गिरी,** *भूमि सुधार तथा व्यवस्था मन्त्रालय*

मानव अधिकार भन्ने वित्तिकै मानव हुनुको नाताले पाउने हक तथा अधिकार हो भने भूमि अधिकार भनेको मान्छे हुनुको नाताले जमिन पाउने विषय हो। जनसङ्ख्या त बढेको बढ्यै छ तर, जमिन त बढ्दैन सबैलाई जमिन बाँड्न त सम्भव छैन होला। यसैले जसले भूमिको प्रयोग गर्छ वा जसले प्रयोग गर्ने सिप राख्छ उसलाई जमिनको अधिकार दिइनुपर्छ। नत्र धेरै मान्छेले भूमि ओगटेर राख्छन्, खास उनीहरूलाई त्यसमा सिप हुँदैन र त्यस्ता जमिन बाँझै रहन्छन्। तर मानव अधिकारको हिसावले पनि प्रत्येक नागरिकले राज्यभित्र बसोबास गर्ने अधिकार पाउँछ र दिनुपर्छ।

**प्रकाश काफ्ले,** *कार्यक्रम व्यवस्थापक, केयर नेपाल*

नागरिक समाज चौथो खम्बा हुन्। त्यसैले नागरिक समाजले सरकारलाई कानुन बनाउने क्रममा सल्लाह सुझाव दिएर जसको मानव अधिकार गुमेको छ, जसको भूमिको अधिकार गुमेको छ, उनीहरूलाई अधिकार स्थापित गराउन वा अधिकार दिलाउनको लागि मद्दत गर्नैपर्छ। उनीहरूको पनि मुद्दा हुनुपर्छ। जवसम्म कानुनमा कडा किसिमको प्रावधान राखिँदैन तवसम्म अधिकारको लागि आन्दोलन उठिइनै रहन्छन्, त्यसैले पनि यो विषय अलि बढी बहसमा आउनु आवश्यक छ।

**गणेश विक,** *अध्यक्ष, राष्ट्रिय दलित नेटवर्क*

कुनै पनि कुरा मानव अधिकार बन्नको लागि युएनडिएचआरले भनेअनुसार ५ वटा अधिकार चाहिन्छ जुन राजनीतिक नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक हुन्। भूमि स्वतः यी ५ अधिकारसँग सम्बन्धित छ भन्ने कुरामा कसैको दुईमत नै छैन। भूमि अधिकारको कुरा गर्दा त्यहाँनेर वर्गको कुरा पनि आउँछ। त्यसकारण राजनीतिक हिसाबले पनि छलफल गरेर अगाडि बढ्नुपर्छ।

**सरस्वती सुब्बा,** *राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल*

भूमि अधिकारलाई मानव अधिकारसँग जोडेर जाने कुरा हाम्रो लागि खुसीको कुरा हो। अहिले देश भरीनै जहाँ जहाँ सुकुमबासीहरू ऐलानीमा बसेका छन्, त्यहाँ द्वन्द्व छ। त्यहाँ मानव अधिकारको कुरा भूमि अधिकारसँग जोडिन्छ। भूमि नभएकै कारण विहे दर्ता, जन्म दर्ता, मृत्यु दर्ता रोकिएको छ। अब त्यो मानव अधिकारको मुख्य मुद्दा हो की होइन ? जस्तो कास्कीमा ठूलो मुद्दा उठेको छ। बसपार्कका नजिक बसोबास गर्नेहरूको न बिहे दर्ता गर्न पाएका छन्, न जन्म दर्ता, न मृत्यु दर्ता गर्न पाएका छन्। जब सरकार गठन हुन्छ, भूमि सुधार मन्त्रालय कसैको पनि प्राथमिकतामा पर्दैन। क्रान्तिकारी भूमि सुधारको मुद्दा उठाउने पार्टीहरू नै यो मन्त्रालय लिन इच्छुक देखिदैनन्।

**घनश्याम पाण्डे,** *अध्यक्ष, ग्रिन फाउण्डेशन*

संविधानले परिलक्षित गरेको समाजवाद् उन्मुख देश निर्माण गर्ने हो भने हाम्रो भू-नीति, आर्थिक नीति र अरू नीतिहरू त्यसबाट निर्देशित हुनुपर्‍यो। त्यो भनेको संघियताका धारणाबाट निर्देशित हुनुपर्‍यो। नेपालमा करिब २० प्रतिशत मात्र कृषि भूमि छ, ४५ प्रतिशत भूमि त वन क्षेत्रले ओगटेको छ तर भूमि सुधारको एजेन्डाभित्र वन क्षेत्रको भूमिको अधिकारको पुनःसमायोजनको कुरा किन उठ्दैन ? नदी खोला र हिमाल क्षेत्रका भूमि अधिकारको कुरा किन गर्दैनौं ? हाम्रा ठूला ठूला चरिचरनहरू छन् तिनीहरूको कुरा किन गर्दैनौ ? त्यसैले हामीले यदि नेपाललाई सम्वृद्ध राष्ट्र बनाउने हो भने नेपालको वन, कृषि र जल स्रोतमाथिको अहिले भएको अधिकारको पुनःसंरचना गर्न आवश्यक छ।

**राजेश हमाल,** *वरिष्ठ कार्यक्रम अधिकृत, स्विस विकास नियोग*

भूमिलाई अधिकारको रूपमा स्थापित गर्ने कुरालाई साउथ एसियाको सवालको रूपमा उठाउनुपर्छ। त्यसमा विवाद् हुनुहुँदैन। अहिले हामीले तीन कट्ठामा हाम्रो अधिकार हुनुपर्छ भनेर आवाज उठाउने अर्कोले सयौँ बिघा सम्पत्तिको हक पाउने भयो। त्यसकारण जग्गा कसले पाउनुपर्ने हो, कसको खोसिनुपर्ने हो भन्ने सम्म विचार गरी वकालत गर्नुपर्छ। त्यसपछि मात्र जसले जोत्छ उसले जमिन पाउने हो। यस्तो भयो भने खाद्य अधिकार हामीले सुनिश्चित गर्छौं र आवासको अधिकार सुनिश्चित गर्छौं। जबरजस्ती विस्थापनबाट पनि मुक्ती मिल्छ।

**नाथ्यानियल डन मार्कोस,** *एड्गक*

मानव अधिकार र भूमि अधिकार छुट्याउनै नमिल्ने विषय हो। भूमि भनेको जीविकोपार्जनसँग पनि सम्बन्धित विषय हो। त्यसलाई छुट्याएर नहेरौं। अधिकार भनेको यत्तिकै आउने कुरा होइन, अधिकारको एउटा प्रमाण हुनुपर्छ त्यहि भएर पनि भूमिहीनहरूलाई यो भूमि अधिकारलाई मानव अधिकारसँग जोड्नुपर्छ भनिएको हो। किनभने हामीलाई प्रमाणको आवश्यकता हुन्छ। प्रमाण नभइकन त्यो अधिकारको काम नै छैन।

मानव अधिकारसँग सम्बन्धित मुद्दाहरूमा काम गर्ने संस्थाहरूसँग पनि यो विषयमा समन्वय गराउनुपर्‍यो। त्यसैगरी यो मुद्दालाई पनि सँगै अघि बढाउन सकिन्छ। यो शिक्षण संस्था अथवा अनुसन्धान संस्थाहरूले जुन चाहना देखाएका छन् भूमिसम्बन्धी मुद्दाहरूलाई उठाउने, त्यसलाई अझ बढी फोकस गरेर लानुपर्ने आवश्कता देखिन्छ। सार्क भनेको सबैको साझा ठाउँ हो, संस्था हो र सार्क मुलुकहरूले पनि आफ्नो सिकाइहरू अथवा आफ्नो मुद्दाहरू एक अर्कासँग साट्दै गयो भने त्यसरी नै माथि जान सकिन्छ।

## भूमि सुधारका लागि राष्ट्रिय सम्वाद अभियान

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको अगुवाइमा २०७३ जेठ ११ देखि १३ सम्म भूमि सुधारका लागि सम्वाद अभियान भयो। सम्वाद अभियानसँगै विभिन्न राजनीतिक दलको केन्द्रीय कार्यालयमा प्रमुख तथा नेताहरूसँग भेटी मञ्चले तयार गरेको ११ बुँदे माग पत्र पनि बुझाइयो। माग पत्रमा भूमि सुधार गरिनुपर्ने बुँदालाई मुख्य बनाइएको छ भने बाँकी रहेका भूमि मुद्दाको तत्काल समाधान गरी भूमिको हक अधिकारबाट वञ्चित भएका किसान तथा भूमिहीन सुकुमबासीलाई जग्गाको अधिकार दिन माग गरिएको छ।

यस्तो अभियानमा ५१ जिल्लाका ८० महिला, ८६ पुरुष, ५० दलित र ५९ जनजातिसहित १ सय ६६ भूमि अधिकारबाट वञ्चितका प्रतिनिधिहरू सहभागी थिए। नयाँ संविधानको कार्यान्वयन, भूमि नीति निर्माण, मोही बाँडफाँट कार्य विधिलगायतका मुद्दाहरूलाई कार्यान्वयन गर्न नीतिगत तहमा दबाब पुऱ्याउने यो अभियानले मद्दत गरेको छ।

यस अभियानअन्तर्गत नेपाली काँग्रेस पार्टी कार्यालय, सानेपामा पुगी नेता सशाङ्क कोइरालासँग भेटी भूमि सुधारको मुद्दाको विषयमा सम्वाद गरी माग पत्र बुझाएको छ। नेता कोइरालाले आफ्नो पिता विपी कोइरालाले सुरुवात गर्नुभएको नारा जसको जोत उसको पोत नारा साच्चै कार्यान्वयनमा आउन आवश्यक रहेको बताउनुभयो। र यसको लागि आफूले पार्टीमार्फत अघि बढाउने पनि बताउनुभयो।

नेकपा एमाले पार्टी कार्यालय धुम्बाराहीमा मञ्चको टोली पुगी उपाध्यक्ष एवम् अखिल नेपाल किसान महासंघका अध्यक्ष बामदेव गौतमसँग सम्वाद गरी संविधानमा उल्लेख भएका कतिपय भूमि अधिकारका मुद्दाहरू अब नयाँ ऐन तथा नियमावलीहरू बनाई कार्यान्वयन गर्न गराउन मञ्चले ११ बुँदे मागहरू पेश गरिएको छ।

नेकपा एमाओवादी केन्द्रको पार्टी कार्यालय पेरिसडाँडा पुगी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटी भूमिसम्बन्धी सम्वाद गरी सोही ११ बुँदे माग पत्र पेश गरियो। अध्यक्ष प्रचण्डले माग पत्र बुझ्दै भूमिहीनको मुद्दा जतिसक्दो चाँडो राज्यले सम्बोधन गर्नुपर्ने र त्यसको लागि आफूले पनि सहयोग गर्ने प्रतिवद्दता व्यक्त गर्नुभयो।

राप्रपा नेपाल पार्टी कार्यालयमा उपाध्यक्ष टंक ढकाल र महामन्त्री राजकुमार लिङ्गदेनलाई भेटी उनीहरूसँग भूमि सुधारको मुद्दाबारे सम्वाद गरी माग पत्र पेश गरिएको छ। नेताहरूले पार्टीमार्फत भूमिहीन किसानको माग पुरा गराउनको लागि भूमिका खेल्ने बताएका छन्।

मधेसी जनअधिकार फोरम लोकतान्त्रिकको पार्टी कार्यालय तीनकुनेमा पुगी पार्टी अध्यक्ष विजय गच्छदारसँग भेट गरी भूमि सुधारको विषयमा छलफल गरी माग पत्र बुझाइएको छ। अध्यक्ष गच्छदारले आफू र आफ्नो पार्टीले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

### संयुक्त पुर्जा बनाउने थपिए

जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गाको संयोजनमा भएको संयुक्त पुर्जा निर्माण अभियानमा सहभागी भई १४८ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका हुन्। ओखलढुङ्गाको कुन्तादेवी गाविसका बैशाख ११ गते भएको संयुक्त पुर्जा निर्माण शिविरमा सहभागी भई ८६ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन्।

मुलखर्क गाविसमा जेठ २९ गते आयोजना गरिएको संयुक्त पुर्जा निर्माण शिविरमा सहभागी भई ६१ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन्।

## कृषि उद्यम विकास तथा व्यवसायिक योजना तालिम

गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरूलाई कृषि उद्यम विकाससम्बन्धी तालिम आयोजना गरियो। सदस्यलाई कृषि उद्यम विकास गर्नको लागि उत्साहित बनाउने र कृषि उद्यम विकाससम्बन्धी समूहगत ब्यबहारिक योजना बनाउने उद्देश्यले आयोजना गरिएको हो। यस्तो तालिम तीन जिल्लामा सञ्चालन भएको थियो। जिल्ला भूमि अधिकार मञ्च, बर्दियामा साउन १८ देखि २०, बाँकेमा २१ देखि २३ र दाङमा २४ देखि २६ सम्म आयोजना भएको थियो।

तालिममा कृषि उद्यम गर्न ईच्छुक सदस्यहरूको सहभागिता थियो। दाङमा ३९, बाँकेमा ३१ र बर्दियामा ४३ गरी जम्मा ११३ (६५ महिला, ४८ पुरुष, ३५ दलित, ५९ जनजाति र १९ अन्य) सहभागी भएका थिए।

तालिमको सहजीकरण क्षेत्रीय कृषि विकास कार्यालय बाँकेका प्राविधिक सहायक फिर्तुमान चौधरी र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अभियान संयोजक भागिराम चौधरीले गर्नुभएको थियो।

तालिममा कृषि उद्यम विकासको अवधारण, कृषि उद्यमको आवश्यक्ता र महत्व, सफल उद्यमीमा हुनुपर्ने गुण, आयआर्जन, स्वरोजगार र व्यवसायिकताको भिन्नताको बारेमा छलफल तथा सहजीकरण गरिएको थियो। यस्तै, व्यवसाय र पारिवारीकबीचको सम्बन्ध, स्थानीय स्रोतको खोजी तथा व्यवसायिक अवसरको पहिचान, व्यवसायिक छनौटका आधार, लक्षित ग्राहकको पहिचान, बिक्री कला, व्यवसायिक योजनाको आवश्यक्ता महत्व तथा योजनामा हुनुपर्ने आधारभूत विषयमा छलफल तथा सहजीकरण भई समूहगत योजना बनाइएको छ।

बर्दियाको तालिम समापनको दिन जिल्ला कृषि विकास कार्यालयका प्रमुख प्रशुराम रावत सहभागी भई कृषि उद्यम गर्न ईच्छुक किसानलाई २० हजार रुपियाँ बराबरको सहयोग गर्न सकिने र जानकारी गराउनुभएको थियो।

## जिल्ला सम्मेलन भयो



जिल्ला भूमि अधिकार मञ्च, सिरहाको पाँचौ जिल्ला सम्मेलन भयो। यही भदौ ५ र ६ गते २ दिन भएको सम्मेलनबाट चन्द्रबहादुर मोक्तानको अध्यक्षतामा १३ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ।

सम्मेलनले जिल्ला समितिमा उपाध्यक्ष, सविच, कोषाध्यक्ष र सहसचिवमा क्रमशः श्यामोदेवी दास, जयप्रकाश राम, आशादेवी साह र शिवलाल पासवान चयन गरेको छ। यस्तै सदस्यहरूमा क्रमश : भोगेन्द्र पासवान, सुवन सदा, प्रमोद सदा, अनुरागी कामैत, शान्ति सदा, हेमबहादुर थापा, लिलामाया सुसलिङ र शमस्तिलाल आले चयन भएका छन्।

जिल्ला सम्मेलनले पूर्व अध्यक्ष रिक्मा विश्वकर्माको संयोजकत्वमा ३ सदस्यीय सल्लाहाकार समिति गठन गरेको छ। सल्लाहाकार समिति सदस्यमा आश्मा शास्त्री र श्यामवती राम रहेका छन्।

सिरहा जिल्ला सम्मेलनको उद्घाटन राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष ल्यामबहादुर दर्जीले गर्नुभएको थियो। सम्मेलनको दोस्रो दिन भएको बन्द सत्रमा आयोजना गरिएको प्रशिक्षमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष ल्यामबहादुर दर्जी, महासचिव सरस्वती सुब्बा र आत्मनिर्भर केन्द्रका अभियान अधिकृत भोला पासवानले सङ्गठन र अभियानबारे सहजीकरण गर्नुभएको थियो।

## मञ्चद्वारा ज्ञापन पत्र पेश

जिल्ला भूमि अधिकार मञ्च रसुवाद्धारा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालय प्रमुख नारायण सापकोटामार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा ज्ञापन पत्र पेश गरेको छ। २०७२ बैशाख १२ गते गएको भूकम्पको कारण विस्थापित भएका, घरबार बिहीन भएका परिवारलाई हालसम्म पनि स्थायी पुनर्स्थापना र पुनर्निर्माणको लागि सहयोग नगरेको प्रति ध्यानकर्षण गराउँदै मञ्चले ज्ञापन पत्र बुझाएको हो। राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका सचिवालय सदस्य भवानीप्रसाद न्यौपाने र जिल्ला भूमि अधिकार मञ्च, रसुवाकी अध्यक्ष चित्रकुमारी न्यौपाने संयुक्त रूपमा ४ बुँदे मागसहितको ज्ञापन पत्र बुझाउनुभएको हो।



ज्ञापन पत्र बुझ्दै पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालय नुवाकोटका प्रमुख नारायण सापकोटाले भूमि अधिकार मञ्चले उठाएको ४ बुँदे माग जायज भएकाले त्यसको कार्यान्वयन गर्नको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय कार्यालयमा पठाइने बताउनुभयो। जिल्ला भूमि अधिकार मञ्चको संयोजनमा बिर्ता पीडित किसान, गुठी पीडित किसान, सुकुमबासी परिवारका, र विस्थापित परिवारका प्रतिनिधिहरू सहभागी भई भूकम्प गएको लामो समय भइसक्दा पनि सरकारले सहयोग नगरेको प्रति दुःखेसो पोखेका थिए।

ज्ञापन पत्र पेश गर्ने क्रममा नुवाकोटका स्थानीय पत्रकारहरू, भूमि अधिकार अभियानलाई सघाइरहेका कोर्डएड नेपाल, नेपाल कृषिवन प्रतिष्ठान र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका प्रतिनिधिहरू पनि सहभागी भएका थिए।

## ४ जिल्लामा सङ्गठन विस्तार

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सङ्गठन विस्तारका क्रममा ४ जिल्लामा तदर्थ समिति गठन भएको छ। यस क्रममा गोरखा, धादिङ, काभ्रे र दोलखामा जिल्ला समिति गठन भएको छ। यो सँगै राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सञ्जाल ५९ जिल्लामा विस्तार भएको छ।

दोलखामा राजेन्द्र नेपालीको अध्यक्षतामा जिल्ला समिति गठन भएको छ। जिल्ला समितिमा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवमा क्रमश : शर्मिला नेपाली, महोनबहादुर रिजाल, संगिता योगी, रामकेशरी चर्माकार र ज्ञानमाया विक चयन भएका छन्। यस्तै सदस्यहरूमा होमबहादुर दर्जी, भीमबहादुर योगी, दीर्घलाल लामा, गीता योगी चयन भएका छन्।

धादिङमा लिलामणि न्यौपानेको अध्यक्षतामा जिल्ला समिति गठन भएको छ। जिल्ला समितिमा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवमा क्रमशः प्रमिला तामाङ, शंकर घिमिरे, संगिता गुरुङ, रूपा परियार र नीरबहादुर खड्का चयन भएका छन्। यस्तै सदस्यहरूमा अशोक बुढाथोकी, लालबहादुर श्रेष्ठ, हरि अर्याल, यशोदा श्रेष्ठ, पार्वती लम्साल, शेरबहादुर तामाङ र शर्मिला तामाङ चयन भएका छन्।

काभ्रेमा रामबहादुर तामाङको अध्यक्षतामा जिल्ला समिति गठन भएको छ। जिल्ला समितिमा उपाध्याक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवमा क्रमश : गंगा दोङ, मनोज अधिकारी, राजकुमार तामाङ, प्रकृति लामा, सुर्यमाया दनुवार चयन भएका छन्। सदस्यहरूमा क्रमशः चन्द्रादेवी थापा खनाल, हस्त दर्लामी, रामबहादुर श्रेष्ठ, मोती लामा, पुतली श्रेष्ठ, मेनका मगराती चयन भएका छन्।

यस्तै गोरखामा कृष्णबहादुर प्रजाको अध्यक्षामा जिल्ला समिति गठन भएको छ। जिल्ला समितिको उपाध्यक्ष, सविच, कोषाध्यक्ष र सहसचिवमा क्रमश : शुशिला अर्याल, मिना भारती थापा, संगिता आले, भवगती चेपाङ र रेशम चेपाङ चयन भएका छन्। सदस्यहरूमा शान्ता लामिछाने, दिपकबहादुर बानियाँ र कतुमा मिया चयन भएका छन्।



विमल आचार्य

# माटो-बहसको एक झलक

कसैसँग आँखाले हेरिनभ्याइने जमिन छ अनि कसैसँग भने आँखाजति पनि छैन। मान्छेहरू कसरी कोही धनी वा गरिब भए ? जागिर-व्यवसायले धनी भए। कहिलेदेखि ? बाबुबाजेका पालादेखि। अनि, त्यसभन्दा अघि ? जग्गा प्रशस्तै थियो। कसरी भयो ? पहिले त यो धरा कसैको थिएन अर्थात् सबैको बराबरी थियो। शासक-प्रशासक जो भए, तिनलाई जसले रिझाए, उनीहरूले पाउनु पाए। टाठाबाठा जग्गामालिक भए, उनीहरूलाई बसीबसी खान पुग्यो। जग्गा नहुनेहरू अर्काको (जो उनीहरूको पनि थियो पहिले) खेतबारीमा मरीमरी काम गरेर पनि भरपेट खान नसक्ने भए।

झलक सुवेदी समाज, अर्थ र राजनीति जोडजाड पारेर बरोबर कलम अनि मुख चलाउने साहित्यकार हुन्। साहित्यकार किन भनेको भने तथ्य र कल्पनाको डिमार्केसन मेटिँदो छ, उनको लेखनमा। ब्रिटिस साम्राज्यका नेपाली मोहरा गोर्खा भर्तीको नालीबेलीमा जस्तै भूमि, किसान र राज्यमा पनि उनले साहित्यिक स्वाद पस्केका छन्। लेख्छन्, 'गणेश हिमालको हिउँ त्यसरी नै पातलिएको छ, जसरी पृथ्वीनारायण शाहले निर्माण गरेको पहाडेहरूको स्थान खुम्चिँदै गएको छ।'


भूमि, किसान र राज्य एउटा यस्तो अनुसन्धानमूलक पुस्तक हो, जसमा नेपालको भूमि, नेपालका किसान-राज्यबीचको अन्तर्सम्बन्ध र अन्तर्विरोधका पहेली कोट्याइएको छ। नेपालमा भूमि उपयोगका विगत र वर्तमानका तौरतरिका रैकर, गुठी, किपट, बिर्ता, जागिर, रकम, उखडाबारे परिचयात्मक प्रस्तुति छ। जमिन (जल-जङ्गलसमेत)सँग नेपालका केही जाति-जनजातिको सुसम्बन्ध र सम्बन्ध विच्छेदका स्थलगत घटना अध्ययन यसमा पढ्न सकिन्छ।

नारायणी नदीतटमा रहेका बोटे, माझी र मुसहरहरूको कहर जान्न सकिन्छ। चितवन राष्ट्रिय निकुञ्ज स्थापना गरेर सरकारले जैविक विविधताको संरक्षण त गर्‍यो तर जनिय विविधतालाई पूरै बेवास्ता गरिदियो। निकुञ्जभित्रको छेपारो सुरक्षित भयो तर तटवासीहरू बेघर, बेजमिन, बेपेसा (माझी) मात्र भएनन्, सुरक्षाकर्मीबाटै असुरक्षितसमेत भए। यस्तै, कर्णालीतटका सीमान्त समुदाय सोनाहा, चितवनका चेपाङ, कमलाछेउका दनुवार-माझी, कैलालीका राजीबारेका धराकेन्द्रित स्थलगत अध्ययन पुस्तकमा समेटिएको छ।

गुरुङ र किपटका प्रमुख स्रोत व्यक्ति ८४ वर्षीय खगेन्द्रजंग गुरुङ हुन्। किपटलाई झन्डै राज्यको कपटका रूपमा व्याख्याइएको छ। रसुवामा बिर्ता कमाउने भवानी न्यौपानेको अध्यायले धेरै गम्भीर दर्द बकेको छ। गाउँमा बिर्तावाल आएका बेला दूध-घिउ टक्र्‍याएर भान्सा नै छोडिदिनुपर्नेदेखि गाउँमा लाग्ने मेला-जात्रा अवधिभर बिर्तावालका सन्तानलाई काँधमा राखेर डुलाउनुपर्ने।

सिन्धुपाल्चोकको फटकशीला, जहाँ घरघरमा पशुपतिनाथको शासन छ। पशुपति गुठीको जग्गा कमाउनेहरूको दुःख पढ्दा लाग्छ, श्री पशुपतिनाथले मेलम्ची खानेपानी आयोजनाको मुआब्जाबापत ६७ प्रतिशत मात्रै होइन, एक सय प्रतिशत नै लिऊन्। पहिलेको फटकशीला र हालको मेलम्ची नगरपालिकाका दुइटा वडामा ९ सय ५४ घरधुरीमध्ये रैकर जमिन हुने २० परिवार मात्र होलान, यसै लेखेका छन् सुवेदीले। अनुसन्धानमूलक पुस्तकमा 'होलान्' नलेखी 'छन्' नै लेख्नुपर्ने हो।

२००७ सालदेखि सधैँको जल्दोबल्दो विषय हो, भूमि सुधार। भूमि सुधारका नाममा कति दलहरूले भुँडी सुधार गरे, भनिसाध्य छैन। हाम्रो देश त विश्वमै कस्तोसम्म मोडल हो भने यहाँ सुकुमबासी आयोग नै १३ पटक गठन भइसकेका छन्। अहिलेसम्म १३ प्रतिशत पनि काम नगर्ने भए साधन, स्रोत र समय खर्चेर किन गठन-लेखन गर्नुपर्ने हो ? विश्व विद्यालयमा उही प्रश्न र शीर्षकमा शोध गर्न वर्जित छ तर राज्यले उही हाइपोथेसिसमा कतिपटकसम्म शोधाउन मिल्ने हो ? उही




**भूमि, किसान र राज्य**
लेखक : झलक सुवेदी
प्रकाशक : फाइनप्रिन्ट
पृष्ठ : १४८
मूल्य : २४८ रुपियाँ
प्रकाशित : भाद्र १, २०७३

शोध प्रश्नमा केन्द्रित भएर एकभन्दा बढी 'शोधपत्र' लेखाउने राज्यविरुद्ध किन मुद्दा नचलाउने ? भूमिहीन गरिब किसानलाई आशा देखाउँदै पटक-पटक फारम भर्न,

निवेदन दिन किन लगाउने ?

पुस्तकको पृष्ठ ४४ मा ७५ प्रतिशत मधेसी दलित भूमिहीन छन् लेखिएको छ। तर, लगत्तैको पृष्ठ ४५ मा यही प्रतिशत ७० लेखिएको छ। अनुसन्धानमूलक पुस्तकमा स्रोत उल्लेख छैन। चितवन राष्ट्रिय निकुञ्जको स्थापना पृष्ठ ६१ मा २०२९ र पृष्ठ ६२ मा सन् १९७२ भनिएको छ। यो सही होइन। नयाँ संविधानमा दलितका लागि जमिन दिने, आवासका लागि व्यवस्था गर्ने उल्लेख छ भनी लेखिएको छ पुस्तकमा। संविधानमा सबै दलितलाई होइन, भूमिहीन दलितलाई भूमि र आवासविहीनलाई आवास भनिएको छ। 'अहिले ५९ जिल्लामा बसोबास गर्छन् दनुवारहरू' लेखिएको छ, कसरी पत्याउने यो ?

भूमि विगतमा सम्पन्नताको स्रोत थियो, बिनाश्रम हैकम चलाउन पाउने। अहिले पनि जमिनको भाउ अकासिएर भूमिपतिहरू-भूमिबिचौलियाहरूको ताहुरमाहुर चलिरहेकै छ। ग्रहमध्येको एउटा पृथ्वी-माटोको लालपुर्जाको चाङ लगाउने-खरिद्ने राष्ट्रियः पर्धा विडम्बनापूर्ण भ्रमित विसङ्गति हो। सुवेदीले भूमिहीन आदिवासी जनजाति समुदायमा इसाईकरण बढेको लेखेका छन्। जोसँग जमिन छ, ऊ किसान होइन। जो किसान हो, ऊसँग जमिन छैन। भूमि सुधार किन हुन सकेन भन्ने खोजीतिर लेखक छिरेका छैनन्। कृषि प्रधान भनिने मुलुकमा कृषि सबैभन्दा बिचौलिया प्रधान क्षेत्र बनेको छ। कृषि हुने भनेको माटोमै हो। माटैमा मिलेको छ यहाँ माटो-बहस। यस्तो विषयमा पुस्तिका तयार पारेर लेखक सुवेदीले बहसको आह्वान गरेका छन्। ✿

साभार : नेपाल साप्ताहिक

# धनसरी कामीको तीज

**विनोद शाही, सुर्खेत**



रहर त उनलाई पनि छ, मिठो खान, घरभरी आफन्त राखेर दर खुवाउन। नयाँ सारी र चोलीमा संगीनीहरूसँग छमछमी नाच्न। रहरले भरिएको छ धनसरी कामीको मन तर रौनक पटक्कै देखिँदैन उनको अनुहारमा। बरु साँझ-बिहानको छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिरहन्छ हरपल।

'बस्नलाई गतिलो बास छैन, खानलाई गास छैन,' उनले दुखेसो पोखिन्, 'तीज त आयो, भैगो नसम्झाउनुस् बाबु, आँशु बर्सिन्छ। आँशु पिएर न भोक मेटिन्छ न प्यास।' दुई वर्षअघि इत्राम खोला उर्लेर आयो। धनसरीको घर बगायो। 'घर मात्र हो र ? घरसँगै बगायो रहर,' आँखाको चेपबाट बगेको आँशुको थोपा रुमालले पुछ्दै उनले भनिन्, 'त्यहीबेलै खोसिएछ हाम्रो त खुसी।'

२०७१ साउनमा आएको बाढीले उठिबास लगाएपछि अस्थायी शिविरमा बस्दै आएका छन् धनसरी, जहाँ उनीजस्तै 'खुसी खोसिएका' दुई सय घर परिवार छन्। उनीहरूलाई दुई वर्षदेखि कुनै चाडपर्वले खुसी दिन सकेको छैन। आउन त धनसरीहरूले नचाहेर पनि आउँछन् चाडहरू। आइसकेपछि पीडा थपेर जान्छन्। आँशु पिलाएर जान्छन्। घाउ बल्झाएर जान्छन्। 'हाम्रा लागि खुसी बनेर कहिले आउला तीज ?' धनसरी सुस्केरा हाल्छिन्, 'पेट भर्नै मुस्किल छ तीज मनाउने कसरी ?'

धनसरीको घर वीरेन्द्रनगर- ६, प्रगतिटोलमा थियो। श्रीमान् र छोरा-बुहारीसँग उनले सन्तुष्टिको जिन्दगी बाँचेकी थिइन्। आर्थिक अवस्था उति धेरै सम्पन्न त होइन तर पेटभर खान र चाहेको लगाउन समस्या थिएन। 'खान पुगेको थियो, के लाउँ भन्ने थिएन। अहिले जसरी रहरै मारेर, आँशु झारेर बस्नुपर्ने अवस्था त थिएन,' धनसरीले आफ्नो विगत सम्झिइन्। बाढीले घर बगाएसँगै उनको परिवार छिन्नभिन्न भएको छ। श्रीमान् कमाउन भारत गएका छन्। उनीसँग सम्पर्क नै छैन। उता, काम खोज्न हिँडेका छोरा-बुहारी अहिलेसम्म फर्किएका छैनन्। कहाँ छन् भन्नेसम्म उनलाई पत्तो छैन।

उनी अस्थायी शिविरमा त्रिपालले बारेको झुपडीमा बस्छिन्। 'सबै परिवार सँगै भइदिएको भए एक छाक भोकै बसे पनि तीज मनाएजस्तो त हुन्थ्यो,' उनले रङ्गाहिन बनेको तीज फेरी सम्झिइन्, 'म एक्ली ज्यान के तीज के दसैं र तिहार ?' धनसरीले तीज मनाउन नपाएको दुई वर्ष भयो। त्यसअघिका तीजमा गरेको रमाइलो र उमङ्ग उनलाई अहिले पनि सम्झना छ। 'माइती छँदा जस्तो तीज विवाहपछि भएन,' उनले सम्झना गरिन्, 'विवाह भइसकेपछि पनि नरमाइलो चाहिँ

होइन । सबै जना घरमा जम्मा हुन्थे, दर खाने र नाच्ने-गाउने हुन्थ्यो । सबै जना जम्मा भएर खाँदा सधैं खाने गरेको दालभात पनि अरू दिनभन्दा मिठो र स्वादिलो लाग्ने ।'

तीजको दिन वीरेन्द्रनगरको खुलामञ्चमा गएर झरीमा पनि धित मर्ने गरी नाचेको पनि उनलाई सम्झना छ । 'तीज आउनु केही दिनअघिदेखि नै साँझको घरधन्दा सकेर छरछिमेकका दिदीबहिनी जम्मा भएर खुब नाँच्थ्यौं,' उनले मनमा बसेको सम्झनाका पत्र खोल्दै गइन्, 'भाका हालेर गाइन्थ्यो, खुट्टा दुख्ने गरी नाचिन्थ्यो, वर्षदिनमा एकपटक आउने तीज नै त हो हामीलाई मन लागेजति उफ्रिन र नाच्न दिने ।'

विगतको सम्झनामा डुबिरहेका बेला उनलाई वर्तमानले झस्कायो, 'हामी दुखारीको कर्म, अहिले यो पालले ढाकेको झुपडीमा बस्न थालेको दुई वर्ष भयो । घर दिन्छौं जग्गा पनि दिन्छौं भन्थे, तर अहिलेसम्म केही पाइएन । आफै किन्नलाई पैसा छैन, छाक टार्नै धौधौ छ । आँशु बगाएर उहिलेको तीज सम्झनुबाहेक के छ र हाम्रो ?'

यतिबेला रङ्गीविरङ्गी कपडामा सजिएका महिला आँगन छेउबाट ओहोर-दोहोर गरेको देख्दा धनसरीको मुटुमा गाँठो पर्छ । आफूले विगतमा मनाएको तीज सम्झँदा उनका आँखामा बादल मडारिन्छ र छिनमै बर्सिन्छ । आफ्नै घर बनाएर आफन्तलाई भेला पारेर दर खुवाउँदै छमछमी नाच्ने धनसरीको रहर मरिसकेको छैन । धनसरीका लागि मात्र होइन, उनीजस्तै बाढीपीडित महिलाका लागि आँशु बनेर आयो यस वर्ष पनि तीज । सरकारले पुनर्वासमा ढिलाइ गरेपछि दुई वर्षदेखि अस्थायी शिविरमा बस्दै आएका महिलामा तीजको कुनै उमङ्ग छैन ।

शनिबार बिहान वीरेन्द्रनगरको महिला प्रशिक्षण केन्द्रस्थित अस्थायी शिविरमा पुग्दा धनसरीजस्तै साँझको छाक कसरी टार्ने भन्ने चिन्तामै थिइन् सरस्वती वली । उनलाई पनि रहर नभएको होइन, नयाँ लुगा लगाउन । मिठो खान । घरभरी आफन्त राखेर दर खुवाउन र नयाँ लुगामा कम्मर मर्काउँदै नाच्न । तर, इत्राम खोलाले खोसेको खुसी अहिलेसम्म फर्किन नसकेको बताउँछिन् उनी ।

'झुपडी नै भए पनि आफ्नै घरमा आफन्त बोलाएर दर खुवाउन र रमाइलो गर्न त मन छ नि हामीलाई पनि,' उनले रहर खोलिन्, 'रहर भएर मात्रै के गर्नु, हाम्रो रहर त सपनामै सीमित छन् ।'

दुई वर्षदेखि अस्थायी शिविरमा बस्दै आएका यहाँका बाढीपीडितका लागि हरेक वर्ष पीडा बनेर आउने गरेको छ तीज । जताततै तीजको रौनक छाएका बेला यी बाढीपीडितका घरपरिवारसमेत एक ठाउँमा छैनन् । पुरुषहरू प्रायः कमाउन भारततिर गएका छन् । शिविरमा प्रायः महिला मात्रै छन् । उनीहरू दिनभरी मजदूरी गरेरै जीविकोपार्जन गर्दै आएका छन् । छोरीचेलीलाई तीजको बेला घरमा बोलाएर दर खुवाउनसमेत नपाएको पीडा पोख्छन् उनीहरू ।

सुर्खेतका बाढीपीडितको पुनर्स्थापनाका नाममा सरकारले अहिलेसम्म ८ करोड खर्च गरिसक्दा पनि दुई सय बाढीपीडित परिवारको पुनःस्थापना हुन सकेको छैन । उनीहरू जिल्लाका विभिन्न शिविरमा बसिरहेका छन् । जिल्ला दैवी प्रकोप उद्धार समितिले ९ सय ७० घरपरिवार बाढीपहिरोका कारण विस्थापित भएको भन्दै सिफारिस गरेको थियो । दुई वर्ष अवधिमा ७ सयभन्दा बढी परिवारको पुनर्स्थापना भइसकेको दावी गरिएको छ । तर, विस्थापितमध्ये २ सयभन्दा बढी परिवार अझै अस्थायी शिविरमै छन् ।

दुई वर्षसम्म पनि बाढीपीडितको पूर्ण रूपमा पुनर्स्थापना हुन नसक्दा उनीहरूको जीवन सकसपूर्ण बनेको छ । शिविरको बासमा साँझ-बिहानको छाक टार्नै मुस्किल परेका बेला तीजले आफूहरूलाई रुवाएको बताउँछन्, पीडित महिलाहरू ।

साभार : सेतोपाटी, १९ भाद्र, २०७३



विमल थापा

# नमुना गाउँ : केराबारी गाँउ मञ्चको प्रयास

केराबारी गाउँ भूमि अधिकार मञ्च, नवलपरासीको दाउन्नेदेवी गाविस वार्ड नं २ केराबारी गाउँमा २०६४ मा गठन भएको सङ्गठन हो । विक्रम् सम्वत् २०३७ सालदेखि केराबारीमा बसोबास सुरुवात भएको हो र हाल ७२ परिवार छन् । यी मध्ये ४७ परिवार गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छन् । गाउँ मञ्चमा ९ महिला र ३८ पुरुष सदस्य छन् । गाउँबासीले करिव ६२ बिघा क्षेत्रफलको पर्ती जग्गा जोतभोग गरी त्यहिँ बसोबास गरी जीविका चलाउँदै आएका छन् । गाउँ मञ्चका अध्यक्ष निलबहादुर परिवार हुन् । र गाउँ मञ्चको बैठक हरेक महिनाको १० गते नियमित बस्ने गरेको छ ।

## भूमि समस्या

विक्रम् सम्वत् २०३३ मा खजुरा खोलाको किनारमा बसोबास सुरुवात भएको थियो । तत्कालिन सरकारले सुकुमबासीलाई जग्गा वितरण गर्ने कार्यक्रम ल्याएको हल्ला सुनिएपछि स्याङ्जा, कास्की तनहुँ, लमजुङ, धादिङ, पाल्पा र पर्वत जिल्लाबाट मानिसहरू यहाँ आई बसोबास थालेका थिए । त्यतीबेला सरकारले सुकुमबासीको छानवीन प्रक्रिया अघि बढाएको भएपनि यहाँको छानवीन गरिएन र पुर्जा वितरण गरिएन । त्यतिबेला छानवीनमा नपरेका धेरैजसो पहिले कै ठाउँमा फर्के भने ३६ परिवार भने त्यहीँ रहेको जङ्गलमा खेर गएको जमिनमा बसोबास थाले । पहाडमा पनि केही नभएकाहरू तराईं झरेपछि फर्केनन् । जो हालसम्म पनि यहिँ छन् । दाउन्नेदेवी गाविस २०३८ सालमा स्थापना हुँदा बस्ती विकास गर्न



सरकारले ग्रामीण आवास कम्पनीलाई जिम्मेवारी दिएको थियो। जमिन किन्नपर्ने अवस्था बन्यो। गरिब समुदायले किन्न सकेनन्।

यहाँ बस्ती बसेपछि नेपालमा १३ पटक सुकुमबासी आयोग बन्यो तर यहाँको बासिन्दाले जग्गाको स्वामित्व पाउन सकेनन्।

## सङ्घर्ष

केराबारीबासीले जग्गाको स्वामित्व पाउनको लागि लामो समयदेखि सङ्घर्ष गरेका थिए। कतिपय बेलामा त आन्दोलन दबाउन सरकारले गोलीसमेत चलायो। यसबाट ३ जना गोली लागि घाइते भएका थिए। भागदौड हुँदा पनि धेरै घाइते भएका थिए। तर पनि जग्गा सरकारले दिएन। यसरी अत्तालिएकाहरू आन्दोलनमा उत्रीन डराए।

विक्रम् सम्वत् २०५६ सालमा बनेको सुकुमबासी आयोगमा नवलपरासीमा सत्यनारायण खनाल अध्यक्ष भएका थिए। खनाल आयोगले केराबारीका ७८ घरपरिवारलाई जग्गाधनी पुर्जा वितरण गऱ्यो। यस्तो पुर्जा वितरण गर्दा फिल्डमा नगई कार्यालयमै कित्ताकट गरियो। त्यो पनि ३ कठ्ठा र ५ कठ्ठा सीमा राखेर। त्यसो गर्दा एउटाले जोतेको जग्गा अर्काको नाममा पुर्जा बन्न पुग्यो। ५५ परिवार गैरसुकुमबासीलाई पुर्जा दिइयो र गरिब बसिरहेको जग्गा रातारात अरूको हातमा पुग्यो। यस्तो जालसाझी गरियो वास्तविक सुकुमबासी छुट्न पुगे।

## सङ्घर्ष

आफूले जोतभोग गरिरहेको जग्गाको स्वामित्व लिनको लागि केराबारीबासी सङ्घर्षित छन्। लामो समयदेखि उनीहरू गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छन्।

यहाँको मुख्य सवाल चोरी तथा जालसाझी दर्ता हो। यस्तो प्रक्रियाबाट दर्ता भएको जग्गा बदर गरी जोतभोग गरिहेका वास्तविक किसानलाई लालपुर्जा दिन माग गरिएको हो। यसको लागि गाविसको कार्यालय हुँदै जिल्ला तथा केन्द्रीयस्तरमा समेत डेलिगेसन पटक पटक गइयो। मञ्चको निरन्तर दबाबपछि २०६८ साल चैत १० गते सर्वदलीय बैठक बसी गैरसुकुमबासीलाई वितरण गरिएको पुर्जा बदर गर्ने र वास्तविक सुकुमबासीलाई लालपुर्जा वितरण गरिन पहल गरिने निर्णय भयो। र यसको लागि सिफारिस पत्र सुकुबासी समस्या समाधान समिति जिल्लालाई पनि पठाइएको थियो। जिल्लामा पेश गरिएको निवेदन केन्द्रमा पठाउने भनेपनि पठाउनै नपाई आयोग ढल्यो। प्रक्रिया रोकियो। यसबारे भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पनि जानकारीसहित निवेदन पेश गरिएको छ।

मञ्चले पुर्जा लिनको लागि सजिलो हुने भएकाले जोतभोगको आधारमा गाविसको कार्यालयबाट जोतभोगको प्रमाण/आधार पत्र वितरण गर्नको लागि पलह गरिरहेको छ। यसको लागि स्थानीयस्तरमा सर्वदलीय निर्णय पनि भइरहेको छ। यसको लागि सुकुमबासीलाई जोतभोग गरेको जग्गाको क्षेत्रफलसहितको आधार पत्र लिनको लागि किसानहरू सङ्घर्ष गरिरहेका छन्। गाविसले यो माग सुनुवाई नगरेपछि मञ्चले सङ्घर्षपूर्ण अभियान गरिरहेका छ।

## खेर गएको जग्गा उपयोग

जमिनको माया गर्ने केराबारी गाउँबासी नजिकै रहेको बाँझो जमिनको उपयोगमा तल्लिन छन्। १५ बिघा क्षेत्रफलको वन क्षेत्रको जमिन १० वर्षका लागि लिखित सम्झौता गरी लिई खेती गरिरहेको छ। यसको लागि इलाका वन कार्यालयले ८ हजार डालेघाँसका विरुवा सहयोग गऱ्यो। ३ बिघामा बेसार खेती गरियो। १२ बिघा जमिनमा डालेघाँस लगाइएको छ। २ वर्षभयो जमिनको उपयोग गर्न थालिएको। हाल २२ घरले भौसी पालेका छन्। तेत्तिकै सङ्ख्यामा बाख्रा पालन पनि छन्। यसको लागि केन्द्रीय सामुदायिक संस्थाले पनि सहयोग गरिरहेका छ। जग्गाको उपयोग गरी डालेघाँसको खेती गरिरहेकाले पशुपालनमा ठूलो सहयोग मिलेको छ भने घाँसपात नजिकै र सजिलै गर्न पाएकाले महिलाहरूको कार्यबोझ पनि घटेको छ। गाउँ मञ्चकै पहलमा गाविस, सामुदायिक वन, संस्थाहरू सदस्यहरूबाट सहयोग सङ्कलन गरी कूल १ लाख ५० हजार रुपियाँ जम्मा गरी पोखरी निर्माण गरी पम्पसेट जडान गरिएको छ। यसले सिँचाइ गर्नको लागि धेरै सजिलो भएको छ।

## आत्मनिर्भर कृषि सहकारी

केराबारी गाउँ भूमि अधिकार मञ्चले आफ्ना सदस्यहरूको आर्थिक उन्नतीको प्रयत्नलाई सङ्गठित र व्यवस्थित बनाउन सहकारी गठन गरी अगाडि बढेको छ। सहकारीमा ४९ सदस्य सङ्गठित छन्। प्रत्येक सदस्यले मासिक रुपियाँ ५० गर्छन्। सहकारीमा १ लाख ३३ हजार १ सय रुपियाँ बचत पूँजी भएको छ। सहकारीले सदस्यको आर्थिक वृद्धि गर्ने मुख्य उद्देश्य राखेको छ। हालसम्म ३२ सदस्यले ऋण लगी बाख्रा पालनको लागि लगानी गेरका छन्। र केहीले तरकारी खेती पनि गरिरहेका छन्।

## अन्तमा,

गाउँ भूमि अधिकार मञ्च गठन भएपछि यसप्रति केराबारीबासीको चिन्ता धेरै कम भएको छ। उठीबास हुनुपर्ने चिन्तामा रहेका उनीहरू भूमि अधिकार मञ्चमा सङ्गठित शक्ति छ भन्ने विश्वास गर्छन्। साथै गाउँ मञ्चका सदस्यहरू आयआर्जनका कार्यक्रमहरूमा पनि सङ्लग्न भएका छन्। केरावारी गाउँ भूमि अधिकार मञ्च नमुना गाउँ मञ्च बनाउनको लागि अभियान थालिएको छ। सुकुमबासी बस्तीमा पूर्वाधारहरू क्रमशः बन्दै गएका छन्। सबैतिरबाट सहयोग पनि जुट्दै गएको छ। र सबै सदस्य अहिले खुसी पनि देखिएका छन्। ✿

**भूमि सुधारको लागि राष्ट्रिय सम्वाद अभियानअन्तर्गत राष्ट्रिय भूमि अधिकार मञ्चको टोलीले गरेको अभियानको केही झलक**



नेपाली काँग्रेस पार्टी कार्यालय, सानेपा, ललितपुर ।



नेकपा एमाले पार्टी कार्यालय, धुम्बाराही, काठमाडौं ।



नेकपा माओवादी केन्द्र, पार्टी कार्यालय, पेरिसडाँडा ।



मधेसी जनअधिकार फोरम लोकतान्त्रिक पार्टी कार्यालय, तीनकुने, काठमाडौं ।